*बालमैत्री स्थानीय शासन प्रवर्द्धनका लागि*

# पालिकास्तरीय बालबालिकाको वस्तुस्थिति विवरण

## २०७७

## गुराँस गाउँपालिका

रानिमत्ता, दैलेख

कर्णाली प्रदेश, नेपाल

*बालमैत्री स्थानीय शासन प्रवर्द्धनका लागि*

# पालिकास्तरीय बालबालिकाको वस्तुस्थिति विवरण
# २०७७

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

# गुराँस गाउँपालिका

दैलेख, कर्णाली प्रदेश, नेपाल

**प्रकाशक** :
गुराँस गाउँपालिका, दैलेख
कर्णाली प्रदेश, नेपाल
इमेल : gurans.rmp@gmail.com

**सर्वाधिकार** :
गुराँस गाउँपालिका, दैलेख

**प्रकाशन मिति** : **२०७७**

**सम्पादन** :
निर्मल अधिकारी(बालअधिकार तथा बालसंरक्षण संयोजक), सोसेक नेपाल दैलेख

**विश्लेषण संयोजन** :
डम्बर बहादुर रोकाय (बाल अधिकार अधिकृत)

**विवरण संकलन तथा सहयोगी** :.....................................................

**सल्लाहकार** :
नवराज बि.सि. (कार्यक्रम निर्देशक ), सोसेक नेपाल दैलेख

**सहयोग तथा साझेदारी** :
सेभ द चिल्ड्रेन र सामाजिक सेवा केन्द्र (सोसेक) नेपाल, दैलेख

**मुद्रण** :
भवानी छापाखाना, वीरेन्द्रनगर-६, सुर्खेत

# गुरॉस गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
# रानिमत्ता,दैलेख

## दुई शब्द ......................................

गुरॉस गाउँपालिकामा निर्वाचित जनप्रतिनिधिकोरूपमा वहाल हुने वित्तिकै हाम्रो सहभागितामा सम्पन्न गाँउ सभामा हामीले शहीदको सपनाको कसम खांदै हाम्रो गन्तव्यको रूपमा केही प्राथमिकताका क्षेत्र पहिल्याएको सगौरव स्मरण गर्दछौं ।

विगतको शासन प्रणालीले केन्द्रीकृत गरेको शासकीय अधिकार, जिम्मेवारी, श्रोत साधन, सेवा र अवसरहरू वास्तविक लक्षित वर्ग सम्म पुर्‍याउनका लागि अगुवाई गर्ने हाम्रो प्रारम्भिक जिम्मेवारी थियो । यसका लागि हामीले संवैधानिक व्यवस्था, स्थापित मूल्य मान्यता र गुरॉस गाउँपालिकाको वस्तुगत अवस्थालाई केलाउंदै दीगो र समावेशी विकास मार्फत गुरॉस गाउँवासीहरूको जीवनलाई समृद्ध वनाउने विभिन्न रणनीति समेत पहिल्याउने प्रयास गर्‍यौ । दीगो र समावेशी विकासको आधार वाल अधिकार हो भन्ने हाम्रो मान्यता रहर्‍यो ।

गुरॉस गाउँपालिका भित्रका बालबालिकाको जीवन र अधिकारको सुरक्षा गर्नका लागि गुरॉस गाउँपालिकालाई वालमैत्री वनाउने सिलसिलामा गुरॉस गाउँपालिकामा वालमैत्री स्थानीय शासन संस्थागत गर्न अपरिहार्य भएकाले वालवालिकाको अधिकार, आवाज र छनौटलाई केन्द्र विन्दुमा राख्दै हामीले गाउँपालिकाका अध्यक्षसंग वालवालिका कार्यक्रम स्वीकृत गरी कार्यान्वयन गर्ने शंकल्प गर्‍यौ र विभिन्न क्रियाकलापहरूमा हामी केन्द्रीत रहयौं ।

अन्तर्राष्ट्रिय रूपमा विभिन्न नीति, सन्धी संझौता तथा दीगो विकास लक्ष्यको पक्षधर बन्दै पन्ध्रौं योजनाको आधारपत्र जस्ता आवधिक योजनाहरूमा अन्तरनिहीत मर्म र दिशावोध तथा योजनाका साथ नेपाल हिंडीरहेको भए पनि बालबालिकाको अवस्थामा अझै आशातीत परिवर्तन भएको छैन ।

कमजोर शिक्षा, स्वास्थ्य, पोषण, अपर्याप्त जीवन उपयोगी शीप, सूचना र प्रतिष्पर्धी क्षमता, सुरक्षा, सहभागिता, सामाजिक सरोकार र स्नेह जस्तैः बालविवाह बहु विवाह, बालश्रम, वेचविखनको जोखिम, वाल विज्याई वाल अधिकारको सुनिश्चितताका वाधक हुन भन्ने तथ्यलाई मध्यनजर राखी प्रकाशन गरिएको यस बालबालिकाको बस्तुस्थिती विवरणमा अपर्याप्तता हुन सक्छ । यो पुस्तकका कमी कमजोरीहरूमा हामी सुधारको लागि रचनात्मक सुझावको अपेक्षा गर्दछौ ।

अन्त्यमा यो बालबालिकाको बस्तुस्थिती विवरण तयारीमा विविध सूचना तथा जानकारी उपलब्ध गराउनुका साथै सहयोग गर्ने गाउँपालिकाका कर्मचारीहरू, सामाजिक सेवा केन्द्र (सोसेक) नेपाल दैलेख र सेभ द चिल्ड्रेन लाई धन्यवाद दिन चाहान्छु । साथै यो वस्तुगत विवरण विश्लेषण, संयोजन, लेखन तथा सम्पादन गरी पुस्तकको रूपमा तयार गर्न सहयोग गर्ने सामाजिक विकास मन्त्रालय कर्णाली प्रदेशका बाल अधिकार अधिकृत डम्बर वहादुर राकोय र सामाजिक सेवा केन्द्रका बालसंरक्षण संयोजक निर्मल अधिकारीप्रति हार्दिक आभार प्रकट गर्दछौ । आगामी वर्षहरूमा अझ परिष्कृत रूपमा बालबालिकाको वस्तुस्थिति विवरण यहाँहरू समक्ष निरन्तर ल्याउने प्रतिवद्धता पनि व्यक्त गर्दछौं ।

..............................
खेमराज ओली
अध्यक्ष

गुराँस गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रानिमत्ता,दैलेख

# प्रकासकीय.............................................

नेपालको संविधान २०७२ ले बालबालिका सम्बन्धी व्यवस्था गरेका हक अधिकारको संरक्षण गर्नका लागि बालबालिका सम्वन्धी ऐन, २०७५ बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति कार्यान्वयन कार्यविधि २०६८ का सिदान्त तथा कार्यप्रक्रियार बालमैत्री स्थानीय शासन रणनीति २०७४ ले अवलम्वन गरेका रणनीतिका आधारमागुराँस गाउँपालिकास्तरीय बालबालिकाको स्थिति प्रतिवेदन २०७७ प्रकाशन गरिएको छ । गाउँपालिकामा संकलित सूचना, तथ्याङ्क, तथा विवरणहरूलाई समयोजन, प्रशोधन र विश्लेषण गरी यस "बालमैत्री स्थानीय शासन प्रवर्द्धनका लागि पालिकास्तरीय बालबालिकाको वस्तुस्थिति विवरण" को प्रथम पटक प्रकाशन गरिएको छ ।

गुराँस गाउँपालिकाले संकलित सूचना, बाल अधिकारको संरक्षण, सम्वर्द्धन, प्रवर्द्धन तथा बहाली गर्न, गराउन सरकारी तथा गैर सरकारी संघ संस्था, विकास साझेदार संस्था र स्थानीय निकायबाट समेत क्षेत्रगतरूपमा विभिन्न र्काक्रमहरू संचालन भई रहेका छन् । कार्यक्रमको प्रभावकारी कार्यन्वयनका साथै उपलब्धीहरूको मूल्याङ्कन गर्न, कार्यगत एकतामा समन्वय गर्न र नेपाल सरकार र प्रदेश सरकारले गरेका बाल अधिकार प्रर्वधनका लागि गरिएका प्रतिवद्धता अनुरूप तथ्याङ्क संकलनको लागि सजिलो होस् भन्ने अभिप्रायाले गाउँपालिका स्तरमा बालबालिकाको वस्तुस्थिति विवरण तयार गर्न र सो को प्रकाशन बालमैत्री स्थानीय शासनको नतिजा मापन गर्न सहज हुने देखिन्छ । बालबालिकाहरूको संरक्षणका सवालहरू समाधान गर्नको लागि स्थानीय तहमै आवश्यकताको पहिचान र सम्भावना खोजी बस्तीस्तरबाटै हुँदा त्यो दिगो, उपलब्धिमूलक र स्थायी हुन्छ । यस पुस्तकमा बालबालिका सम्वन्धी कार्यका संस्थागत प्रयासहरूको सूचनाहरूलाई तथ्याङ्कीय र विश्लेषणात्मक ढंगबाट समीक्षा गरी नीति निर्माण र कार्यक्रम कार्यान्वयनको लागि सूचनाका विविध पक्षहरूका साथै अबका सम्भावित चुनौति तथा समस्याहरूको आँकलन समेत गरिएको छ । यो पुस्तक बालबालिकाको समग्र क्षेत्रको गहन अध्ययन, विश्लेषणको लागि शुरूवात हो । यो नै सम्पूर्ण होइन तर आरम्भको विन्दु भने पक्कै हो भन्ने विश्वास हामीले लिएका छौं ।

"बालमैत्री स्थानीय शासन प्रवर्द्धनका लागि पालिकास्तरीय बालबालिकाको वस्तुस्थिति विवरण" संग जोडिएका सम्पूर्ण पक्ष तथा कार्यहरू सफल वनाउन अथक प्रयास गर्ने सामाजिक सेवा केन्द्र (सोसेक) नेपाल दैलेखका बालसंरक्षण संयोजक निर्मल अधिकारी लगायत बालबालिकाकासँग सरोकार राख्ने सम्वन्धित सबैमा हार्दिक आभार व्यक्त गर्दछौं र अगामी दिनमा पनि साथ र सहयोगको निरन्तरताको अपेक्षा गरेका छौ । अन्त्यमा फेरि पनि यस वस्तुस्थिति विवरण प्रकाशनार्थ सहयोग गर्नु हुने सबैमा कृतज्ञाता अपर्ण गर्दै आगामी वर्षहरूमा अझ बढी परिष्कृत रूपमा बालबालिकाको वस्तुस्थिति विवरण यहाँहरू समक्ष निरन्तर ल्याउने प्रतिवद्धता व्यक्त गर्दछौं ।

नन्दराम चौलागाई
प्रमुख प्रशासकीय अधिकृत

# विषयसुचि


| | | |
|---|---|---|
| खण्ड १ : | प्रारम्भिक | १ |
| १.१ | सामान्य पहिचान : | १ |
| १.२ | भौतिक पहिचान | २ |
| १.३ | हावापानी तथा भू उपयोग | २ |
| १.४ | सामाजिक विशेषता | ३ |
| १.५ | आर्थिक अवस्था र रूपान्तरित सोच | ३ |
| १.६ | प्रमुख व्यवसाय तथा रोजगारी अवस्था | ४ |
| १.७ | दैनिक कार्य घण्टा विवरण रमहिला, पुरूष) | ५ |
| १.८ | कोभिड १९ को सन्दर्भ | ५ |
| १.९ | विकासका सम्भावना, अवसर, चुनौती र समस्याहरू | ५ |
| १.१० | विकासकाविषयगत सम्भावनार अवसरको विश्लेषण | ६ |
| १.११ | समग्र अवसरहरू | ९ |
| १.१२ | प्रमुख समस्या एवं चुनौतीहरू | १० |
| खण्ड २ : | वालमैत्री स्थानीय शासन र वालवालिकाको अवस्था | ११ |
| २.१ | बालमैत्री स्थानीय शासनको अवधारणा र कार्यक्षेत्र | ११ |
| २.२ | बालमैत्री स्थानीय शासनको उद्देश्य | १२ |
| २.३ | तीतो सत्यका रूपमा वालवालिकाको अवस्था सम्वन्धी केही वास्तविकता | १२ |
| २.४ | नेपालमा बालमैत्री स्थानीय शासनको थालनी | १४ |
| २.५ | लक्ष्य, नीति, योजना र कार्ययोजना: | १५ |
| २.६ | बालमैत्री स्थानीय शासनको महत्व | १५ |
| २.७ | बालबालिकाको परिभाषा तथा बालमैत्री स्थानीय शासन व्यवस्थाको आवश्यकता | १६ |
| २.८ | बालमैत्री स्थानीय शासनको आवश्यकता | १७ |
| २.९ | बालमैत्री स्थानीय शासनका सबल पक्ष, चुनौती र अबसरहरू | १८ |
| २.१० | वालवालिकाको अधिकार र जीवन संग सम्वन्धित प्रमुख प्राथमिकताका सवालहरू | २२ |
| खण्ड ३ : | वालवालिका सम्वन्धी कानून | २५ |
| ३.१ | विद्यमान ऐन नियममा बालबालिका सम्बन्धी भएको व्यवस्था | २५ |
| ३.२ | नेपालको संविधान | २५ |
| ३.३ | बालबालिका सम्वन्धी ऐन, २०७५ | २६ |
| ३.४ | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ | २६ |
| ३.५ | मुलुकी अपराध संहिता ऐन, २०७४ | २७ |
| ३.६ | मुलुकी देवानी संहिता ऐन, २०७४ | २७ |
| ३.७ | श्रम ऐन, २०७४ | २७ |

| | | |
|---|---|---|
| ३.८ | मानव अधिकार आयोग ऐन, २०६८ | २७ |
| ३.९ | बालश्रम रनिषेध र नियमित गर्ने) ऐन, २०५६ | २८ |
| ३.१० | मानव बेचविखन र ओसारपसार रनियन्त्रण) सम्बन्धी ऐन ,२०६४ | २८ |
| ३.११ | वालवालिका सम्वन्धीनीति, मापदण्ड, रणनीति तथा योजना | २८ |
| ३.१२ | आवधिक योजनामा बालबालिका सम्वन्धी व्यवस्था | २९ |
| ३.१३ | दीगो विकास लक्ष्यहरू | ३१ |
| ३.१४ | जिल्ला, गाउँपालिका तथा गाउस्तरीय योजनामा बालबालिका सम्बन्धी भएको व्यवस्था | ३१ |
| ३.१५ | बाल अधिकार र बाल बचाउ, बाल संरक्षण, बाल विकास, बाल सहभागिता) | ३२ |
| ३.१६ | बालमैत्री स्थानीय शासनका उद्देश्यहरू | ३४ |
| ३.१७ | बालमैत्री स्थानीय तहको अवधारणा | ३४ |
| ३. १८ | बालमैत्री स्थानीय शासनको कार्यक्षेत्र | ३५ |
| ३.१९ | बालमैत्री स्थानीय शासन कार्यक्रमका साझेदार तथा सहयोगी संस्थाहरू | ३५ |
| ३.२० | बालमैत्री स्थानीयशासन | ३८ |
| ३.२१ | गुरांश गाउंपालिकामा बालमैत्री स्थानिय शासनका रणनीति तथा कार्यनीतिहरू | ३९ |
| खण्ड ४ : | वालवालिकाको वस्तुस्थिति विवरण | ४३ |
| ४.१ | उमेर समूह तथा लिंगको आधारमा वालवालिकाहरू | ४३ |
| ४.२ | जातिगत अनुसार बालबालिका | ४४ |
| ४.३ | जनसंख्या र जनसंख्या बृद्धिदर | ४५ |
| ४.४ | बाल विवाहको अवस्था | ४५ |
| ४.५ | जन्म दर्ताको अवस्था | ४७ |
| ४.६ | बाल तथा मातृ स्वास्थ्य | ४८ |
| ४.७ | सुरक्षित मातृत्व कार्यक्रम | ४८ |
| ४.८ | खोप लगाउने बालबालिकासम्बन्धी विवरण | ४९ |
| ४.९ | बालबालिकामा पोषणको स्थिति | ४९ |
| ४.१० | बालबालिकामा देखा पर्ने गरेका मुख्य रोगहरू र तिनको उपचार व्यवस्था | ५० |
| ४.११ | परिवार नियोजनको साधन प्रयोगकर्ताको विवरण | ५० |
| ४.१२ | प्रसूती पूर्व चार पटक र प्रशूति पश्चात आमा र नवजात शिशुको कम्तिमा २ पटक स्वास्थ्य परीक्षण गराउने गर्भवती महिलाहरूको विवरण | ५१ |
| ४.१३ | दक्ष जनशक्तिबाट सुत्केरी गराउने महिलाहरूको विवरण | ५१ |
| ४.१४ | नियमित रूपमा तौल लिइएका बालबालिका सम्बन्धी विवरण | ५१ |
| ४.१५ | भिटामिन ए तथा जुकाको औषधि खाएका बालबालिकासम्बन्धी विवरण | ५२ |
| ४.१६ | आयोडीनयुक्त नुनको प्रयोग गर्ने घरपरिवारसम्बन्धी विवरण | ५२ |
| ४.१७ | सार्वजनिक तथा नीजि चर्पी र सरसफाईसम्बन्धी विवरण | ५२ |

| | | |
|---|---|---|
| ४.१८ | गुराँस गाउँपालिकाको बाल क्लवहरूको विवरण : | ५३ |
| ४.१९ | शैक्षिक अवस्था | ५६ |
| ४.२० | विद्यालयमा अध्ययनरत छात्रछात्राको विवरण | ५८ |
| ४.२१ | विद्यार्थी भर्ना दर | ५८ |
| ४.२२ | कक्षा दोहोऱ्याउने विद्यार्थी सम्बन्धी विवरण | ५९ |
| ४.२३ | बाल विकास केन्द्र वा पूर्व प्राथमिक विद्यालयको विवरण | ६२ |
| खण्ड ५. | बाल संरक्षण | ६३ |
| ५.१ | द्वन्द पीडित तथा जोखिममा परेका बालबालिकासम्बन्धी विवरण | ६३ |
| ५.२ | विस्थापित बालबालिका सम्बन्धी विवरण | ६५ |
| ५.३ | बालश्रमिक सम्बन्धी विवरण | ६५ |
| ५.४ | बाल यौन शोषण तथा बेचविखनसम्बन्धी विवरण | ६६ |
| ५.५ | सडम बालबालिका विवरण | ६६ |
| ५.६ | कुलतमा लागेका बालबालिकाको विवरण | ६६ |
| ५.७ | उमेर समूह अनुसार मृत्यु हुने गर्भवती महिला तथा बालबालिकाको विवरण | ६७ |
| ५.८ | खाद्यान्न संकटमा परेका बालबालिकाको विवरण | ६७ |
| ५.९ | संस्थागत हेरचाहमा रहेका बालबालिका सम्बन्धी विवरण | ६७ |
| ५.१० | बाल अपराधको विवरण | ६८ |
| खण्ड ६ | आर्थिक विकास | ६९ |
| ६.१ | पेशा तथा रोजगारीको अवस्थासम्बन्धी विवरण | ६९ |
| ६.२ | युवा रोजगारीको अवस्थासम्बन्धी विवरण | ७० |
| ५.३ | रोजगारीका लागि विदेशमा गएकाहरूको विवरण | ७० |
| ६.४ | दैनिक कार्य घण्टा विवरण र (महिला, पुरूष) | ७१ |
| ६.५ | प्रकोप तथा शान्ति सुरक्षा | ७१ |
| ६.६ | प्रकोपको स्तरीकरण | ७२ |
| ६.७ | प्रकोपबाट भएको क्षतिको विवरण | ७३ |
| तालिका | | |
| तालिका १ | उमेर समूह तथा लिंगको आधारमा वालवालिकाहरू | ४५ |
| तालिका २ | जातिगत अनुसार बालबालिका | ४५ |
| तालिका ३ | वडा अनुसार घरधुरीको विवरण | ४५ |
| तालिका ४ | वडागतरूपमा विवाहको अवस्था | ४६ |
| तालिका ५ | वडा अनुसार बालविवाह गर्नेको संख्या | ४६ |
| तालिका ६ | जन्म दर्ताको अवस्था | ४७ |
| तालिका ७ | खोप लगाउने बालबालिकासम्बन्धी विवरण | ४९ |

| | | |
|---|---|---|
| तालिका ८ | वालवालिकालाई लाग्ने रोगहरू वडागत | ५० |
| तालिका ९ | भिटामिन ए तथा जुकाको औषधि खाएका बालबालिकासम्बन्धी विवरण | ५२ |
| तालिका १० | गुराँस गाउँपालिकाको बाल क्लवहरूको विवरण | ५३ |
| तालिका ११ | जात जातिगत अनुसार बाल क्ल्वमा बालबालिकाको सहभागिता | ५६ |
| तालिका १२ | कक्षा सञ्चालन भएका शैक्षिक संस्थाहरू | ५७ |
| तालिका १३ | विद्यालयमा अध्ययनरत  छात्रछात्राको विवरण | ५८ |
| तालिका १४ | विद्यालयमा खानेपानी तथा शौचालयको व्यवस्था | ५९ |
| तालिका १५ | विद्यालय, जान लाग्ने समय | ६१ |
| तालिका १६ | प्रारम्भिक बाल विकास केन्द्र वा पूर्व प्राथमिक विद्यालयको विवरण | ६२ |
| तालिका १७ | जोखिममा रहेका बालबालिकाको विवरण | ६३ |
| तालिका १८ | जोखिममा रहनुको कारण | ६४ |
| तालिका १९ | रोजगारी सम्बन्धी विवरण | ६९ |
| तालिका २० | युवा रोजगारीको अवस्थासम्बन्धी विवरण | ७० |
| तालिका २१ | रोजगारीका लागि विदेशमा गएकाहरूको विवरण | ७० |
| तालिका २२ | प्रकोपको स्तरीकरण | ७३ |
| तालिका २३ | प्रकोपबाट भएको क्षतिको विवरण | ७३ |
| चित्र | | |
| चित्र १ | प्रतिशतका आधारमा विवाहको अवस्था | ४७ |
| चित्र २ | महिला तथा बालबालिकाको साक्षरता विवरण | ५६ |
| चित्र ३ | लेखपढ गर्न नसक्ने/ निरक्षर | ५७ |
| चित्र ४ | तह अनुसारको शैक्षिक अवस्था | ५७ |
| २ | सन्दर्भ सामग्रीहरू | ७५ |

# पालिकास्तरीय बालबालिकाको वस्तुस्थिती विवरण

## खण्ड १ : प्रारम्भिक

## १. गाउँपालिकाको परिचयः

### १.१ सामान्य पहिचान :

दैलेख जिल्लाको पर्यटकीय स्थलको रुपमा रहेको गुराँस गाउँपालिका, कर्णाली प्रदेशको राजधानी सुर्खेतबाट २५ किति को दुरीमा रहेको छ । तत्कालिन, वराह, सेरी, खड्कवाडा, गोगनपानी, पिलाडी, लालिकाँडा गाविसहरुलाई जोडेर हालको गुराँस गाउँपालिकाको निर्माण गरिउको हो । हेर्दा नेपालको नक्शा जस्तो देखिने गुराँस गाउँपालिका समुन्द्रीसतहबाट सबै भन्दा कम ५४४ मिटरमा रहेको वडा नं २ स्थित तल्लो डुङ्गेश्वर प्रसिद्ध कर्णाली नदीको किनारमा कर्णाली राजमार्गमा अवस्थित छ भने सबैभन्दा उचाई रहेको वडा नं ७ स्थित मालिका कोप्ची जाजरकोट जिल्लाको सिमानामा रहेको छ । करिब १६४.७९ वर्ग किलोमिटर क्षेत्रफल रहेको गुराँस गाउँपालिका व्यवसायीक आलु तथा तरकारी उत्पादन र पर्यटनको कारणले प्रख्यात रहेको छ । यस गाउँपालिकामा गुराँस फुलको मनमोहक दृष्य र चिसो हावापानीका साथै व्यवसायीक र मनोरञ्जनको उद्धेश्यले वर्षेनी हजारौ आन्तरिक तथा वाह्य पर्यटकहरु आउने गर्दछन । गुराँस गाउँपालिकामा संचालित सबैजसो होटेलहरु लोकल कुखुरा कर्णा३ली तथा लोहोरे खोलाको माछा र स्थानीय खानेकुराको कारणले भरिभारउ हुने गरेको पाइन्छ । यहाँको बार्षिक औषत तापक्रम २५ डिग्री सेल्सीयस देखि ३५ डिग्री सेल्सीयस सम्म रहेको छ । कर्णाली प्रदेशको राजधानीबाट प्रदेशका अन्य पहाडी र हिमाली जिल्लाहरुमा जानको लागि मुलद्धारको रुपमा रहेको गुराँस गाउँपालिका कृषि, पशुपंक्षी, वन जडीबुटी, पर्यटन तथा साना अन्य उद्योगहरुको लागि उपयुक्त स्थान रहेको छ ।

नेपालको आर्थिक तथा सामाजिक विकासमा कृषि, पशुपंक्षी तथा अन्य घरेलु तथा साना उद्योग व्यवसायकको अग्रणी भूमिका रहेको छ । औद्योगिकीकरणको गति मन्द रहेकोले यहाँको कृषि तथा पशु व्यवसाय नै आर्थिक विकासको मुख्य आधार क्षेत्र हो । यस गाउँपालिकामा कृषि तथा पशुपंक्षी व्यवसायमा (९२.३३) प्रतिशत अत्यधिक जनसंख्या संलग्न रहेको छ । पढेलेखेका विपन्न र साधारण लेखपढ गर्ने व्यक्तिले पनि सहज रुपमा कृषि, पशुपंक्षी तथा अन्य साना उद्योग व्यवसाय अगाल्न सक्ने भएकाले यो व्यवसायलाई व्यवस्थि तगर्न जरुरी छ । हाल रहेको मिश्रित व्यवसायीकि प्रणालीले कृषि, पशुपंक्षी, वन, जडिबुटी पर्यटन तथा साना व्यवसायको विकास र विस्तार हुन नसकेको अवस्था देखिन्छ ।

यस गाउँपालिकामा गुराँस फुलको मनमोहक दृश्य र चिसो हावापानीका कारण मनोरञ्जनको उदेश्यले वर्षेनी हजारौ आन्तरिक र वाह्य पर्यटकहरु आउने गर्दछन् । यहाँ संचालित सवै प्रायाजसो होटेलहरुमा स्थानीय कुखुरा, कर्णाली तथा लोहरे खोलाको माछा र स्थानीय

उत्पादित खानेकुराको उपभोग गर्न ग्राहकहरु भरीभराउ हुने गरेका देखिन्छन् । कर्णाली प्रदेशको राजधानीबाट प्रदेशका अन्य पहाडी र हिमाली जिल्लाहरुमा जानको लागि मुलद्वारको रुपमा रहेको गुराँस गाउँपालिका कृषि, पशुपंक्षी,वन,जडीबुटी,पर्यटन तथा साना अन्य उद्योगहरुको लागि उपयुक्त र सम्भाव्य स्थान रहेको छ ।

दीगोआर्थिक विकास विकासमा कृषि, पशुपंक्षी तथा अन्य घरेलु तथा साना उद्योग व्यवसायको अग्रणी भूमिका रहेको छ । औद्योगीकरणको गती मन्द रहेकोले यहाँको कृषि तथा पशुपालन व्यवसाय नै आर्थिक विकासको मूख्य आधार क्षेत्र हो । पढेलेखेका, विपन्न र साधारण लेखपढ गर्ने व्यक्तिले पनि सहज रुपमा कृषि, पशुपंक्षी तथा अन्य साना उद्योग व्यवसाय अंगाल्न सक्ने भएकोले यो व्यवसायलाई व्यवस्थित गर्न जरुरी छ । हाल रहेको मिश्रित व्यावसायिक प्रणालीले कृषि, पशुपंक्षी, वन, जडीबूटी पर्यटन तथा साना व्यवसायको विकास र विस्तार हुन नसकेको परिप्रेक्ष्यमा स्थानीय जनताको समृद्धिका लागि स्थानीय सरकारको रुपमा गाउँपालिकाको अगुवाईमा अवको विकास र शासनलाई दीगो र समावेशी वनाउने प्रयासहरु आरम्भ भएका छन् ।

## १.२ भौतिक पहिचान

प्राकृतिक दृष्टिकोणले आफ्नै विशेषता रहेको यो गाउँपालिका दैलेख जिल्लाका स्थानीय तहहरु मध्य समुन्द्रीसतहबाट सवै भन्दा कम ५४४ मिटरमा अवस्थित रहेको अवस्था छ । यहाँ विभिन्न किसिमका जातजाती बसोबास गर्दछन । यहाँका ९२.३३ प्रतिशत मानिसहरु कृषि पेशामा संलग्न छन् । करिव १६४.७९ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको गाउँपालिका हावापानीको दृष्टिकोणले मानव अनुकुल देखिन्छ । यस गाउँपालिकाको औषत तापक्रम २५ डिग्री सेल्सीयस देखि ३५ डिग्री सेल्सीयस सम्म रहेको छ । । माटोको वनावट र उर्वराशक्ति हेर्दा पिलाडीमा कालो र रातो चिम्ट्याईलो माटो पाइने हुँदा कृषिको लागि ज्यादै उपयुक्त देखिन्छ । प्राकृतिक श्रोतले सम्पन्न र विभिन्न प्रकारका भौगर्भिक खनिज पदार्थ, प्रशस्त मात्रामा वनजङ्गल र पर्यटन प्रवर्द्धनका लागि प्रचुर सम्भावना रहेको छ ।

## १.३ हावापानी तथा भू उपयोग

गुराँस गाउँपालिकामा चिसो गर्मि तथा मध्यम प्रकारको हावापानी रहेको छ । यहाँ नदिको किनारा तथा तल्लोभागमा केही गर्मि हुने र माथिल्लो भागमा केही जाडो हुने गर्दछ । यहाँको केही क्षेत्रमा अग्ला लेख भए पनि जनजिवन त्यति कष्टकर भने हुदैन । वषन्त ऋतुमा हरियाली देखिन्छ । लमतन्न परेका डाडाहरुमा लहरै लागेर गुराँस फुलेका हुन्छन् । गुरास हेर्न आउनेहरुको पनि कमि हुदैन् त्यसै गरी काफल खाने र काफल हेर्नेको पनि तेतीकै मानिसहरुको आगमन हुन्छ । यस वडाको तल्लो भूभागमा पहिरो र भूक्षयको सम्भावना भए पनि त्यति धेरै जोखिम रहेको देखिदैन । अधिकाँस भूभागमा सिचाई सुविधा भएका कारण

जग्गाको सदुपयोग गरेको देखिन्छ । परम्परागत खेती प्रणालीबाट यहाँका किसानहरु अहिले वेमौसमी तरकारी खेतीप्रति आकर्षित भएका छन् । जलवायु परिवर्तन र त्यसको असर न्यूनिकरण गर्ने संस्थागत एवं विशेष कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने देखिन्छ ।

## १.४ सामाजिक विशेषता

राष्ट्रिय जनगणना २०६८ का अनुसार यस क्षेत्री १०५८७ (४८.१७%) ब्राह्मण ६७७ (३.१%), ठकुरी २३२२ (१०.५%) सन्यासी दशनामी १६८ (०.८%), दलित ५४८७ (२४.९%), जनजाति २६८७ (१२.२%) र अन्य १०५ (०.५%) जनसंख्या रहेको छ । छुवाछुत, छाउपडी, धामीझाँक्री प्रथा, अन्धविश्वास जस्ता सामाजिक कुरितिहरुमा विस्तारै कमि आउदैछ । यहाँको सामाजिक रीतिरिवाज र चाड पर्वमा बडा दशै, तिहार, चैते दशै, साउने संक्रान्ति, कात्तिक पैठ, होली, छैटी आदि रहेका छन् । यस वडामा पुरुषहरुले दौरा, सुरुवाल, कोट, टोपी र महिलाहरुले गुन्यू, चोलो भेषभूषाका रुपमा लगाउँने गर्दछन् ।

## १.५ आर्थिक अवस्था र रुपान्तरित सोच

यस गाउँपालिकामा दैलेख जिल्लाका अन्य स्थानीयतहको तुलनामा तीव्ररुपले आर्थिक विकासका सम्भावनाहरु बढेका छन् । कृषकहरु विस्तारै परनिर्भरतावाट आत्मनिर्भरता तर्फ अग्रसर वनदै छन् । कृषकहरुको आय अवस्था विस्तारै वढ्दै गएको छ ।

आधारभूत आवश्यकताका सवै वस्तु आयात हुने गरेकोमा केही वस्तुहरुको निर्यात शुरु भएको छ । गुजारामुखि खेती प्रणालीबाट व्यवसायमुखी बन्ने क्रममा छन् । धान, गहुँ र मकै लगाउँने खेतवारीमा अहिले बेमौसमी तरकारी फल्न थालेको छ । संघ, प्रदेश र स्थानीय तहको प्राथमिकता आर्थिक सवलीकरणका लागि कृषकलाई सहयोग वढीरहेको छ । गाउँपालिकाको सबै वडाहरुमा कृषि सडकको पहुँच, दैलेख सुर्खेत राजमार्ग, सुर्खेत धरमपोखरा हुदै जाजरकोट सम्म राजमार्गले जोडेका कारण पनि यहाँका कृषकहरु बेमौसमी तरकारी खेतीका साथै उन्नत नगदेवालीमा आकर्षण बढेका छ । यहा काम गर्ने अधिकाँस संघसंस्था र विकास साझेदारहरुले कृषिमा लगानी गरेका छन् । गाउ गाउमा सहकारी भएको हुदाँ सुलभ दरमा ऋण लिएर व्यवसाय गर्ने कृषकहरुको संख्यामा बृद्धि भएको छ । अहिले आफ्नै बारीमा फलेको तरकारी विक्रि नभएर फाल्नु पर्ने अवस्था छैन् । गाउमै स्थापना गरिएका तरकारी संकलन केन्द्रले तरकारी संकलन गरी सुर्खेत पठाउने गरेकालेकृषकको घरमा नगद भित्रिने गरेको छ ।

परम्परागत निर्वाहमुखी र सीमित कृषि कार्यको स्थान मूल्य श्रृंखलामा आधारित कृषिजन्य उद्यम तर्फ आकर्षण वढ्दो छ । श्रमलाई हेयको दृष्टिवाट नभै सम्मानको दृष्टिवाट हेरिनु पर्छ भन्ने चेतना मौंलाउंदै छ । सडक पहुँचले गर्दा केही घरमा ग्यासबाट खाना पकाउने चलन बढेको छ ।

## १.६ प्रमुख व्यवसाय तथा रोजगारीको अवस्था

स्थानीय कृषकहरुले व्यवसाय र रोजगारका क्षेत्रलाई विविधकरण गर्दै लगेका छन् । विस्तारै परनिर्भरतावाट आत्मनिर्भरता तर्फ अग्रसर वन्दै छन्। गुजारामुखि खेती प्रणालीबाट व्यवसायमुखी बन्ने क्रममा छन् । धान, गहुँ र मकै लगाउँने खेतवारीमा अहिले बेमौसमी तरकारी फल्न थालेको छ । कृषकहरुको बेमौसमी तरकारी खेतीका साथै उन्नत नगदेवाली तर्फ कृषकको आकर्षण बढेको छ । अहिले आफ्नै बारीमा फलेको तरकारी विक्रि नभएर फाल्नु पर्ने अवस्था छैन् । गाउमै स्थापना गरिएका तरकारी संकलन केन्द्रले तरकारी संकलन गरी सुर्खेत पठाउने गरेका छन् भने कृषकको घरमा नगद भित्रिने गरेको छ ।

यहाँका महिलाहरु सिलाई कटाई व्यवसायमा लागेका छन् । कृषि फर्महरुको शुरुवात भै रहेको छ । परम्परागत निर्वाहमुखी र सीमित कृषि कार्यको स्थान मूल्य श्रृंखलामा आधारित कृषिजन्य उद्यम तर्फ आकर्षण वढ्दो छ । टोल टोलमा आत्मनिर्भरता प्रति दृढ वन्दै सिलाई कटाई लगायतका जीविकामा महिलाहरु अग्रसर भएका छन् । यहाँको प्रमुख व्यवसाय कृषि र पशुपालन नै हो । लालिकाडाँको घिउपोखरी र हिउचुलामा खुवा पाइने गर्दथ्यो । भैसी र बाख्रापालनमा यहाँका कृषकहरुको आकर्षण थियो । अहिले यी पेशाहरुमा परिवर्तन भएको छ । बाक्लो वस्ति, सामुदायिक बन, राजमार्ग र भैंसी ओसारपसारले गर्दा स्थानीयवासीहरुको दैनिकि फेरिएको छ । सडकको छेउछाउमा खुद्रा पसल राखिएका छन् भने परम्परागत खेती लगाउने बालीमा नगदे बालीको शुरुवात भएको छ ।

बेमौसमी तरकारी, व्यावसायिक कृषि र व्यापार व्यवसाय गरी जीवन निर्वाह गर्ने चलन वढ्दै गएको छ । स्थानीय स्तरमै रोजगारीका सम्भावनाहरु नभएको भनेर भारत लगायत तेस्रो मुलुकमा कमाउन जाने गरिन्छ। यहाँकाअधिकाँस मानिसहरु भारत कमाउन जाने गर्दछन् । यसरी कमाउन जानेहरु मौसमी प्रकृतिका हुन्छन् । हिउदको समयमा सबै खेती बाली स्याहारी सकेपछि ६ महिना भारत कमाउन गएर पुन : वर्षे याममा खेती लगाउन घर फर्किने गर्छन् ।

अहिले कमाउनकै लागी भनेर तेस्रो मुलुक जानेहरुको संख्यामा पनि बृद्धि भएको छ । साउदी अरव, दुवई,कतार, मलेसिया र कोरिया, जापान लगायतका खाडी मुलुकहरुमा कमाउन विदेशिने गर्दछन् । निश्चित अवधिपछि फर्केर पुनःघरव्यवहार चलाउने यहाँको परम्परा बसेको छ । सिँचाई सुविधा र सडक सञ्जालले छोएको यस गाउपालिकामा कृषिलाई आधुनिकीकरण गर्न सकेको अवस्थामा रोजगारीका लागि विदेशिने जनशक्तिलाई गाउँवस्तिमै रोकेर आफ्नै ठाउको विकास गर्न सकिन्छ ।

## १.७ दैनिक कार्य घण्टा विवरण र महिला, पुरुष)

हाम्रो समाज वा परिवारमा पुरुषले भन्दा महिलाले दैनिक १२ घण्टाका दरले साप्ताहिक रुपमा ८४ घण्टा सम्म काम गर्ने गरेको सर्वेक्षणहरुले देखाएको भेटिन्छ। विहान ६ बजे उठिसकेपछि खाना पकाउने, बालबालिकाको हेरचाह, घरपालुवा जनवारको स्याहार गर्नका साथै दिउसो र बेलुकिको खाना सम्म महिलाकै जिम्मेवारी हुन्छ। बालबालिकाको हेरचाहमा पनि बाबु भन्दा आमानै बढि खटिरहेका हुन्छन्। अधिकाँस पुरुषहरु उठ्ने वित्तिकै चिया पसल वा घर नजिकैको चौतारा तीर जाने चलन पाइन्छ। समाजमा हुने रीतिरिवाजहरुमा पनि पुरुष नै सहभागी हुन्छन्। रोजगारी गर्ने पुरुषहरु खाना खाएर रोजगारीमा जाने र महिला घरकै काममा व्यस्त हुने गर्दछन्।

महिलाहरुको कार्यबोझ बढि हुनको कारण रोजगारी नहुनाले गर्दा पनि हो। संस्थान वा सरकारी निकायमा काम गर्ने महिलाहरुमा कार्यबोझ कम हुन्छ भने घरायसी तथा ग्रामीण क्षेत्रका महिलाहरुमा कार्यबोझ बढी हुन्छ। यती धेरै कार्यबोझ हुदाँ हुदै पनि महिलाहरुनै आर्थिक रुपमा कमजोर हुन्छन् किन भने उनीहरुसँग आर्थिक कारोवार कुनै हुदैन्। काम महिला गर्छन् र त्यस्को उत्पादनबाट हुने प्रतिफलको हकदार पुरुष हुन्छ। महिलाहरुलाई उत्पादनमुलक कार्यमा लगाउँन सकेको अवस्थामा उनीहरुको कार्यबोझमा कमि आउनुका साथै आर्थिक तथा सामाजिक रुपमा सशक्त हुने सम्भावना रहेको छ।

## १.८ कोभिड १९ को सन्दर्भ

त्यसै गरी वर्तमान सन्दर्भमा कोभिड १९ को महामारीका कारण लागू भएको वन्दावन्दीले स्वदेश तथा विदेशमा रहेका हजारौं मानिसको रोजगारी गुमेको छ। पारिवारिक र सामाजिक तथा राष्ट्रिय अर्थतन्त्र र उत्पादनमा नराम्रो असर परेको छ। यसको प्रभावले वहुआयामिक तनाव र समस्याहरु उत्पन्न भएका छन्। गुरुँस गाउँपालिकामा स्वदेश तथा विदेशवाट आएका जम्मा १०५३ क्वारेइनटाइनमा वसेका छन् भने परीक्षणवाट कोभिड १९ संक्रमित भनि पहिचान गरिएका ३७ जना आइसोलेशनमा वसेका छन्। यो अवस्थामा महिला, बालबालिका, अपागंता भएका व्यक्तिहरु, सुत्केरी ज्येष्ठ नागरिकहरु, दीर्घरोगी र विरामीहरु सवै भन्दा वढी प्रभावित भै रहेको र आगामी दिनमा अझ यसको असर वढ्दै जाने आंकलन गरिएको छ।

## १.९ विकासका सम्भावना, अवसर, चुनौती र समस्याहरु

गुरुँस गाउँपालिका पूर्वाधार, सामाजिक, आर्थिक र पर्यटन विकासका ठुलो संभावना वोके पनि आधुनिक प्रविधि र श्रोत साधनको अभावमा यसलाइ गति दिन सकिएको छैन। प्राकृतिक स्रोत जल, जमीन, जगल र जनशक्ति पहिचान तथा परिचालन गरी विकालाई गति दिन सकिने संभावना रहेको अवस्था छ। त्यसै गरी ठुला पानीका श्रोत मार्फत केही कुलो संचालन

भई नागरिकहरुले सिचाई सुविधा प्राप्त गरेका छन् भने अन्य ससाना मुहान मार्फत सिचाई भईरहेको पाईन्छ। साना ठुला सिचाईका श्रोत मार्फत यहाँको कुल ....... हे.जमिन मध्ये करिब ........ हेक्टर जमिनमा मौषमी सिचाई सुविधा पुगेकोछ। लघु जलविद्युत योजनाले यहाका केही घरधुरीमा सुविधा पु¥याएको छ भने अझै पनि यहाँका करिव ............. प्रतिशत नागरिकहरुले सौर्य उर्जाको उपभोग गर्दै आईरहेकाछन्। यस पालिकामाम विकाका थुप्रै सम्भावना, अवसर चुनौती र समस्याहरु रहेका छन् ती समस्या र चुनौतिहरुलाई अवसरमा वदल्ने र सुन्दर समृद्ध गुराँस गाउँपालिका वनाउने संभावनालाई मूर्त रुप दिन संस्थागत रुपमा योजनावद्ध र वस्तुगत पहलको आवश्यकता छ।

## १.१० विकासका विषयगत सम्भावना र अवसरको विश्लेषण

गुराँस गााउँपलिका क्षेत्रभित्र रहेका प्राकृतिक तथा साँस्कृतिक सम्पदाहरु, आर्थिक अभ्यास र उपलब्ध मानवीय पूँजी तथा सामुदायिक पूर्वाधार लगायतको अवस्थालाई हेर्दा यस गाउँपालिकामा विकासका प्रशस्त सम्भावनाहरुको आँकलन गर्न सकिन्छ। गाउँपालिकाका क्षेत्रगत विकासका संम्भावनाहरुलाई देहाय बमोजिमको तालिकामा प्रस्तुत गरिएको छ।

| क्र.सं. | विषय क्षेत्र/उपक्षेत्र | सम्भावना |
|---|---|---|
| १ | प्राकृतिक श्रोत तथा साधन | • शीतोष्ण हावापानी<br>• सदावहार जंगल प्रसस्त<br>• सरदर वर्षात ..........मिलिलिटर<br>• कर्णाली,...........जस्ता नदी<br>• ..............जस्ता वाह्रै महिना बहने खोला र जलाधार क्षेत्र<br>• वाढी पहिरो र भूक्षयको अवस्था.........................<br>• आप्रवासनको अवस्था....................<br>• डाँफे, कालिज मुनाल, घोरल, कस्तुरी, रतुवा, रेड पाण्डा,सल्लो जस्ता वनजन्य वनस्पति र जैविक विविधता उपलव्ध र यसको संरक्षण प्रति समुदाय संवेदनशील<br>• ५ हेक्टर चरन क्षेत्र उपलव्ध<br>• ३० प्रतिशत यस पालिकामा खेती योग्य जमिन रहेको छ।<br>• बालुवा, खरी ढुंगा जस्ता खनीज पदार्थ उपलव्ध<br>• काफल, गुराँस, डौंरे, लीउरोजस्ता उपभोग्य वनजन्य वनस्पति उपलव्ध अ |

| क.सं. | विषय क्षेत्र/उपक्षेत्र | सम्भावना |
| --- | --- | --- |
| २ | आर्थिक | ● रानिमत्ताको भ्यूटावर,मालिका मन्दिर लगाएतका पर्यटकीय क्षेत्र<br>● सिमी, आलु, कोदो, स्याउ, ओखर, आरु बखडाा जस्ता अर्गानिक उत्पादन उपलव्ध<br>● धान, मकै, गहुँ, जौ जस्ता वाली उत्पादन<br>● यसपालिकामा १६हजार ५सय ८४ जती गाई, भैसी, भेडा, बाखा जस्ता पशुजन्य उत्पादन<br>● यस पालिकामा ३५ प्रतिशत सिंचित जमिन<br>● खाद्य असुरक्षित जनसंख्या ७० प्रतिशत रहेको छ ।<br>● ३५ प्रतिशत दुग्धजन्य पदार्थ र उत्पादनको उपलव्धता रहेको छ ।<br>● कृषि, व्यापार, पशुपालन र बैदेशिक रोजगारी मुख्य पेशा<br>● वाणिज्य वैक, सहकारी तथा अन्य वित्तिय सेवाको उपलव्धता |
| ३ | सामाजिक | ● शिक्षा, स्वास्थ्य र सरसफाई विकासको उच्च प्राथमिकतामा<br>● ६ वटा उच्च शिक्षाका क्याम्पस, तथा माध्यामिक १० वटा विद्यालय<br>● स्वास्थ्य केन्द्र लगायतका स्वास्थ्य संस्था<br>● वालवालिका र महिलाको जन्मदर घट्दै गएको र सरदर आयु वढ्दै गएको<br>● खोप र पोषणको अवस्थामा सुधार आईरहेको ।<br>● वाल श्रम, हिंसा र लैंगिकतामा आधारित हिंसा घट्दै गएको ।<br>● सामाजिक असुरक्षा, भैभगडा र अशान्ति कम हुंदै ।<br>● पूर्ण सरसफाई क्षेत्रको अभ्यास र सरसफाई तर्फ समुदाय व्यवहार रुपान्तरण<br>● स्वच्छ खानेपानीको सुबिधा विस्तार<br>● स्थानीयस्तरमा सामुदायिक संस्थाहरको क्रियाशीलतामा वृद्धि |

| क.सं. | विषय क्षेत्र/उपक्षेत्र | सम्भावना |
|---|---|---|
| | | • धार्मिक स्थल, चाडपर्व र कलाकाने प्रचूरता<br>• वडा नं. ६ पिलाडी बालमैत्री वडा घोषणा<br>• समाजका अपांगता भएका व्यक्ति, जेष्ठ नागरिक, युवा, एकल महिलाहरुका लागि गाउं विकासमा प्राथमिकता वजेट विनियोजन |
| ४ | सामुदायिक भौतिक पूर्वाधार | • करिब २०५ किमि सडक निर्माण<br>• ८ वटा वडा सडक संजालमा गांसिएका<br>• १० कि.मी सडक निर्माणधीन<br>• २ वटा अन्य झोलुंगे पूल निर्माण<br>• १० प्रतिशत जमीनमा सिंचाई सुविधा<br>• १५ प्रतिशत घरधूरीमा विद्युत सुविधा<br>• ९५ प्रतिशत घरमा संचार सुविधा<br>• ३ वटा वडाको आफ्नै भवन<br>• स्थानीय सहकारी र संकलन केन्द्का रुपमा १५ वटा भवन<br>• इन्टरनेट सुविधाको विस्तार |
| ५ | सुशासन तथा संस्थागत | • गाउँपालिकाको गाउं कार्यपालिकाको कार्यालय, वडा कार्यालय र विषयगत शाखाहरुवाट नियमित गुणस्तरीय कार्यसम्पादन<br>• प्रहरी चौकी ३ वटा रहेका छन् ।<br>• सार्वजनिक सेवा प्रवाहमा जवाफदेहीता र पारदर्शिताका पक्षमा नागरिक निगरानी र सरोकार तिव वन्दै<br>• सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणमा वृद्धि<br>• सूचनाको हक उपभोग प्रति जनता अग्रसर<br>• स्थानीय विकास तर्फ योजना तर्जुमा, कार्यान्वय र अनुगमनमा जनसहभागिता अभिवृद्धि<br>• सेवा प्रदायक कार्यालयको कार्य नियमित रुपमा हुनु<br>• संचारकर्मीहरुहरुको विकास र विस्तार |

| क्र.सं. | विषय क्षेत्र/उपक्षेत्र | सम्भावना |
|---|---|---|
| | | ● गैसस तथा विकास साझेदार संस्थाको विकास निर्माणमा अग्रसरता<br>● बालमैत्री वडा तथा गाउँपालिकास्तरीय समिति गठन तथा परिचालन<br>● नागरिक समाजका संस्थाहरु र अगुवाको सक्रियता |

## १.११ समग्र अवसरहरु

- कर्णाली प्रदेशको राजधानी छोटो सुर्खेत नजीकै हुनु
- जिल्ला सदरमुकाम, अन्तर स्थानीय तह तथा वडापालिकाहरु वीच सडक सञ्जालको पहुँच वृद्धि
- नागरिक अन्तरघुलनमा वढोत्तरी
- सामुदायिक वन संरक्षण, प्रवर्द्धन र जीविकाका लागि उपभोगको अभ्यास
- शिक्षा क्षेत्रमा लगानी र जीवन उपयोगी सरोकार बृद्धि
- निर्माणाधीन कर्णाली हाइड्रोपावर नजिकै
- भौगोलिक रुपले पाएक पर्ने र सुन्दर तथा उपयुक्त हावापानी भएकाले प्राविधिक शिक्षा र अस्पतालको विकास गर्न सकिने सम्भावना
- पानीका श्रोतहरुको उपलब्धता
- नेपाल सरकार, कर्णाली प्रदेश सरकार तथा अन्य सरकारी र विकास साझेदारहरुको लगानी वृद्धि
- कृषि उत्पादन गर्न वृद्धि र विविधकरण गर्न सकिने ।
- फलफूल पकेट क्षेत्रको रुपमा विकास गर्न सकिने
- कृषि उपजहरुको लागि बजार सञ्जालको विकास गर्न सकिने
- ग्रामीण पर्यटनलाई प्रवर्द्धन गर्न सकिने
- कृषि तथा गैरकृषिजन्य उत्पादनको लागि सङ्कलन केन्द्र स्थापना गरी बजारसँग समन्वय गर्न सकिने
- यातायातको सहजपहुँच
- Agro and Eco Tourism शुरुवात गर्न सकिने
- बालमैत्री स्थानीय शासन अनुसार बालसुलभ बालविकास केन्द्रहरुको स्थापना गर्न सकिने
- लक्षित वर्गभित्र रहेको विपन्न नागरिकहरुको पहिचान गरीसीपमुलक तथा आयमुलक कार्यक्रमहरु सञ्चालन मार्फत उनीहरुको जीवनस्तरमा सुधार ल्याउन सकिने
- सामुदायिक पूर्वाधार निर्माण र विकासमा जनसहभागिता र स्थानीय श्रोतलाई प्रयोग गर्न सकिने

- बाल मैत्री स्थानीय शासन सुनिश्चित गरेर नमूना बाल पर्यटनको विकास गर्न सकिने
- गुराँस र काफल प्रशोधन गरी आम्दानी वृद्धि गर्न सकिने
- जंगलमा पाइने सग डौर्‍या र लिउरो सागबाट अचार वनाई वजार पठाउन सकिने

## १.१२ प्रमुख समस्या एवं चुनौतीहरु

- विषयगत आवधिक तथा रणनीतिक योजना नहुनु
- विषयगत र खण्डीकृत वास्तविक तथ्यांकको अभाव
- कृषिमा एकीकृत अनुदान नीतिको अभाव
- कृषिमा दिईने अनुदान वास्तविक किसानका हातमा नभै नक्कली किसानका हातमा गएको
- विकासमा विचौलियाको प्रभाव
- परम्परागत खेती प्रणालीमा सुधार ल्याउने तर्फ समुदायको जागरुकता कमी हुनु
- नीतिगत पारदर्शिता एवं कार्यान्वनको अभाव
- उत्पादन वृद्धि र पूर्वाधार विकासमा वित्तिय श्रोतको अपर्याप्तता
- जलवायु परिवर्तनको उच्च जोखिम
- समुदायको परम्परागत सोच
- जमीनको उत्पादन परीक्षण र सम्भाव्यता अध्ययन नहुनु
- जमीनमा नयां नयां किरा र रोगका प्रकोप वढ्दै
- आप्रवाशनतिव्र वन्दै जानु
- रोजगारीका अवसरहरु न्यून
- विद्यालय र शिक्षण संस्थामा कक्षाकोठा, पर्याप्त मात्रामा फर्निचर,खेलमैदान, शैक्षिक सामग्री, स्वच्छखानेपानी तथा शौचालयको कमी
- शिक्षा नीति र पाठ्यक्रम जीवन उपयोगी नहुनु
- विद्यालय प्रति अभिभावकको माया र निगरानीको कमी
- शिक्षामा प्रभावकारी अनुगमन सयन्त्रको विकास नहुनु
- वन तथा वातावरण संरक्षण सम्बन्धी सचेतनाको कमी
- परम्परागत सीपको प्रवर्द्धन तथा व्यवस्थापन नहुनु
- शैक्षिक बेरोजगारी उच्च
- घरेलु उद्योगको स्थापना हुन नसक्नु
- परिवार समाजबाट बालबालिकाको क्षेत्रमा लगानी न्यून
- परम्परागत हानिकारक अभ्यासहरु समाजमा विद्यमान
- उत्पादीत वस्तुको वजारीकरण पर्याप्त मात्रामा नहुनु
- सरोकारवाला निकायहरु वीच समन्वय र सहकार्यको अभाव
- दक्ष जनसक्ति पहिचान तथा परिचालन तथा उत्पादनमा जोड्ने प्रयास नहुनु
- युवाहरुमा श्रम प्रतिको मोह, आकर्षण र सम्मानमा कमी हुनु


# खण्ड २ : बालमैत्री स्थानीय शासन र वालवालिकाको अवस्था

## २. बालमैत्री स्थानीय शासनको अवधारणा र कार्यक्षेत्र

बालबालिका भनेका आजका मानव मात्र नभई भोलिका कर्णधार हुन्, जीवनका झरना हुन् । बाल्यकाल मानव जीवनको अत्यन्त महत्वपूर्ण संवेदनशील कालखण्ड हो । जहाँ मानिसको शारीरिक, सामाजिक, बौद्विक, संवेगात्मक विकास भएको हुन्छ । बाल्यअवस्था मानव जीवनको उर्जा प्राप्त गर्ने समयको रुपमा रहेको हुन्छ । बालबालिकाले सामान्य एक समृद्ध जीवन जिउनको लागि अवश्यक पर्ने आधारभूत आवश्यकता तथा अवसरहरु प्राप्त गर्ने कानुनी हैसियतलाई बालअधिकार भनिन्छ ।

बालबालिकाका लागि शिक्षा, स्वास्थ्य, खेलकुद तथा मनोरञ्जन, माया, स्नेह, आफ्ना विचार तथा भावनाको अभिव्यक्ति, आफ्नो संस्कृति तथा धर्म मान्य एवं कुनै पनि किसिमका जोखिमहरूबाट सुरक्षा पाउने तथा कुनै किसमका हिसां, दव्यर्वहार, भदेभाव र शाषेण भएको अवस्थामा न्याय र संरक्षणका व्यवस्था बालबालिकाको मौलिक अधिकार हुन् जसले भोलिका सक्षम कर्णधार बनाउनका लागि महत्वपूर्ण भुमिका खेल्दछ । त्यसैले बालबालिकाहरूको आज संरक्षण र बाल अधिकारको प्रत्याभूति गराउनु पर्छ भन्ने विषय राज्यको प्रमुख सरोकार र प्राथमिकताको विषय बनेको छ ।

बालमैत्री स्थानीय शासन बाल अधिकार सम्वन्धी समग्र पक्ष बाल वचाउ, बाल संरक्षण, बाल, बाल विकास, बाल सहभागिता को प्रवर्द्धन गरी नेपालको संविधान बमोजिम स्थानीय तहमा सुशासन अभिवृद्धी गर्न ल्याइएको अवधारणा हो । नेपालको संविधानमा भएको बाल अधिकार सम्वन्धी व्यवस्था, स्थानीय सरकार संचालन ऐन २०७४, बालबालिका सम्वन्धी ऐन २०७५, बाल श्रम रनिषेध र नियमन गर्ने) ऐन, २०५६ बाल अधिकार सम्वन्धी अन्तर्राष्ट्रिय महासन्धी, १९८९, नेपालको पन्धौं आवधिक योजना र २०७६/०७७-२०८/०८१),कर्णाली प्रदेशको प्रथम पञ्चवर्षीय योजना र २०७६/०७६-२०८०/०८१, बालबालिका सम्वन्धी राष्ट्रिय नीति २०६९ र बाल बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति २०७४ कार्यान्वयनमा ल्याइएको अवस्था छ जसले गर्दाबाल अधिकार प्रवर्धनका क्षेत्रमा नतिजा समेत हाँसिल भइ बाल मैत्री स्थानीय शासनका क्षेत्रमा धैरै कामहरु भइसकेका छन् ।




बालबालिकाका अधिकारहरु अझ विशेषगरी बालअधिकारका मुलभूत चार क्षेत्रहरु बाल बचाउ, बाल विकास, बाल संरक्षण र बाल सहभागिता जस्ता सवालहरुलाई स्थानीय तहको नीति,

संरचना, प्रणाली, कार्यप्रक्रिया र व्यवहारमा संस्थागत गर्ने शासकय पद्धतिलाई नै बालमैत्री स्थानीय शासन भनिएको छ ।
यस पद्धतिले बालबालिकाको अर्थपूर्ण सहभागितामा उनीहरुकै निम्ति अनुकूल हुने गरि योजना तर्जुमा, बजेट विनियोजन, गाउँपालिका तथा नगरपालिकाको वडास्तरीय भेलाबाट यस्ता योजना याजना छनौट र प्राथमिकीकरण,योजनाको कार्यान्वयन तथा अनुगमन र मूल्यांकन गर्न सघाउँदछ ।

बालमैत्री स्थानीय शासन एउटा यस्तो रणनीतिक खाका हो जसले बालबालिकालाई विकासको केन्द्रमा राखी स्थानीय तह, सरकारी निकाय र नागरिक समाज समेतको सुशासन सवलीकरणमा जोड दिन्छ र बाल बचाउ, बाल संरक्षण, बाल विकास, र अर्थपूर्ण बाल सहभागिता जस्ता बाल अधिकारका सवाललाई स्थानीय निकायको नीति, संरचना, प्रणाली, कार्य प्रक्रिया र व्यवहारलाई बालमैत्री बनाउदै विकासमा बाल अधिकारको मूल प्रवाहीकरण गर्दछ ।

## २.१ बालमैत्री स्थानीय शासनको उद्देश्य

- बालबालिकाको विद्यमान अवस्था र आवश्यकतालाई दृष्टिगत गरी बालमैत्री स्थानीय शासन पद्धतिको स्थापना र प्रवर्द्धनका लागि नीतिगत, संस्थागत र प्रक्रियागत व्यवस्था सुनिश्चित गरी बालमैत्री कार्यक्रम संचालनको रणनीति, कार्यनीति, समन्वय, उपलव्धि र अन्तिम नतिजा प्राप्तिमा एकरुपता ल्याउन सहयोग पुर्‍याउनु रहेकोछ ।
- जिल्लाका सबै बालबालिकाहरुको सबै प्रकारका बाल अधिकारहरुको संरक्षण भएको सुनिश्चितता गर्ने ।
- गाउँपालिकामा बालमैत्री स्थानीय शासनको संस्थागत विकास गर्ने ।

## २.२ तीतो सत्यका रुपमा वालवालिकाको अवस्था सम्वन्धी केही वास्तविकता

- विश्वव्यापी रुपमा ५ वर्ष मुनिका ३ जना मध्य १ वालवालिका कुपोषणका कारण कम तौलका, होचा, ख्याउटे, वामपुड्के र वढी तौलका देखिन्छन् ।
- विश्वव्यापी रुपमा ५ वर्ष मुनिका २ जना मध्य १ वालवालिका आवश्यक भिटामीन र पोषकतत्वको कमीले गर्दा भोकका सिकार छन् ।
- कुपोषणका कारण विभिन्न प्रकारका सीमितताहरु देखा पर्दछन्, अल्पपोषण, भोक र कम वा वढीतौलले राष्ट्र, अर्थतन्त्र, युवा र वालवालिकाको वचाउ, वृद्धि र विकासमा चुनौती खडा हुन्छ ।
- कुपोषणले श्रृजना गर्ने होचोपना देशका वालवालिकाहरुको पर्याप्त विकास हुन नसकेको संकेत हो, यसले विगतको लापरवाही र भविष्यको गरिवी तर्फ संकेत गर्दछ ।
- लाखौं वालवालिकाहरुले आफुलाई आवश्यक भन्दा कम खाना खाईरहेका छन् भने

लाखौं वालवालिकाहरुले आफुलाई आवश्यक भन्दा वढी खाना खाईरहेका छन् ।

- भूमण्डलिकरण, शहरीकरण, असमानता, मानवीय संकट र जलवायु चक्रमा आएको धक्काले विश्वव्यापी रुपमा वालवालिकाहरुको पोषण अवस्थामा अकल्पनीय नकारात्मक परिवर्तन ल्याईदिएको छ ।
- कम र कमजोर खाना वालवालिकालाई रोगको चक्रमा फसाउने प्रमुख कारण हो ।
- अस्वस्थकर खानामा आर्थिक सहुलियत हटाइएमा कर वढाइएमा तिनको उत्पादन र वालवालिका र किशोर किशोरीको उयभोग कम हुने छ ।
- अस्वस्थकर खानामा आर्थिक सहुलियत हटाइएमा वा कर वढाइएमा तिनको उत्पादन र वालवालिका र किशोर किशोरीको उयभोग कम हुने छ ।
- कम आम्दानी हुने क्षेमा स्वस्थकर खानामा आर्थिक सहुलियत वढाइएमा र कर घटाइएमा तिनको उत्पादन र वालवालिका र किशोर किशोरीको उपभोगमा वृद्धि हुने छ ।
- पोषक तत्वका दृष्टिमा कमजोर गुणस्तरको तथा पोषणयुक्त खाद्य विविधता रहित खानाका कारण ३ मध्ये २ वालवालिकाकोस्वस्थ रुपमा वृद्धि र विकास हुन पाईरहेको छैन ।
- ५ मध्य २ जना वालवालिकाले मात्र ६ महिना भित्रमा स्वस्थ, स्वच्छ र पर्याप्त मात्रामा आमाको मात्र दुध खान पाईरहेको अवस्था विद्यमान छ ।
- विश्वमा आमाको दुधको विकल्पको खोजी भै रहेको पाइन्छ । यस्ता विकल्प जन्य दुधको विक्री ४१ प्रतिशत छ भने व्राजिल, चीन, टर्की जस्ता मध्यम आयका देशहरुमा ७२ प्रतिशत सम्म पाइन्छ ।
- कमजोर खानाले नवजात शिशुहरुलाई कुपोषण तर्फ धकेलिरहेको छ । ६ देखि २३ महिना सम्मका ४४ प्रतिशत वालवालिकाहरुले फलफूल र तरकारी खान पाईरहेका छैनन् भने ५९ प्रतिशतले अण्डा, दुग्यजन्य पदार्थ, माछा र मासु खान पाईरहेका छैनन् ।
- गरीव परिवारका ६ महिना देखि २३ महिना सम्मका ग्रामीण समुदायका ५ जना मध्य १ जना वच्चाले मात्र स्वस्थ वृद्धि र मानसिक विकासका लागि आवश्यक न्यूनतम खाद्य विविधतायुक्त आहारा खान पाईरहेका छन् ।
- जलवायुमा चक्रमा धक्का, जैविक विविधताको ह्रास, जल भण्डार र पानीका श्रोतमा हुने क्षती, वायु र भूमिको पारिस्थितिकीय प्रणालीमा आउने परिवर्तनले दशौंलाख वालवालिकाहरुको पोषण अवस्था, त्यसमा पनि विशेष गरी गरीव परिवारका वालवालिकाको पोषण अवस्था जोखिमपूर्ण वनाइदिन्छ ।
- चरम गरिवी र वहिष्करणका कारण गरीव परिवारहरु कम मूल्य पर्ने र कम गुणस्तरको खाना खान वाध्य छन्,उपेक्षित, अवसरवाट वन्चित र सीमान्तिकृत वालवालिकाहरुले सवै प्रकारका कुपोषणको उच्च जोखिम झेलिरहेका छन् ।
- सवै प्रकारका महामारी र विपदका समयमा गरीव, अति कुपोषित र विविध जोखिमका चपेटामा वालवालिकाहरु नै वढी हुन्छन् ।

## २.३ नेपालमा बालमैत्री स्थानीय शासनको थालनी

नेपालको सन्दर्भमा बालमैत्री स्थानीय शासन नयाँ सोँच एवं अवधारणाका रुपमा बाल अधिकार प्रवर्द्धनका लागि विगतमा संवैधानिक, कानूनी एवं संस्थागत व्यवस्थाको थालनी भएको भएतापनि यस अवधारणाले कार्यान्वयनमा मूर्तरुप प्राप्त गर्न बाँकी नै छ। संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय, युनिसेफ नेपाल, तत्कालीन केन्द्रीय बाल कल्याण समिति, हाल राष्ट्रिय वाल अधिकार परिषद र केही अन्तर्राष्ट्रिय गैससहरुले यस अवधारणालाई प्रवर्द्धन गर्ने प्रयास गरे पश्चात् बालमैत्री स्थानीय शासनको अवधारणा कार्यान्वयनमा थियो। यसका लागि नेपालको संविधानले आधारभूत मानव अधिकारको प्रत्याभूति गर्नका साथै समानताको हक रधारा १८) मा कसैलाई कानूनको समान संरक्षणबाट बञ्चित नगरिने तर बालबालिकाको संरक्षण, सशक्तीकरण र विकासको लागि कानूनद्वारा विशेष व्यवस्था गर्न सकिने कुरा उल्लेख गरेको छ त्यस्तै धारा ३९ मा बालबालिकाको मौलिक हकहरुको ब्यबस्था गरेकोछ।

विगतमा स्थानीय स्वायत्त शासन ऐन, २०५५ ले स्थानीय योजना तर्जुमा गर्दा बालबालिकालाई प्रत्यक्ष लाभ पुग्ने आयोजनाहरु छान्न प्राथमिकता दिनु पर्ने उल्लेख गरेको थियो भने त्रि-वर्षीय अन्तरिम योजनामा नमूनाको रुपमा केही जिल्लामा बालमैत्री कार्यक्रम लागू गरिने, बालमैत्री अभियानको स्पष्ट खाका र सूचकहरु बनाई योजना तर्जुमा प्रक्रियामा बालबालिकाको सहभागिता बढाउने तथा स्थानीय निकायहरुलाई पुरस्कृत गर्ने व्यवस्था मिलाइने कुरा समेत उल्लेख गरिएको थियो। यसै गरी स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम, युनिसेफ र नेपाल सरकारको राष्ट्रिय कार्ययोजना लगायतका दस्तावेजहरुले समेत यस अवधारणालाई प्रवर्द्धन गर्ने प्रयास गरेका थिए।

नेपालमा नेपालको संविधान जारी भए पश्चात नयाँपुनःसंरचना अनुसार स्थानीयतहलाई साधन स्रोत अधिकार सम्पन वनाएको छ यसमा स्थानीय सरकार संचालन ऐन २०७४ ले स्पष्टरुपमा स्थानीयतहको भूमिकालाइ उल्लेख गरेको छ। यसमा सडक बालबालिका, अनाथ, असहाय अशक्त र मानसिक असन्तुलन भएका व्यक्तिहरुको पुर्नस्थापना केन्द्रको संचालन व्यवस्थापन अनुगमन र नियमन दफा ११(२)त(५) व्यवस्था छ भने दफा १२(२)(ग)(२९) मा वडालाई बालमैत्री वनाउने कुरा उल्लेख छ। यसै गरी स्थानीय स्तरमा सडक बालबालिका व्यवस्थापन, स्थानीय स्तरमा हिंसा नियन्त्रण, आपतकालीन बाल उद्धारकोषको स्थापना र व्यवस्थापन गर्ने स्पष्ट व्यवस्थाले बालमैत्री वडा, स्थानीयतह र प्रदेशलाई सहयोग गरेको छ भने बाल मैत्री स्थानीय शासन राष्ट्रिय रणनीति २०६८ र यसको कार्यन्वयन कार्यविधि २०६८ कार्यान्वयन पश्चात बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति २०७४ले संघीय संरचनामा बालमैत्री स्थानीय शासनको विस्तारलाइ व्यवस्था गरेको छ।

## २.४ लक्ष्य, नीति, योजना र कार्ययोजना:

बालअधिकार सम्बन्धी महासन्धी, १९८९ लाई अनुमोदन गरे लगत्तै तर्जुमा गरिएको आठौं राष्ट्रिय योजनादेखि बालबालिका सम्बन्धी छुट्टै नीति तथा शिर्षक समावेश हुँदै आएको छ। यसैगरी आर्थिक बर्ष २०४८/४९ सालमा नै बालबालिकाको विकासका लागि १० बर्षीय राष्ट्रिय कार्ययोजना तयार गरिएको थियो भने बर्ष २०६०/६१ मा बालबालिका सम्बन्धी दोस्रो १० बर्षीय राष्ट्रिय कार्ययोजना तयार गरी कार्यान्वयन गरिसकिएको छ। बालबालिका सम्बन्धी शिक्षा, स्वास्थ्य तथा पोषण सम्बन्धी राष्ट्रिय कार्ययोजनाहरु पनि कार्यान्वयनमा रहेका छन्।

बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति र कार्यान्वयन निर्देशिका २०६८, आवासीय बालगृहको सञ्चालन तथा व्यवस्थापनसम्बन्धी मापदण्ड, २०६९ जस्ता निर्देशिका तथा मापदण्ड लगायत बालबालिकासम्बन्धी राष्ट्रिय नीति, २०६९ कार्यान्वयनमा रहेका छन्।

उपर्युक्त नीति, योजना र कार्ययोजना अनुसार संघीय सरकार, प्रदेश सरकार र स्थानीय तह लगायत घरपरिवारसम्म बालबालिका प्रत्यक्ष र अप्रत्यक्ष रुपमा लाभान्वित हुने गरी शिक्षा, स्वास्थ्य, पोषण लगायत बाल संरक्षण र विपद्संग सम्बन्धित कार्यक्रमहरु तथा कार्यहरु सञ्चालनमा रहेका छन्। यस्ता विविध कार्यहरु लगायत चेतना जागरण र सुविधाविहिन व्यक्ति, परिवार, समुदाय तथा संस्थाको क्षमता विकासका कार्यहरु गर्नका लागि संयुक्त राष्ट्रसंघीय, अन्तर्राष्ट्रिय र राष्ट्रिय गैरसरकारी संस्थाहरु एवम् सामुदायिक संस्थाहरु तथा नागरिक समाज बाल अधिकारसम्बन्धी महासन्धी, १९८९ लाई अनुमोदन गर्नु अघि देखि नै कार्यरत आएका थिए भने सन् १९९० को दशक देखि निकै सक्रिय रुपमा क्रियाशील भइरहेका छन्।


## २.५ बालमैत्री स्थानीय शासनको महत्व

राष्ट्रीय जनागणना २०६८ अनुसार नेपालको कुल जनसंख्यामा १८ वर्ष मुनिका बालबालिकाको अंश ४१.८३ प्रतिशतर कर्णाली प्रदेशमा ५२ प्रतिशत रहेको देखिन्छ भने घरधुरी सर्वेक्षण २०७६ अनुसार गुराँस गाउँपालिकामा ४०.२९ प्रतिशत बालबालिका रहेको देखिन्छ। बाल अधिकार प्रवर्धन र बाल विकासमा राज्यले राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा विभिन्न प्रतिवद्धता व्यक्त गरेको छ। बालहितको लागि विभिन्न नीतिगत, संस्थागत र प्रक्रियागत प्रयासहरु गरी बालबालिका सम्बन्धी सबाललाई सम्बोधन गर्नुपर्ने आवश्यकता देखिएको छ। नेपालको वर्तमान राजनैतिक परिवर्तनसंगै समावेशीकरण उच्चतम् प्राथमिकतामा रहेको र बालबालिकाका सबालहरुलाई एकीकृत रुपमा सम्बोधन गर्न आवश्यक देखिएको छ।

बालबालिकाको विकासका लागि कार्यरत निकायहरुलाई एकीकृत रुपमा नीतिगत एवं संस्थागत प्रवन्धद्वारा स्थानीय सेवा प्रवाह तथा बालबालिकाको हकअधिकारहरु सुनिश्चित

गर्नमा प्रयत्नशील रहन यस अवधारणाको आवश्यकता एवं महत्व रहेको छ। सामुदायिक सेवा प्रवाहमा स्थानीय निकायहरुको महत्वपूर्ण भूमिका रहने हुँदा यस्ता निकायहरु लगायत अन्य सरोकारबालाहरुलाई बालमैत्री अवधारणा अनुरुप सामुदायिक विकासका कार्यक्रमहरु संचालन गर्न समेत यस पद्धतिले महत्वपूर्ण सहयोग पुऱ्याउनेछ।

## २.६ बालबालिकाको परिभाषा तथा बालमैत्री स्थानीय शासन व्यवस्थाको आवश्यकता




उमेर, परिपक्वता, परिवारको स्थिति, वातावरण, सक्षमता, अनुभव र उनीहरुले पाएको अवसरहरु, सामाजिकीकरण लगायत थुप्रै कुराहरुको आधारमा बालबालिकाको परिभाषामा विविधता रहेको पाइन्छ। कानूनले वयस्कताको उमेर कम तोकेको अवस्थामा बाहेक बालबालिका भन्नाले १८ वर्षभन्दा कम उमेरका सबै बालक वा बालिका हुन् भनी बाल अधिकार सम्बन्धी महासन्धीमा उल्लेख गरेको छ। बालबालिका सम्वन्धी ऐन, २०७५ ले १८ वर्ष उमेर पुरा नगरेको व्यक्ति सम्झनु पर्दछ। उल्लेख गरेको छ।

त्यसैगरी श्रम अधिकारले १४ बर्ष, नागरिकता १६ बर्ष, मताधिकार १८ बर्ष, विवाहको उमेर २० बर्ष, निर्वाचनमा उम्मेद्वार बन्ने २५ बर्षतोकिएको छ। बालमैत्री स्थानीय शासन: राष्ट्रिय रणनीति खाकाले १८ वर्ष ननाघेकासबैलाई बालबालिका भनी परिभाषित गरेको भेटिन्छ।

बालबालिकाका हक अधिकारको संरक्षण र सम्बर्द्धन गर्नका लागि बालमैत्री स्थानीय शासन व्यवस्थाको आवश्यकता रहेको छ। जसले बाल बचाउ, बाल संरक्षण, बाल विकास र अर्थपूर्ण बाल सहभागिताजस्ता बालअधिकारका सवाललाई स्थानीय निकायको नीति, संरचना, प्रणाली र कार्य प्रक्रिया र व्यवहारमा संस्थागत गर्न सहयोग गर्दछ। बालमैत्री स्थानीय शासनका उद्देश्यहरुमा बालबालिका सुरक्षित भई बाँच्न पाउने हक, बालबालिकाको संरक्षण सम्बन्धी हक, बालबालिकाको विकास सम्बन्धी हक, बालबालिकाको लागि आधारभूत सेवा प्रवाह र योजना तर्जमासम्बन्धी निर्णय प्रक्रियामा अर्थपूर्ण सहभागिता तथा उनीहरुको आवजको सुनुवाइ गर्ने हकलाई सुनिश्चित गरेको हुन्छ। एक प्रमुख आधार वालमैत्री विकास एवं वालमैत्री स्थानीय शासन हो।

जनतालाई नजीकवाट आधारभूत सेवा प्रवाह गर्ने स्थानीय तहवाट प्रवाह भै रहेका सेवाहरुलाई बालमैत्री सेवा प्रवाह र विकास प्रक्रियालाई व्यवस्थित र वस्तुनिष्ठ गती प्रदान गर्न खण्डीकृत र क्षेत्रगत सूचना सहितको बालबालिकाको वस्तुस्थिति विवरण तयारी गर्न जरुरी हुन्छ। बालमैत्री स्थानीय शासन सम्वन्धी राष्टिय रणनीति २०६८ र २०७४ का साथै कार्यान्वयन कार्यविधि २०६८ले बाल अधिकार प्रवर्धनका संभावना र आवश्यक सूचना हासिल गर्न बाल वचाउ, बाल संरक्षण, बाल विकास र बाल सहभागिताको क्षेत्र र बालबालिकाको अवस्था झल्कने वस्तुगत विवरण तयार गर्न निर्देशित गरेकोले गुरांश गाउँपालिकाको नेतृत्वमा वालवालिकाको वस्तुगत विवरण तयार गरिएको छ। यो वस्तुस्थिति विवरणले गुरांश गाउंपालिकामा वालमैत्री योजनाका लागि सूचनाको आधार तयार गर्ने तथा बालमैत्री सेवा प्रवाह, आन्तरिक स्रोत परिचालन तथा योजनावद्ध विकासमा टेवा पुऱ्याउने निश्चित छ।

## २.७ बालमैत्री स्थानीय शासनको आवश्यकता

- बालबालिकाको आधारभूत अधिकारको संरक्षण र उनीहरुको विकासका लागि अनुकूल र बालमैत्री वातावरणको सिर्जना गर्न।
- बालबालिकाको विरुद्ध सबै प्रकारको शोषण, दुर्व्यवहार, जोखिम र भेदभावको अन्त्य र बालबालिकाहरुको जीवनस्तरमा सुधार गर्न।
- बालबालिकाले आफ्नाका लागि आफै योजना बनाउने परिपाटी स्थापित गर्न।
- बालबालिकाहरुमा आत्मबल र विश्वासको विकास भई वयस्कप्रति सम्मानको भावना जागृत पार्न।
- बालबालिकाहरु आफ्नो अधिकार प्राप्त गरी कर्तव्यप्रति पनि जिम्मेवारी बोध गर्न।
- बाल सञ्जालहरुको विकास, बाल सहभागिताको विकास र गाँउ समाजको विकासमा माया वढाउन।
- बालबालिकाको उज्जवल भविष्य निर्माण गर्न।
- परिवार र स्थानीय निकायहरुमा बालबालिकाप्रति संवेदनशील भई लगानी गर्ने बानीको विकास गर्न।
- बालबालिकाका इच्छा, चाहाना, सवाल र समस्याप्रति सरोकारवालालाई जिम्मेवार बनाउन।
- बालबालिकालाई सुरक्षित रुपमा भविष्य निर्माण गर्ने वातावरण बनाउन।
- निर्णय प्रक्रियामा बालबालिकाको अर्थपूर्ण सहभागिता गराई उनीहरुको आवाज सुनुवाई गर्न।
- बाल सरोकारका विषयमा बालबालिकाले नेतृत्व लिने अवसर निर्माण गर्न।
- आफ्ना सरोकारका विषयमा बालबालिकाले बोल्न पाउनु र उनीहरुले बोलेका कुराहरु

निर्णयकर्तालाई बुझाउन सक्ने अवसरको सिर्जना गर्न ।

- बालबालिकालाई हेला, श्रमशोषण, दुर्व्यवहार, बेचबिखन जस्ता जोखिमहरुबाट संरक्षण गर्न ।
- देशका लागि सक्षम नागरिक तयार गर्दै समाजको अग्रगामी विकास गर्न ।
- बालबालिकाको अर्थपूर्ण सहभागिता सुनिश्चत गर्न ।

## २.८ बालमैत्री स्थानीय शासनका सबल पक्ष, चुनौती र अबसरहरु

**सबल पक्षहरु**

- गाउँपालिकामा रहेका बालबालिकासंग सम्बन्धित काम गर्ने विभिन्न निकायहरुबीच सहकार्य र समन्वयको बाताबरण सुरु भएको ।
- बालबालिकाहरुको विषय प्रति संवेदनशील र निर्णय प्रकृयामा सहभागिता वढेको ।
- समुदाय तथा विद्यालय स्तरमा बाल क्लव र बाल संजाल गठन भएका ।
- बालमैत्री स्थानीय शासन र बाल संरक्षण सम्बन्धी अभिमुखीकरण एवं सचेतीकरण भएका ।
- वडा र गाउँपालिका बालमैत्री घोषणाको लागि प्रतिबद्धता आएको ।
- बालबालिकाको लागि बजेटवृद्धि गर्दै विनियोजन गर्ने प्रतिवद्धता आएको ।
- निःशुल्क आधारभूत तथा पूर्ण साक्षर, खुल्लादिशामुक्त, पूर्ण खोप जिल्ला घोषण भैसकेको अवस्था ।
- स्वास्थ्य संस्थामा किशोर किशोरी मैत्री कार्याक्रम, मातृत्वसेवा लगाउँत स्वास्थ्य संग सम्बन्धित विभिन्न कार्यक्रम संचालन भएका ।
- बालमैत्री, विद्यालय शान्ति क्षेत्र तथा गुणस्तरीय शैक्षिक सुधार गर्दै सुदृढ बिद्यालयको अबधारणा कार्यान्वयन भै रहेका ।
- प्रत्येक वर्ष बाल क्लबको अनुरोधमा आवश्यकता अनुसार खेलकुदको सामग्रीको व्यवस्था गरिएको ।
- गाउंपालिकाले नियमित र तोकियकै समयमा गाउँ सभा सम्पन्न गरेको ।
- बालबालिका सम्बन्धी कार्यक्रममा विकास साझेदार संस्थाहरुको लगानीको सुरुवात गरेको ।
- बालविबाह, बालशोषण, बालश्रम, बालहिंसां विरुद्धका अभियान संचालन भै रहेका ।
- जन्मदर्ता अभियान कार्यक्रम संचालन भएको ।
- स्थानीय तहका सबै संरचनाहरु र महत्वपूर्ण निर्णय प्रक्रियामा बालबालिकालाई सहभागी गराउने अभ्यासको शुरवात भउको ।
- बालमैत्री स्थानीय शासन सम्बन्धी तालिम तथा गोष्ठीहरु संचालन भएको ।
- बाल बचाउका लागि स्वास्थ्य स्वयमसेविकाहरुबाट जनचेतना अभिवृद्धि कार्यक्रम संचालन गरेको ।

## सम्भावना तथा अवसरहरु

बालमैत्री स्थानीय शासन कार्यान्वयनका लागि उपलब्ध संभावना तथा अवसरहरु निम्नानुसार रहेकाछन् ।

- नेपालको संविधान
- स्थानीय सरकार सञ्चालन ऐन-२०७४
- बालबालिका सम्वन्धी ऐन २०७५
- बालमैत्री स्थानीय शासन : राष्ट्रिय रणनीति र कार्यान्वयन कार्यविधि-२०६८
- बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति २०७४
- अन्तर्राष्ट्रिय तथा राष्ट्रियप्रतिबद्धताहरु
- बालमैत्री स्थानीय शासन संचालनको लागि संस्थागत व्यवस्था रसंघ, प्रदेश, स्थानीय तह, वडा र समुदाय)
- स्थानीय तहको योजना तर्जुमाका लागि संघ र प्रदेशका मार्गदर्शनमा वालवालिकाको अधिकार सुनिश्चित गर्ने योजनालाई उच्च प्राथमिकता जस्ता कानूनी र नीतिगत व्यवस्था।
- बालबालिकाको क्षेत्रमा बढ्दो सहयोग र श्रोत परिचालन
- बालबालिका प्रतिको सामाजिक मान्यता सकारात्मक र मैत्रीपूर्ण वन्दै
- विकास साझेदार र लगानीकर्ताहरु वीच समन्वय, सहयोग र सहभागितामा बृद्धि
- स्थानीय स्तरमा मानवीय र प्राविधिक श्रोतहरुको उपलब्धतामा वृद्धि

## समस्या तथा चुनौतीहरु

बालमैत्री स्थानीय शासन कार्यान्वयन सँग सम्बन्धित समस्था तथा चुनौतिहरुलाई क्षेत्रगत र बुँदागत रुपमा तल प्रस्तुत गरिएको छ ।

**बाल बचाउ**

- बालबालिकाको पोषण स्थितिमा अपेक्षित सुधार हुन सकेको छैन ।
- अपर्याप्त दक्ष मानवीय संसाधन, सबै बालबालिकाको सेवामाथिको पहुँचमा कमी, स्थानीय स्रोतको प्रभावकारी ढंगले समुचित व्यवस्थापन र परिचालन हुन सकेको छैन ।
- जनस्तर विशेष गरी आमाहरूमा चेतनाको कमी रहेकोछ ।
- उपलब्ध सेवा पनि गुणस्तरीय हुन सकेको छैन ।
- किशोरकिशोरीहरूको स्वास्थ्य सम्बन्धी समस्यालाई पर्याप्त मात्रामा सम्बोधन गर्न सकिएको छैन ।
- बालबालिकाका बारेमा भरपर्दो, अद्यावधिक, लिंगका आधारमा छुट्याइएको खण्डीकृत तथ्याङ्कको आधारमा प्रगतिको अनुगमन र सोही आधारमा बालबालिका सम्बन्धी नीति तथा कार्यक्रमहरूको तर्जुमा र कार्यान्वयन तथा प्राप्त उपलब्धीको अनुगमन

गर्न सकिएको छैन ।

- राष्ट्रिय एच्आईभी तथा एड्स नीति अनुरूप सम्पूर्ण बालबालिकाहरूका लागि उमेर अनुरूप उपयुक्त हुने गरी आधारभूत न्यूनतम प्याकेज उपलब्ध हुन सकेको छैन ।
- उमेर अनुसार अपरिपक्क बालबालिकाहरुलाई स्याहार सुसार र सरसफाइको कमी
- सफा पिउने पानीको समस्या
- ज्ञात, अज्ञात जिवाणु, व्याक्टेरिया र भाईरसको प्रतिकार्य र तयारी कम छ ।
- विद्यालयमा छात्रा छात्रमैत्री शौचालय नहुनुर पानिको अपर्यप्तता
- बालबालिकालाइ खुवाउने पोषणयुक्त खानाको महत्व जानकारी नहुनु
- पोषणयुक्ता खाना तयारी गर्ने ज्ञान तथा सीपको कमी
- असहाय, अनाथ तथा अपागता भएका बालबालिकाहरुलाइ सहयोग गर्ने योजना नहुनु

**बाल संरक्षण**

- वाल अधिकार प्रति जन प्रतिनिधि र सरोकारवालाहरुको जिम्मेवारीवोध पर्याप्त विकास नभएको र सीमित जिम्मेवारविोध पनि व्यवहारमा उतानृ वांकी छ ।
- बाल संरक्षण सम्बन्धी नीति, बालमैत्री स्थानीय शासन जस्ता बाल संरक्षणसँग सम्बन्धित नीति तथा रणनीतिहरूको कार्यान्वयन पक्ष प्रभावकारी हुन सकेको छैन ।
- बालबालिकाहरूको संरक्षणको अधिकार प्रवर्द्धन गर्न तथा यस सम्बन्धी गतिविधिहरूमा समन्वय कायम गर्नका लागि गठन गरिएका गाउँ बाल संरक्षण समितिका भूमिकाहरूलाई स्पष्ट पारी जिम्मेवारी प्रदान गर्न समेत सकिरहेको अवस्था देखिदैन ।
- अनौपचारिक क्षेत्रको बालश्रमका समस्याहरू पूर्ण रूपमा सम्बोधन भएका छैनन् । फलस्वरुप अनौपचारिक क्षेत्रको बालश्रम बाल संरक्षणका क्षेत्रमा थप चुनौतिका रुपमा रहेको छ ।
- पर्याप्त सचेतना नभएका कारण सामाजिक सेवा सम्बन्धी योजनाहरूबाटबालबालिका तथा संरक्षकहरुले पर्याप्त लाभ पाउन सकिरहेका छैनन् ।
- बालमैत्री न्याय प्रणालीको माध्यमद्वारा पर्याप्त रूपमा वालवालिकाका वाल विज्यांईका सवालहरु सम्बोधन हुन सकेका छैनन् ।
- सामाजिक संजालको दुरुपयोगवाट हिंसाका नयां रुपहरु देखिएका ।
- बाल संरक्षण, खास गरी समाज कल्याण, सुरक्षा तथा न्याय प्रणाली, शैक्षिक सेवा तथा स्वास्थ्य सेवाका सम्बन्धमा केन्द्रीय तथा स्थानीय तहका विभिन्न संस्थाहरूको भूमिका तथा जिम्मेवारीलाई स्पस्ट रुपमा परिभाषित गर्न सकिएको छैन ।
- विकासका साझेदारहरूद्वारा सहयोग उपलब्ध गराइएका र गैरसरकारी संगठनहरू र सरकारी संस्थाहरूद्वारा कार्यान्वयन गरिएका परियोजनाहरूका बीचमा समन्वयको अझै कमी रहेको छ ।
- बालबालिका माथि गरिने विभेद यथावतै रहेको छ ।

- बालबालिका माथी हुने दुर्व्यवहारका कारण शारीरिक तथा मानसिक समस्याको असरले पार्ने दिर्घकालीन प्रभाव बारे अभिभावकमा पर्याप्त जानकारी नहुनु ।
- बाल अधिकार समिति गठन, संस्थागत विकास  र क्षमता विकासमा ढिलाई ।

**बाल विकास**

- शान्ति क्षेत्रका रूपमा बालबालिका तथा शान्ति क्षेत्रका रूपमा विद्यालय सम्बन्धी कार्यक्रमहरूको विस्तार र कार्यान्वयन हुन सकेको छैन ।
- सामाजिक संजालको दुरुपयोगवाट श्रजनशीलतामा कमी
- शिक्षाको गुणस्तर तथा विद्यालयमा बालमैत्री वातावरण पनि पर्याप्त रूपमा कायम हुन सकेको छैन ।
- बजेटको आकार सानो र परिवार तथा समुदाय तहमा गरिबी कायमै रहेको छ जुन प्रभावकारी बाल विकास कय लीग चुनौतीका रुपमा देखिन्छ ।
- गुणस्तरीय विद्यालय शिक्षाका लागि न्यूनतम मापदण्डको विकास गर्न सकिएको छैन ।
- विद्यालय शिक्षामा लैङ्गिक समताको प्रत्याभूत हुन सकेको छैन ।
- अर्थपूर्ण र जीवनोपयोगी सीप केन्द्रित शिक्षाको विस्तार र प्रवर्द्धन हुन सकेको छैन ।
- विद्यालयमा बालमैत्री शिक्षण सिकाइ वातावरणको विकास र विस्तार हुन सकेको छैन ।
- बाल अधिकारको दृष्टिकोणबाट शिक्षक, प्रारम्भिक बाल शिक्षा प्रशिक्षक समेतको हैसियत, मनोबल, तालिमक्षमता र व्यावसायिकताको वृद्धि हुन सकेको छैन ।
- बाल अधिकार मुखी दृष्टिकोणबाट विद्यालय पाठ्यक्रम, पाठ्यपुस्तक, तालिम सामग्रीहरू रदण्ड/हिंसारहित शिक्षण पद्धतिहरू, शान्त शिक्षा) अभिभावक, समाज र विद्यालय व्यवस्थापनसमिति समेतका लागि पुनरावलोकन र परिमार्जन हुन सकेको छैन ।
- विद्यालयमा खेलकुद तथा मनोरञ्जनका गतिविधिहरु संचालन नगर्नु ।
- विद्यालयमा अतिरिक्त क्रियाकलापहरु संचालन नहुनु ।
- अपाङ्गतामैत्री शिक्षण सिकाई नहुनु ।
- घर परिवार र विद्यालयमा प्रविधिमैत्री वातावरण नुहुनु

**बाल सहभागिता**

- कानुनले उजागर गरे अनुसार घर परिवार, समुदाय, विद्यालय, स्थानीय सरकार, विकास साझेदार निकाय, स्वास्थ्य केन्द्र आदिमा बालबालिकाहरूको अर्थपूर्ण सहभागितालाई सुनिश्चित गर्नुपर्नेमा सो कार्य व्यवस्थित हुन सकेको छैन ।
- बालबालिकाको सञ्जालको रूपमा बालक्लब रहे तापनि उनीहरूको निर्भरता विकासका साझेदार माथी रहेकोले स्थानीय क्लबहरूको दीगोपना हुन सकेको छैन ।
- बालबालिकाका अधिकारहरू सुनिश्चित गर्ने खालका कानुन तथा सम्बद्ध नीतिहरूका बारेमा सामुदायिक सचेतना र सक्रियताको स्तर पनि न्यून रहेको छ ।

- बाल क्लबहरूबाट युवा क्लबहरूमा रूपान्तरण सम्बन्धी योजना तर्जुमा तथा उनीहरूको क्षमताको पूर्ण उपयोग हुन सक्ने अवस्था सिर्जना हुन सकेको छैन ।
- बालक्लब तथा तिनका सञ्जालहरूको अनुसरण तथा अनुगमनका लागि संयन्त्र निर्माण हुन सकेको छैन ।
- अनुगमन तथा मूल्याङ्कन कार्य प्रभावकारी ढंगले अगाडि बढाउन सकिएको छैन ।
- समयानुकूल र सकारात्मक सूचना तथा सञ्चार प्रणालीको उपयोग हुन सकिरहेको छैन ।
- वालमैत्री सरोकारवालाहरूको भूमिकामा प्रष्टता, सरोकारवालाबाट स्रोत परिचालनमा समन्वय, विषयगत क्षेत्रहरूबीच प्रभावकारी एवं कार्यगत तथा गतिशील समन्वयको कमी रहेको छ ।
- वडा, स्थानीयतह प्रदेश र संघीयतहमा बाल क्लवहरु अन्तर सम्वन्धित संजाल नहुनु ।
- योजना तर्जुमा प्रक्रियामा बाल सहभागिता प्रति चासो नदिनु ।
- मानवीय स्रोत र सीमित बजेट ।
- बालबालिका सम्बन्धी सूचना एवं तथ्यांक ब्यवस्थित तथा अद्यावधिक नहुनु ।
- बालबालिकाको क्षेत्रमा काम गर्ने निकायहरुबीच समन्वयको कमी हुनु ।
- आम अभिभावकमा अझै पनि बालअधिकारबारे प्रयाप्त जानकारी एवं जनचेतनामा कमी ।
- बालबालिका सम्बन्धी नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा श्रोतको कमी ।
- बालक्लवको क्षमता अभिवृद्धिका श्रोत साधनको कमी हुनु ।
- बालबालिकादण्डित, भयभित र असुरक्षित हुनु ।
- अभिभावकले बालबालिकालाई कम ध्यान दिनु ।
- बालबालिकाहरुका लागि न्यूनतम वजेट विनियोजनको व्यवस्था नहुनु ।
- स्थानीय तहमा न्यूनतम शर्त मापनको व्यवस्था नहुनु ।
- बालबालिकाहरु प्रति लगानीको महत्व सरोकारवालाहरुलाई नहुनु ।

## २.९ वालवालिकाको अधिकार र जीवन संग सम्वन्धित प्रमुख प्राथमिकताका सवालहरु

**बाल बचाउ**

- भ्रुण पहिचान गरी गर्भपतन
- कुपोषण र वहुआयामिक गरिवी रपारिवारीक आर्थिक सामाजिक पृष्ठभुमी)
- गर्भवती जाँच, खोपमा अनियमिता
- सरसफाईको कमी

**बाल संरक्षण**

- जातीय छुवाछुतको कारण दलित बालबालिका विद्यालय वाहीर
- परम्परागत हानीकारक अभ्यास रबाल विवाह, महिनावारी), बालश्रम रभारत लगायतका विभिन्न स्थानहरुमा एक्लै बालश्रमिकका रुपमा काममा जाने)

- प्रकोप र द्वन्द
- अपांगता, कमजोर शासन
- दण्डहीनता, वालिकामाथी यौनजन्य हिंसा
- सानो उमेरमा गर्भवती र जन्मान्तरको कमी
- धेरै बच्चा जन्माउने समस्या
- महिला कार्यवोझ, घरेलु हिंसा
- वालविवाहका कारण सानै उमेरमा पारिवारिक सम्वन्ध विग्रिने, सम्वन्ध विच्छेद, बहु विवाह
- बालविवाहका कारण जन्मिएका बालबालिका अलपत्र हुने
- परम्परागत, चाडपर्वका नाममा विद्यालय बन्द गर्ने गराउने, पठनपाठनमा अवरोध, परम्परागत अभ्यास

**बाल विकास**

- गुणस्तरीय र नियमित शिक्षण सिकाईको कमी
- विद्यालय टाढा रहेकाले विद्यालय पठाउन वा विद्यालय नियमितता समस्या रविद्यालय मर्जका कारण पनि समस्या भएको)
- जीवनोपयोगी शिक्षा, सूचना र संचारको कमी
- खेल र मनोरन्जनको न्यून अवसर
- वालमैत्री वातावरण नभएर विद्यार्थीलाई विद्यालयमा टिकाइराख्ने समस्या
- अपाङ्गतामैत्री विद्यालय लगायतका भौतिक संरचना नभएका कारण अपाङ्गता भएका विद्यार्थीहरु विद्यालय वाहिर
- घर र समाजमा वालवालिकालाई माया, ममता र परामर्शको कमी
- मेला, चाडपर्व, पुजाका दिनका कारण विद्यालय अनियमितता
- महिनावारी स्वच्छताको व्यवस्थापनमा समस्या रविद्यालयमा पानी सहितको शौचालय, स्यानिटरी प्याड लगायतको व्यवस्था भइनसकेको)
- विद्यार्थीको काम गर्न जाने र परिक्षामा मात्र सहभागी हुने वाध्यता
- शैक्षिक सुशासन अति कमजोर
- नीजि विद्यालयमा सानो कक्षामा पढेका बालबालिकालाई सामुदायिक विद्यालयमा माथिल्लो कक्षामा भर्ना गर्ने
- सानो बच्चाको हेरालु राख्ने
- धेरै शिक्षकहरु योग्य र क्षमतावान नहुनु ।

**वाल सहभागिता**

- घरपरिवारमा बालबालिकासँग सरसल्लाह नगर्ने
- वाल क्लव र संजाल क्रियाशील नभएको र क्रियाशील वनाउने कार्यक्रमहरु पर्याप्त नभएका
- बाल क्लवमा सबै बालबालिकाका सहभागी नहुनु
- स्थानीय तहको योजना निर्माण प्रकृयामा बालवालिका र बाल क्लवको सहभागिताको अभाव
- बाल सहभागिता अर्थपुर्ण नभएको
- स्थानीय तहको सात तहको योजना निर्माण प्रकृयामा बाल भेला नभएको

## खण्ड ३ : वालवालिका सम्वन्धी कानून

## ३. विद्यमान ऐन नियममा बालबालिका सम्बन्धी भएको व्यवस्था

नेपालले संयुक्त राष्ट्रसंघीय बालअधिकार सम्वन्धी महासन्धी, १९८९लाई १४ सेप्टेम्बर १९९० रवि.सं. २०४७ साल भाद्र २९ गते) मा अनुमोदन तथा हस्ताक्षर गरे पश्चात नेपालमा बाल अधिकार संरक्षण तथा प्रवर्द्धनका समग्र क्षेत्रमा कानुनी कानुनी व्यवस्था गरी अधिकार सुनिश्चित गरिएको छ। बाल अधिकारका विषयमा नेपालको संविधानमा मौलिक हकका साथै राज्यका निर्देशक सिदान्त, नीति तथा तथा दायित्वका विभिन्न धारा तथा उपधाराहरु आकर्षित हुन्छन् भने नेपालमा ४० भन्दा वढी ऐन-नियमहरुमा बालबालिका संग सरोकार राख्ने प्रावधानहरु छन्। जसमा निम्न संवैधानिक व्यवस्था ऐन नियमहरु बालबालिकाकाको हक अधिकार संग प्रत्यक्ष सरोकार राख्दछन्।

### ३.१ नेपालको संविधान

नेपालको संविधानको धारा ३९ ले बालबालिकाको अधिकारलाई मौलिक हकको रुपमा अङ्गिकार गरी देहायवमोजिम व्यवस्था गरेको छ।

१. प्रत्येक बालबालिकालाई आफ्नो पहिचान, सहितनामाकरण र जन्मदर्ताको हक हुनेछ।
२. प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालन पोषण, उचित स्याहार, खेलकूद,मनोरञ्जन तथा सर्वांगीण व्यक्तित्वविकासको हक हुनेछ।
३. प्रत्येक बालबालिकालाई प्रारम्भिक बाल विकास तथा बालसहभागिताको हक हुनेछ।
४. कुनै पनि बालबालिकालाई कलकारखाना, खानी वा यस्तै अन्यजोखिमपूर्ण काममा लगाउन पाइने छैन।
५. कुनै पनि बालबालिकालाई बाल विवाह, गैरकानूनी ओसारपसार रअपहरण गर्न वा बन्धक राख्न पाइने छैन
६. कुनै पनि बालबालिकालाई सेना, प्रहरी वा सशस्त्र समूहमा भर्नावा प्रयोग गर्न वा सांस्कृतिक वा धार्मिक प्रचलनका नाममा कुनै पनि माध्यम वा प्रकारले दुर्व्यवहार, उपेक्षा वा शारीरिक, मानसिक, यौनजन्य वा अन्य कुनप्रकारको शोषण गर्न वा अनुचित प्रयोग गर्न पाइने छैन।
७. कुनै पनि बालबालिकालाई घर, विद्यालय वा अन्य जुनसुकै स्थान र अवस्थामा शारीरिक, मानसिक वा अन्य कुनै किसिमको यातना दिन पाइनेछैन।
८. प्रत्येक बालबालिकालाई बाल अनुकूल न्यायको हक हुनेछ।
९. असहाय, अनाथ, अपांगता भएका, द्वन्द पीडित, विस्थापित एवंजोखिममा रहेका बालबालिकालाई राज्यबाट विशेष संरक्षण र सुविधा पाउनेहक हुनेछ।
१०. उपधारा (४), (५), (६) र (७) विपरीतका कार्य कानून बमोजिमदण्डनीय हुनेछन् र त्यस्तो कार्यबाट पीडित बालबालिकालाई पीडकबाटकानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ भन्ने ब्यबस्था छ।

## ३.२ बालबालिका सम्वन्धी ऐन, २०७५

बालबालिकाको अधिकार सम्मान संरक्षण प्रवर्द्धन र परिपुर्ति गरी बालबालिकाहरुको सर्वोतम हित कायम गर्न बालबालिका सम्वन्धी ऐन २०७५ मिति २०७५ साल आश्विन २ गते प्रमाणिकरण गरिएको थियो यो ऐन विशेष ऐन हो र यसले बालबालिकाको समग्र अधिकार वहालिको लागि वनेको कानुन हो र यसमा परिच्छेद १० धारा ८७ वटा छन्। यस ऐनमा बालबालिकाको अधिकार, बालबालिका प्रतिको दायित्व, बाल न्याय, बालबालिकाको विशेष संरक्षण र पुनर्स्थापना, बाल अधिकार तथा बाल कल्याण सम्वन्धी संस्थागत व्यवस्था, बालबालिकाको अधिकार तथा निजप्रतिको दायित्वको संरक्षण र प्रचालन, बालबालिका विरुद्धको कसुर र सजाय क्षतिपुर्ति तथा मुद्धा हेर्ने अधिकारीको व्यवस्था गरेको छ।

## ३.३ स्थानीय सरकार सञ्चालन ऐन, २०७४

स्थानीयतहमा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी जनताको नजिकबाट सुलभ र गुणस्तरीय सेवा प्रवाह गर्न लोकतन्त्रका लाभहरुको समानुपातिक समावेशी र न्यायोचित वितरण गरी कानुनी रान्य र दीगो विकासको अवधारण अनुरुप स्थानीय सरकारलाइ व्यवस्थित वनाउन स्थानीय सरकार संचालन ऐन २०७४ कार्यान्वयनमा रहेको अवस्था छ। यस ऐनमा स्थानीय तहको बाल अधिकार संग सम्वन्धित भूमिकाहरु उल्लेख गरेको छ। वडाको काम, कर्तव्य र अधिकार अन्तरगत आधारभूत स्वास्थ्य सरसफाई शिक्षा र बाल संरक्षणका कार्यहमा।

- दफा ११ (२) (त) (५) मा सडक बालबालिका, अनाथ, असहाय, असक्त र मानसिक असन्तुलन भएका व्यक्तिहरुको संचालन, व्यवस्थापन, अनुगमन नियमन गर्ने व्यवस्था छ भने
- दफा १२ (२) (ग) (२९) मा वडालाई बालमैत्री वनाउने,
- दफा १२ (२) (ग) (३०) मा वडा भित्र आर्थिक सामाजिकरुपमा पछि परेका महिला, बालबालिका, दलित, अपागता भएका व्यक्ति ज्येष्ठ नागरिक, अल्पसंख्यक सीमान्तकृत समुदायको अभिलेख राखी सामाजिक र आर्थिक उत्थान सम्वन्धी कार्य गर्ने,
- दफा १२ (२) (ग) (३६) सडक बालबालिकाको उद्धार र पुनर्स्थापनाको लागि लगत संकलगन गर्ने
- दफा १२ (२) (ग) (३२) मा बाल विवाह, वहु विवाह, लैङ्गिक हिंसा, छुवाछुत, दहेज तथा दाइजो, हलिया प्रथा,बालश्रम, मानव बेचविखन जस्ता सामाजिक कुरिति र अन्ध विश्वासको अन्त्य गर्ने गराउने व्यवस्था गरेको छ।

## ३.४ मुलुकी अपराध संहिता ऐन, २०७४

सर्वसाधारणको नैतिकता, शिष्टाचार, सदाचार, सुविधा, आर्थिक हित कायमा राख्न विभिन्न धार्मिक तथा साँस्कृतिक समुदायवीचको सुसम्वन्ध तथा शान्ति कायम गर्न फौजदारी कसुर निवारण र नियन्त्रण गर्न

- मुलुकी अपराध संहिता ऐन, २०७४ को दफा १७३ मा बाल विवाह गर्न नहुने: उपदफा(१)मा विवाह गर्ने व्यक्तिको उमेर बीस वर्ष नपुगी कसैले विवाह गर्न वा गराउनु हुदैन, उपदफा(१) विपरीत भएको विवाह स्वत: बदर हुनेछ ।
- दफा १८८ मा गर्भपतन गर्न नहुने: उपदफा(७)मा कसैले गर्भपतन गराउने उदेश्यले गर्भमा रहेको भ्रुणको लिङ्ग पहिचान हुने कुनै काम गर्न वा गराउन र त्यसरी लिङ्ग पहिचान भएपछि गर्भपतन गर्न वा गराउनु हुँदैन ।
- दफा २१९ जवर्जस्ती करण गर्न नहुने: उपदफा(२) कसैले कुनै महिलालाई निजको मञ्जुरी नलिई करणी गरेमा वा मञ्जुरी लिएर भए पनि अठार वर्ष भन्दा कम उमेरको कुनै बालकिालाई करणी गरेमा निजले त्यस्तो महिला वा बालिबालाई जवर्जस्ती करणी गरेको मानिनेछ ।

## ३.५ मुलुकी देवानी संहिता ऐन, २०७४

- दफा १११ मा नाम र थर पाउने: उपदफा(१)मा प्रत्येक व्यक्तिले जन्मेपछि आ-आफ्नो धर्म संस्कृति, चलन र परम्परा अनुसार निजको आमा वा बाबुले राखेके नाम पाउनेछ ।
- दफा ११२ मा आमा, बावु, बाजे तथा बजैको नाम उल्लेख गर्न पाउने: उपदफा (२) उदफा(१) बमोजिम आमा, बाबु तथा बाजे, बजैको नाम उल्लेख गर्नु पर्ने कुनै व्यक्तिको बाबु पत्ता नलागेको अवस्थमा निजले आमा र आमा तर्फको बाजे बाजे, बजैको नाम उल्लेख गर्न सक्नेछ र आमाको पनि नाम पत्ता नलागेको भए सोही व्यहोरा उल्लेख गरी निज नाबालक भए संरक्षक वा माथवरको र बालिग भए आफ्नो नाम मात्र उल्लेख गर्नु पर्याप्त हुनेछ।
- दफा ११२ देखि दफा १२१ सम्म नावालकको अधिकार र संरक्षणको व्यवस्था गरेको छ।

## ३.६ श्रम ऐन, २०७४

श्रम ऐन, २०७४ ले सबै प्रकारका श्रम शोषणको अन्त्य गर्ने उद्देश्यका साथ कसैले पनि बालबालिकालाई कानून विपरीत हुने गरी काममा लगाउन नपाईने व्यवस्था गरेको छ ।

## ३.७ मानव अधिकार आयोग ऐन, २०६८

मानव अधिकार आयोग ऐनले नेपालको संविधानमा उल्लेखित व्यवस्था अनुरूप मानव अधिकारको संरक्षण, सम्बर्द्धन र प्रभावकारी कार्यान्वयनका लागि एक स्वतन्त्र र स्वायत्त

संस्थाका रूपमा राष्ट्रिय मानव अधिकार आयोग स्थापना भएको छ । यस आयोगले मानव अधिकारको उल्लङ्घन गर्ने पक्षहरू र कुनै व्यक्ति संस्था वा सङ्गठनले उक्त अधिकार हनन् प्रति देखाएको उदासिनताका बारेमा अनुसन्धान गर्ने काम गर्दछ ।

## ३.८ बालश्रम रनिषेध र नियमित ाार्ने) ऐन, २०५६

नेपाल सरकारले बाश्रम न्यूनीकरण गर्नका लागि बालश्रम रनिषेध र नियमिति गर्ने) ऐन २०५६ पारित गरी कार्यान्वयनमा रहेको अवस्था छ । उक्त ऐनका उद्देश्यहरू निम्न बमोजिम छन् :

- बालबालिकालाई कल कारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउन निषेध गर्ने,
- बालबालिकालाई अन्य काममा लगाउँदा उनीहरूको स्वास्थ्य, सुरक्षा तथा सेवा र सुबिधा सम्बन्धमा व्यवस्था गर्ने,
- १४ वर्षमुनिका बालबालिकालाई काममा लगाउन निषेध गर्ने,
- बालबालिकाहरूको सर्वाङ्गीण हितको लागि आवश्यक संरक्षणको व्यवस्था मिलाउने ।

## ३.९ मानव बेचविखन र ओसारपसार रनियन्त्रण) सम्बन्धी ऐन ,२०६४

यो ऐनले व्यक्तिको खरिदबिक्री लगायत मानव बेचविखन, आयातनिर्यात, कसैलाई वेश्यावृत्तिमा प्रयोग गर्नु, मानव अंग झिक्नु, शोषण वा यौन कार्यका लागि कुनै मानिसलाई घर वा बसेको स्थानबाट टाढा लिनु जस्ता क्रियाकलापहरूलाई मानव बेचविखन र ओसारपसार भनेर परिभाषित गरेको छ । यो ऐनले त्यस कार्यमा संलग्न हुने विरुद्ध विभिन्न प्रकारका सजायहरूको व्यवस्था पनि गरेको छ । साथै यसले विदेशमा बेचिएका नेपाली नागरिकको उद्धार, पुनर्स्थापना र पुनर्मिलन सम्बन्धी कानुनी व्यवस्था समेत गरेको छ ।

## ३.१० वालवालिका सम्वन्धीनीति, मापदण्ड, रणनीति तथा योजना

### क) बालबालिकासम्बन्धी राष्ट्रिय नीति २०६९

**दीर्घकालीन लक्ष्य** : सरकारी निकाय, स्थानीय निकाय, अभिभावक, शिक्षक र राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संस्थाको समन्वयात्मक सहकार्यमा सबै वर्ग र समुदायका बालबालिकाले बालअधिकारको पूर्ण उपभोग गर्दै सक्षम र योग्य नागरिकको रूपमा व्यक्तित्व विकास गर्न सक्ने वातावरणको सिर्जना गर्ने ।

**प्रमुख उद्देश्यहरू :**

१. सबै प्रकारका शारीरिक वा मानसिक हिंसा, क्षति वा दुर्व्यवहार, परित्याग, उपेक्षा, शोषण वा यौन दुर्व्यवहारबाट बालबालिकाको संरक्षण गर्ने,
२. बालबालिका जन्मनुअघि र जन्मेपछि उनीहरूलाई आवश्यक स्याहार, पोषण सहयोग र शिक्षा प्रदान गरी बालबालिकाको शारीरिक, मानसिक र शैक्षिक विकास गर्ने,
३. आफ्नो धारणा बनाउन सक्षम बालबालिकालाई निजहरूसँग सम्बद्ध सबै विषयहरूमा आफ्नो विचार अभिव्यक्त गर्न पाउने अवसर दिई बाल सहभागिता अभिवृद्धि गर्ने,
४. बालबालिकाप्रतिको विभेद अन्त्य गर्ने, आदि रहेका छन् ।

### ख) बालश्रम निवारणका लागि राष्ट्रिय गुरुयोजना

बालश्रम निवारण गर्ने उद्देश्यका साथ पहिलो राष्ट्रिय गुरु योजना र २०६१-२०७१) तर्जुमा गरी कार्यान्वयन गरिएको थियो । यसबाट बालश्रम निवारणका लागि महत्वपूर्ण आधारहरू तयार भएका थिए । त्यसैगरी पहिलो योजनाको अवधि नसकिदै दोस्रो गुरुयोजना र २०६६-२०७६) तयार गरियो । उक्त राष्ट्रिय गुरुयोजनाले श्रमिक बालबालिकाको उद्धारका लागि राम्रो वातावरण सृजना गर्ने लक्ष्य लिएको थियो, जसले उक्त लक्ष्य हासिल गर्न समानान्तर विधि र ( Parallel Track) अवधारणा अनुशरण गरेको थियो । उक्त अवधारणामा दुईवटा पक्ष छन् पहिलो, श्रम बजारमा जाने सम्भावना भएका बालबालिकालाई श्रम बजारमा जानबाट रोकथाम वा बचावट गर्ने र दोस्रो, अगाडि नै श्रम बजारमा रहेका बालबालिकाको समयमा सुधारात्मक वा उपचारात्मक विधि अवलम्बन गर्ने ।

- उक्त राष्ट्रिय गुरु योजनाले तल उल्लेखित रणनीति अवलम्बन गरेको थियो ।
- नीति, कानुन र अनुसन्धानको खाका ।
- उपयुक्त वातावरण निर्माण ।
- बालबालिका र उनीहरूको परिवार बीचमा प्रत्यक्ष मध्यस्थता ।
- सामाजिक सहयोग र अन्य साझेदारी ।

दोस्रो गुरुयोजनाको अवधी नसकिदै हालै समसामायिक परिस्थितिलाई समेत मध्यनजर गर्दै नयाँ बालश्रम निवारण सम्बन्धी राष्ट्रिय गुरुयोजना र२०७५-२०८५) तयार गरिएको छ । उक्त योजनाले १० वर्षभित्रमा नेपालबाट सबै प्रकारका बालश्रम पूर्णरूपमा निवारण गरी मुलुकलाई बालश्रम रहित बनाउने लक्ष्य लिएको छ । गुरुयोजनामा २०७९ सम्ममा निकृष्ट प्रकारको तथा शोषणयुक्त बालश्रम निवारण गर्ने र २०८२ सालसम्ममा सबै किसिमका बालश्रम निवारण गर्ने उल्लेख छ । यसका लागि सार्वजनिक तथा सामाजिक संयन्त्र एवम् संरचनाहरूको संस्थागत क्षमता विकास गर्ने र सामाजिक पुनर्स्थापनाको लागि आर्थिक विकल्पहरू प्रदान गर्न साझेदारी कार्यक्रमलाई अभियानको रूपमा संचालन गर्ने लक्ष्य लिएको छ ।

## ३.११ आवधिक योजनामा बालबालिका सम्वन्धी व्यवस्था

### क) पन्धौ योजना र२०७६/०७७-२०८०/०८१)

“समृद्ध नेपाल, सुखी नेपाली” को साझा राष्ट्रिय आकांक्षा पुरा गर्न दीर्घकालिन सोच सहित पन्ध्रौ योजनाको,

**सोच :** बाल अधिकार सुनिश्चित भएको बालमैत्री समाज

**लक्ष्य :** बालबालिका तथा किशोरकिशोरीहरुलाइ सबै प्रकारको हिंसा, दुर्व्यवहार र शोषणबाट मुक्त गराउँदै उनीहरुको हक अधिकार संरक्षण तथा प्रवर्द्धन गरी राष्ट्र निर्माण गर्न सक्ने योग्य र सक्षम नागरिकको रुपमा विकास गर्ने ।

**उदेश्यः**

- बालबालिका तथा किशोरकिशोरीहरुको अधिकारको संरक्षण र प्रवर्द्धन गर्नु
- बालबालिका तथा किशोरकिशोरीमैत्री वातावरण सिर्जना गर्नु
- बालबालिका तथा किशोरकिशोरी विरुद्ध हुने शारीरिक र मानसिक लगायत सबै प्रकारका हिंसा, विभेद, दुर्व्यवहार, शोषण र उपेक्षाको अन्त्य गर्ने

## ख) कर्णाली प्रदेशको प्रथम पञ्च वर्षीय योजनाको र२०७६/०७७-२०८०/०८१) आधार पत्र

कर्णाली प्रदेशले समृद्ध कर्णालीः सुखारी कर्णालीबासी भन्ने दीर्घकालिन तथा दुरगामी सोच सहित प्रथम पञ्चवर्षीय योजना तयार गरी कार्यान्वयनमा ल्याएको अवस्था छ जसमा महिला र बालबालिकाको योजनालाई हेर्दा

**परिकल्पना र सोच :** बालबालिका तथा किशोरकिशोरी मैत्री समाज निर्माण गर्ने

**लक्ष्य :** बालबालिका तथा किशोरकिशोरीहरुको उचित संरक्षण, विकास र अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने

**उदेश्य :** बालबालिका तथा किशोरकिशोरीहरुको समग्र विकासका लागि उपयुक्त पूर्वाधारहरु सहित अनुकुल बातावरण सिर्जना गर्ने

## ग) बालमैत्री स्थानीय शासनः राष्ट्रिय रणनीति २०६८

**दीर्घकालीन सोच :** सम्पूर्ण बालबालिकालाई बाँच्न पाउने,संरक्षण,विकास र सहभागिताको अधिकार सुनिश्चित हुने गरी समावेशी र समतामूलक समाजको स्थापनामा स्थानीय शासन पद्धतिलाई सुदृढ, सक्षम र जवाफदेहीयुक्त तुल्याउनु नै बालमैत्री स्थानीय शासन व्यवस्थाको रणनीतिक सोच हुनेछ ।

**लक्ष्य :** बालमैत्री स्थानीय शासनको प्रवर्द्धनबाट बालबालिकाको लागि आवश्यक सेवाको उपलब्धता र गुणस्तरमा उल्लेखनीय सुधार भै सेवा सुनिश्चित भएको हुनेछ ।

## घ) बालविवाह अन्त्यका लागि राष्ट्रिय रणनीति, २०७२

नेपालको संविधान दीगो विकास कार्यसूची २०१६-२०३०) का साथै अन्य राष्ट्रिय अन्तर्राष्ट्रिय प्रतिवद्धता अनुसार बाल अधिकार उल्लंघनको कारक तत्वकोरुपमा रहेको बाल विवाहको रोकथाम तथा न्यायमा पहुँचको लागि राज्यको क्रियाशीलता ढाउनु पर्ने अवस्था छ त्यसैले नेपाल सरकारले बाल विवाह अन्त्यका लागि राष्ट्रिय रणनीति २०७२ कार्यान्वयनमा रहेको अवस्था छ ।

- **परिकल्पना :** बालमैत्री एवं लैगिंक समानतायुक्त समाजको निर्माण गर्ने दिशामा योगदान पुऱ्याउने
- **ध्येय :** बाल विवाहमुक्त बातावरणमा बालबालिकाको अधिकारको सुनिश्चित गर्ने
- **लक्ष्य :** सन् २०३० सम्म नेपालमा बाल विवाह अन्त्य गर्ने

## ३.१२ दीगो विकास लक्ष्यहरु

दीगो विकास लक्ष्यमा १७ वटा लक्ष्यहरू, १६९ वटा गन्तव्यहरू र २३९ वटा सूचकहरू छन । यस्ता लक्ष्यहरू बाल अधिकार र बाल विकासको क्षेत्रमा परिलक्षित छन् । दिगो विकासका कूल १७ वटा लक्ष्यहरु मध्ये देहाय वमोजिमका ९ वटा लक्ष्यहरु बालबालिका संग सम्बन्धित रहेका छन् । लक्ष्य १: सबै प्रकारका गरिबीको अन्त्य गर्ने

लक्ष्य २: भोकमरीको अन्त्य गर्ने

लक्ष्य ३: स्वास्थ्य जीवन सुनिश्चित गर्ने र सबैको कल्याण प्रवर्द्धन गर्ने

लक्ष्य ४: सबैका लागि समावेशी तथा गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने

लक्ष्य ५: लैङ्गिक समानता हासिल गर्ने र किशोरीहरूको सशक्तिकरण गर्ने

लक्ष्य ६: सबैका लागि खानेपानी तथा सरसफाइको उपलब्धता गर्ने

लक्ष्य ९: बलियो पूर्वाधार निर्माण गर्ने र दिगो औद्योगिकीकरणको प्रवर्द्धन गर्ने

लक्ष्य ११: नगरहरू र मानवबस्तीहरूलाई समावेशी, सुरक्षित, र दिगो बनाउने

लक्ष्य १६: समावेशी समाजको प्रवर्धन गर्ने र सबैलाई न्यायमा पहुँच प्रदान गर्ने

## ३.१३ जिल्ला, गाउँपालिका तथा गाउस्तरीय योजनामा बालबालिका सम्बन्धी भएको व्यवस्था

बालबालिका लक्षित विकास कार्यका हरेक चरणहरुमा बालबालिकाको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्दै बालअधिकारको सम्मान, पालना तथा परिपुर्तिको प्रत्याभूतिका लागि परिवार, समुदाय अनि राज्य बालबालिकाप्रति संवेदनशील हुनुपर्दछ । यसका लागि योजना प्रक्रिया बालअधिकारमा आधारित हुनु आवश्यक छ भने बालबालिकाको लागि समय, स्रोत तथा सोचको यथोचित लगानी पनि हुनुपर्दछ । यसका लागि बालमैत्री स्थानीय शासन : राष्ट्रिय रणनीति र कार्यान्वयन कार्यविधि २०६८ जारी भई स्थानीय तहको योजना तर्जमा प्रक्रियामा बालबालिकाको अर्थपूर्ण सहभागीताको सुनिश्चित गरिएको छ । त्यसैगरी स्थानीय तहको नीति निर्माण, बजेट विनियोजन तथा कार्यान्वयन र अनुगमन जस्ता कार्यमा बालबालिकाको सहभागीता गराउने नीति राज्यले लिएको छ ।

स्थानिय तहको योजना तर्जमा प्रक्रियामा यो समयमा सवै स्थानीय तहले सुरुवात गरिसकेको अवस्थामा बालबालिकाहरूको आवाजलाई टोल तथा बस्तीस्तरमा योजना तर्जमा प्रक्रिया हुदै नगर/गाउँ सभा सम्म आउन र उनीहरूका मागलाई पूरा गर्नका लागि स्थानीय तहले

ध्यान दिनु पर्छ । संघीय प्रणाली लागू भएको अनुभव बालबालिकाले गर्ने र बालअधिकारको सम्मान र संरक्षण हुनेछ । यसका लागि स्थानिय तहले योजना तर्जमा गर्दा बालबालिकाका वास्तविक सवालहरूको पहिचान, सवालहरूको विश्लेषण, समुदायले योजना ग्रहण गर्नपर्छ । 'यो हाम्रो योजना हो' भन्ने महसुस हुनपर्छ । बालअधिकारमा आधारित योजना तर्जमा प्रक्रिया, स्थानीय तहको योजना तर्जमा तथा बजेट दिग्दर्शन, ०७४ ले निर्दिष्ट गरेका वार्षिक बजेट तथा कार्यक्रम तर्जमा प्रक्रियाका चरण नं ३: बस्तीरटोल स्तरबाट आयोजनारकार्यक्रम छनोट र चरण नं ४ वडा स्तरीय आयोजनारकार्यक्रमहरूको प्राथमिकीकरण अन्तर्गत बजेट तथा कार्यक्रम तर्जमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ६ दफा २४ उपदफा ५ मा नगरपालिका तथा गाउँपालिकाले योजना तर्जुमा र कार्यान्वयन गर्दा स्थानीय बुद्धिजीवि,विषय विज्ञ, अनुभवी, पेशाविद्, सीमान्तकृत तथा लोपोन्मुख समुदाय, महिला, बालबालिका, दलित, युवा, अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक लगायतका सरोकारवालाहरुको अधिकतम सहभागितामा गर्नुपर्नेछ भन्ने स्पष्ट उल्लेख भएको छ ।

दफा १२ उपदफा २ रक१) मा सहभागितामूलक योजना तर्जुमा प्रणाली अनुसार बस्ती वा टोल स्तरबाट योजना तर्जुमा प्रक्रिया अवलम्वन गरी बस्ती तथा टोलस्तरीय योजनाको माग संकलन, प्राथमिकीकरण र छनौट गर्ने भनी उल्लेख भएको छ ।

## ३.१४ बाल अधिकार र बाल बचाउ, बाल संरक्षण, बाल विकास, बाल सहभागिता)

### बांच्न पाउने अधिकार

बाँच्न पाउनु प्रत्येक बालबालिकाको जन्मसिद्ध अधिकार हो । गर्भवती महिलालाई विशेष स्याहार, सुरक्षित जन्म, खोप तथा स्वास्थ्य स्याहार, पौष्टिक आहार रस्तनपान र पोषणयुक्त खाना), सफा पानी, स्वच्छ हावा, मायाममतापूर्ण पालनपोषण र हेरचाह तथा मौसम अनुसारको लुगाफाटा, ओढ्ने सुरक्षित वसाई र हुर्काइ आदि बालबालिकाहरुको बाँच्न पाउने अधिकार पर्दछ । बाल अधिकार सम्वन्धी महासन्धी, १९८९ का प्रावधानहरुको विश्लेषण गर्दा आमाबावुबाट प्राप्त गर्ने हेरचाह (धारा ५), जीवन बाँच्ने र विकास (धारा ६), स्वास्थ्य हेरचाह र सेवा (धारा २४),बाँच्नका लागि जीवनयापनको मापदण्ड (धारा २७) लगायतका बाल बचाउ संग सम्वन्धित प्रावधानहरु पर्दछन् ।

### संरक्षणको अधिकार

प्रत्येक बालबालिकाको धेरै कुराहरुबाट संरक्षण गर्नु पर्छ बालबालिकाहरु शारीरिक, मानसिकरुपमा परिपक्क नभइसकेको हुँदा विभिन्न प्रकारका जोखिमहरुहुन सक्छन् । बालबालिकाहरुलाईगर्भ देखि नै भेदभाबवाट संरक्षण, दुर्व्यवहार, पीडा, शोषण, परित्याग हेला, अपमान, गाली, कुटपीट र यातनाबाट संरक्षण, यौन शोषण, श्रमशोषणबाट संरक्षण, हानीकारक काम तथा युद्धमा संलग्नताबाट संरक्षण, बेचवीखन, ओसारपसारबाट संरक्षण,लागु पदार्थ नसालु पदार्थबाट संरक्षण र कानूनी संरक्षणहरु बालबालिकाका संरक्षणका अधिकार हुन ।

बाल अधिकार सम्वन्धी महासन्धी, १९८९ मा व्यवस्था भएका प्रावधानहरु मध्ये भेदभाव गर्न नहुने (धारा २), अवैध स्थानान्तरण र नफर्काउनु (धारा ११), सबै प्रकारका हिंसा, हिंसा दुर्व्यवहार, र उपेक्षाबाट संरक्षण (धारा १९), पारिवारिक वातावरणबाट वञ्चित बालबालिका (धारा २०), धर्मपुत्र/धर्मपुत्री लिने प्रक्रिया सम्वन्धमा (धारा २१), शरणार्थी बालबालिका (धारा २२), बालश्रम (धारा ३२), यौन शोषण (धारा ३४), ओसारपसार र बेचविखन (धारा ३५), अन्य शोषण (धारा ३६), दण्ड सजाय (धारा ३७), सशस्त्र द्वन्द्वमा परेका बालबालिका (धारा ३८), कानूनी विवादमा परेका बालबालिका (धारा ४०) लगायतका संरक्षणका अधिकारहरु प्रावधान पर्दछन् ।

**विकासको अधिकार**

बाल विकासको अधिकार भित्र बालबालिकाहरुले स्वच्छ र रमाइलो वातावरणमा असल शिक्षा आर्जनरऔपचारिक/अनौपचारिक, खेल मनोरञ्जन र आरम, जीवनपयोगी सिप तथा कला, स्वास्थ्य उपचार तथा आफुसंग सम्वन्धित क्षेत्रको सामान्य जानकारी, आमाबावु दुवैको भरपुर माया ममतामा हुर्कन पाउनु, उचित मार्गदर्शन र राम्रो पारिवारिक वातावरण प्राप्त गर्नु बालबालिकाको विकाको अधिकार हुन बाल अधिकार सम्बन्धी महासन्धी १९८९ प्रावधानहरु विश्लेषण गर्दा नाम, राष्ट्रियता, हेरचाह (धारा ७), आमाबावु संग वस्ने (धारा ९), परिवारसंग पुर्नमिल (धारा १०) सामाजिक सुरक्षा (धारा २६), शिक्षा (धारा २८), आराम, खेल र संस्कृति, (धारा ३१) अपाङ्गता भएका बालबालिकाको विशेष हेरचाह (धारा २३) र शरणार्थी बालबालिकाको सुरक्षा र विशेष हेरचाह (धारा ३२) लगायत बाल विकास संग सम्वन्धित प्रावधानहरु पर्दछन् ।

**सहभागिताको अधिकार**

बालबालिकासँग सरोकार राख्ने वा प्रभाव पार्ने सवै विषयहरुमा वालवालिकाहरुको विचार र भावनाको कदर वाल सहभागिताको अधिकार हो । यस अधिकार अन्तरगत वालवालिकाहरुले आफ्नो विचार राख्न पाउनु र सो विचारको उचित कदर तथा मान्यता पाउनु, निर्णय प्रक्रियामा भाग लिन पाउनु, विभिन्न सभा सम्मेलनमा, समाजको हित हुने सामाजिक कार्य तथा साँस्कृतिक गतिविधिमा भाग लिन पाउने, आस्था अनुसारको धर्ममा संलग्न हुन पाउने, सवै कुराको जानकारी तथा सूचना पाउने र अभिव्यक्त गर्ने, संघसंस्था खोल्ने तथा सहभागी हुने बालबालिकाको विचार र भावनाको सम्मान गरिनु पर्दछ ।

१२ देखि १८ वर्षका बालबालिकाले बालबालिका सम्वन्धी योजना तथा निर्णय प्रक्रियमा सहभागि हुन पाउनु बालबालिकाको बाल विकासका अधिकारहरु हुन बाल अधिकार सम्वन्धी १९८९ मा व्यवस्था भएका प्रावधानहरुमध्ये बालबालिकाले आफुलाई असर गर्ने निर्णयमा सहभागि हुन पाउने विचार अभिव्यक्तिको स्वतन्त्रता र व्यक्त विचारको सम्मान (धारा १२),

जानकारी प्राप्त गर्ने र त्यसमा आफ्नो धारण राख्ने (धारा १३), विचार विवेक र धर्मको स्वतन्त्रता (धारा १४), सङ्गठन सम्वन्धी स्वतन्त्रता (धारा १५) निजीपना र गोपनीयताको हक (धारा १६) आम संचार र सूचनामा पहुँच (धारा १७) लगायतका प्रावधानहरु पर्दछन् ।

## ३.१५ बालमैत्री स्थानीय शासनका उद्देश्यहरु

**गुराँस गाउँपालिकाका बालमैत्री स्थानीय शासनका उद्देश्यहरु निम्न अनुसार रहेका छन्:**

१. गुराँस गाउँपालिकालाई बालमैत्री स्थानीयतह घोषणा गर्ने आधार तय गर्ने ।
२. गुरांश गाउंपालिकाका प्रचलित कानून वमोजिम वालमैत्री सेवा प्रवाह सुनिश्चित गर्ने ।
३. गुरांश गाउंपालिकामा सबै बालबालिकाहरुको सबै प्रकारका बाल अधिकार सुनिश्चित गर्ने ।
४. वालवालिकाहरुका लागि विद्यमान लगानीमा वृद्धि गर्ने र विषयगत क्षेत्रहरु पहिचान गर्ने ।
५. वालवालिकाहरुको दीगो विकासलाई मूल प्रवाहीकरण गर्ने ।
६. वाल अधिकारको वुझाईमा एकरुपता ल्याउन सरोकारवाला निकायहरुको क्षमता विकास गर्ने ।
७. बालबालिकाको लागि आधारभूत सेवा प्रवाह, बालबालिकासँग सम्वन्धित सबै विषयहरु र गाउंपालिकाको योजना निर्माण सम्बन्धी प्रक्रियामा अर्थपूर्ण बालसहभागिता तथा उनीहरूको आवाजको सुनुवाई सुनिश्चित गर्ने ।
८. वालवालिका र विद्यालयलाई शान्ति क्षेत्रका रुपमा विकास गर्ने ।
९. गाउंपालिकामा बालमैत्री नीति, कार्यक्रम, संयन्त्र र बालमैत्री अभ्यासहरुको प्रवर्धन गर्ने ।

## ३.१६ बालमैत्री स्थानीय तहको अवधारणा

बालमैत्री स्थानीय शासन बाल अधिकार सम्बन्धी समग्र पक्ष रबाल बचाउ, बाल संरक्षण, बाल विकास र बाल सहभागिता) को प्रवर्द्धन गरी स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम स्थानीय तहमा सुशासन अभिबृद्धि गर्न ल्याइएको अवधारणा हो । बाल अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धी र (CRC), १९८९, दीगो विकास लक्ष्यहरु रसन् २०१६ - २०३०) नेपालको संविधानमा भएको बाल अधिकार सम्बन्धी व्यवस्था, पन्ध्रौ योजना र२०७६/०७७-२०८०/०८१), कर्णाली प्रदेशको प्रथम पञ्चवर्षीय योजना र२०७६/०७७-२०८०/०८१) आधार पत्र, बालबालिका सम्बन्धी ऐन, २०७५, स्थानसीय सरकार संचालन ऐन, २०७४, बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति, २०७४ लगायत बालबालिकाको पक्षमा नीतिगत एवं कानुनी प्रावधान राखी बाल अधिकारको समग्रमा पक्षमा वकालत गरेका छन् ।

स्थानीय सरकारको रुपमा वडा, नगरपालिका, गाउँपालिका तथा जिल्ला समन्वय समिति जनताको नजिकमा रहेर सेवा प्रवाह गर्ने स्थानीय तहको रुपमा स्थापित भैसकेका छन् । यसै सन्दर्भमा बालअधिकारको विषयलाई स्थानीय सतहको समग्र कार्य पद्धति र प्रणालीमा आन्तरिकीकरण गर्दै कार्यान्वयनमा लैजान उपयुक्त देखिन्छ । जनताका नजीकमा रहेका सरकारहरुलाई वालवालिकाको जीवन प्रति सम्वेदनशील वनाउनु भनेको दीगो समाजको आधार भएकाले बालमैत्री स्थानीय शासन समग्र विकासको मुटू भएको स्वीकार गरिएको छ ।

## ३. १७ बालमैत्री स्थानीय शासनको कार्यक्षेत्र

बालमैत्री स्थानीय शासन कार्यन्वयन गर्ने सन्दर्भमा स्थानीयस्तरमा क्रियाशील स्थानीय तहहरु, विषयगत कार्यालयहरु, स्थानीय गैरसरकारी संस्थाहरु, सामाजिक विकास र परिचालनसँग सम्बन्धित संघसंस्थाहरु र सेवा प्रवाहसँग सम्बन्धितस्थानीय तहमा कार्यरत निकायहरुलाई वालमैत्री मार्गमा जान दिशावोध गर्नु वालमैत्री स्थानीय शासनको मूल कार्यादेश हो । यस सन्दर्भमा गुरांश गाउंपालिकाको वस्तुस्थिति विवरण सहयोगी र उपयोगी हुनेछ । यसको आधारमा बालबालिकाको लागि स्थानीय तहमा सहभागितामूलक योजना छनौट, बजेट विनियोजन तथा कार्यान्वयन गर्न सहज हुनेछ । वाल मैत्री स्थानीयको कार्य क्षेत्र भन्नु नै ४ प्रकारका वाल अधिकार संग सम्वन्धित सवालहरु नै हुन् ।

## ३.१८ बालमैत्री स्थानीय शासन कार्यक्रमका साझेदार तथा सहयोगी संस्थाहरु

संघीय तहमा राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, शिक्षा मन्त्रालय, श्रम तथा यातायात व्यवस्था मन्त्रालय, कानून न्याय तथा संसदीय व्यवस्था मन्त्रालय, राष्ट्रिय वाल अधिकार परिषद, बालमैत्री स्थानीय शासन राष्ट्रिय समिति, समाज कल्याण परिषद, बालबालिकाको क्षेत्रमा कार्यरत विकास साझेदार र गैरसरकारी संस्थाहरु रहेका छन् ।

प्रदेश तहमा प्रदेश सरकारको सामाजिक विकास मन्त्रालय जिम्मेवार निकायका रुपमा लिन सकिन्छ । जिल्ला स्तरमा नेपाल सरकारको शिक्षा विकास तथा समन्वय इकाई र प्रदेश सरकारको सामाजिक विकास कार्यालय, बाल संजाल, महिला संजाल तथा गैर सरकारी संस्था जिल्ला स्तरका साझेदारहरु हुन भने स्थानीय तहमा गाउंपालिका र नगरपालिकाको कार्यपालिकाको कार्यालयको महिला, वालवालिका तथा जेष्ठ नागरिक उपशाखा, बालमैत्री स्थानीय शासन गाउँपालिका समिति, सामुदायिक संस्था, सेवा केन्द्र, विद्यालय, स्वास्थ्य संस्था, गै.स.स. सहित अन्य संघ संस्थाहरु साझेदार तथा सहयोगी संस्था हुन सक्दछन् ।

## गुरांश गाउंपालिकालाई बालमैत्री स्थानीय शासन युक्त वनाउन अवाकस विश्लेषण-

| सवल पक्षहरु | सुधार्नु पर्ने पक्षहरु |
|---|---|
| गाउं सभाबाट बालमैत्री स्थानीय शासनको नीतिगत निर्णय | विद्यालय नियमितता र आधारभूत सेवा एवं गुणस्तरमा समस्या रविद्यालयमा पानी सहितको शौचालय, स्यानिटरी प्याड लगायतको व्यवस्था भइनसकेको) |
| बालमैत्री स्थानीय शासनका लागि नीति, कार्यक्रम र बजेटको निर्णय तथा बालबालिकाका लागि बजेट विनियोजन | वालवालिकाका सवालमा आर्थिक लगानीमा कमी |
| बालमैत्री स्थानीय शासनका लागि प्रतिवद्धता | बाल संरक्षण संरचनाको निरन्तरता तथा पुनर्गठन नभएको, क्षमता विकास नभएको |
| बाल क्लव तथा संजाल गठन भएको | बालबालिकाको प्रोफाइल र बालबालिकाको विशिष्टीकृत तथ्यांकको अभाव |
| बालबालिकासँग काम गर्ने संस्थासँग साझेदारी विकास भएको | नियमित अनुगमन तथा मुल्यांकन नभएको |
| गाउंपालिकाखुला दिशामुक्त, पूर्ण साक्षर र पुर्ण खोप घोषणा भईसकेको | नियमित अनुगमन तथा मुल्यांकन नभएको |
| बाल संरक्षण संरचनाको निरन्तरता | अभिभावक तथा सरोकारवालाहरुको बालअधिकार तथा बालबालिकाप्रतिको बुझाइ, सोच र बालमैत्री व्यवहारमा कमी |
| | नियमित अनुगमन तथा मुल्यांकन नभएको |
| | बालबालिकाको बजेट बालबालिकाका सवालमा नै प्रभावकारी रुपमा कार्यान्वयन अभाव |
| | अपाङ्गता भएका बालबालिकालाई प्राथमिकतामा राख्न नसकिएको |
| **अवसरहरु** | **वाधा तथा चुनौतीहरु** |
| संघ, प्रदेश र स्थानीय तहमा वालमैत्री स्थानीय शासन सम्वन्धी राष्ट्रिय रणनीति र कार्यविधि तथा अन्य आवश्यक नीतिगत व्यवस्थाहरु छन् । | जन प्रतिनिधि र सरोकारवालामा दीगो र समावेशी विकासको औचित्य र वुझाईमा एकरुपता र संवेदनशीलताको कमी |
| नेपालको संविधानमा बालअधिकार मौलिक हकमा संस्थागत गरिएको छ । | सरोकारवालाहरुबाट कार्यक्रमहरुकोलागि स्रोतको न्यूनता अभाव, निरन्तरता र दीगोपनको समस्या |

| | |
|---|---|
| नेपालले बालअधिकार महासन्धी लगायत अन्तरराष्ट्रिय मानव अधिकार सम्वन्धी दस्तावेजहरुमा प्रतिवद्धता जनाएको छ । | विकास साझेदार वीच समन्वय, सहकार्य र साझेदारीको कमी |
| नेपालले बालअधिकार महासन्धी लगायत अन्तरराष्ट्रिय मानव अधिकार सम्वन्धी दस्तावेजहरुमा प्रतिवद्धता जनाएको छ | परम्परागत अभ्यास, सोच र हानीकारक अभ्यास |
| वाल अधिकारको संस्थागत सुनिश्चितताका लागि विभिन्न नीति र योजनाहरु वनेका छन् । | गरिवी |
| बालबालिकाको पोषण, शिक्षा, छात्रवृति, बाल क्लव संचालन तथा सहजीकरण, अतिरिक्त कृयाकलाप, दिवा खाजा, क्षमता विकास, दृष्टिविहिन बालबालिकाहरुका लागि शैक्षिक सहयोग लगायतका सवालमा साझेदार संस्थाहरु कृयाशील छन् | छिमेकी अन्य स्थानीय तहहरु बाल मैत्री नभएका |
| संचार क्षेत्रको प्रतिवद्धता र साझेदारी रहेका | अभिभावक तथा सरोकारवालाहरुको बालअधिकार तथा बालबालिकाप्रतिको बुझाइ, सोच र बालमैत्री व्यवहारमा कमी |
| कर्णाली प्रदेश सरकार वालवालिकाहरु र विशेष गरी वालिकाको जीवनको सुरक्षा प्रति निकै संवेदनशील छ । | बालबालिकासँग सम्वन्धित नीति, कार्यविधि र श्रोतको अभाव, गाउंपालिकामा छुट्टै बालकोष नभएको र बालकोष संचालन कार्यविधि पनि नबनेको |

## ३.१९ बालमैत्री स्थानीय शासन

बालमैत्री स्थानीय शासन भनेको हाम्रो परिवार, समाज, स्थानीयस्तर र सरकारको सबै तहमा भएको एउटा यस्तो संयन्त्र वा प्रक्रिया हो जहाँ वालवालिकाको जीवनका वारेमा गम्भीर रुपमा सोचिएको हुन्छ र उनीहरुलाई दीगो समाजको आधार मानिएको हुन्छ र स्थानीयस्तरको योजना तर्जमा, बजेट बाँडफाड र निर्णय कार्यान्वयनमा वालमैत्री चिन्तनले निर्णायक प्रभाव पारिरहेको हुन्छ ।

जुन स्थानीय तहमा बालमैत्री सुशासन हुन्छ त्यहाँ आफुले चाहेको विषयमा आफ्ना विचारहरु राख्न पाउने, परिवार, समुदाय र सामाजिक जीवनमा सहभागी हुने, स्वास्थ्य सेवा, शिक्षा र आवास जस्ता आधारभूत सेवाहरुको उपलब्धता, सफा पानी प्राप्त गर्ने र आवश्यक, सरसफाईको प्राप्ति, दुर्व्यवहार, हिंसा र वेचविखनबाट संरक्षित हुन पाउने अधिकारहरुपनि बालमैत्री स्थानीय शासनमा संरक्षित गरिएका हुन्छन् ।

सुखद भविश्यको राम्रो सम्भावना बोकेको गुरास गाउँपालिकामा विद्यालय, घरपरिवार, सार्वजनिक सरोकारका स्थल, कार्यालय तथा संघ संस्थाहरुलाई बालमैत्री बनाउने, गरिवी न्यूनीकरण अभियान मार्फत जनताको जीवनस्तरमा गुणात्मक सुधार ल्याउने, प्राकृतिक र मानव निर्मित वातावरण बीचको सन्तुलन कायम गर्दै सबै प्रकारका मानवीय गतिविधिको लागि स्वच्छ एवं बालमैत्री भौतिक वातावरणको सिर्जना गरी दिगो विकासतर्फ उन्मुख हुने क्रममा बाल बचावट, बाल संरक्षण, बाल विकास र बालसहभागिता जस्ता आधार भूत अधिकारहरुको संरक्षण र सम्बर्द्धन गर्ने लक्ष्य निर्धारण गरेको छ । स्थानीय तहमा प्राप्त हुने कूल वजेटको बालबालिकाको क्षेत्रमा १५ प्रतिशतमा नघट्ने गरी निश्चित रकम विनियोजनका लागि बालभेला मार्फत आएका माग र बाल अधिकारका ४ क्षेत्रहरुलाई आधार मानी बजेट लगानी गर्दै आएमा क्रमश........समावेशी विकासका प्रतिफल देखिदै जान्छन् ।

## ३.१९ गुरांश गाउंपालिकामा बालमैत्री स्थानिय शासनका रणनीति तथा कार्यनीतिहरु

| रणनीति | कार्यनीति | जिम्मेवारी |
|---|---|---|
| मूलप्रवाहीकरण | बाल अधिकारको बिषयलाई गाउंपालिकाको नीति, योजना, कार्यक्रम र कार्यपद्धतिमा समाहित गर्ने । | • गाउं कार्यपालिका |
| | बालमैत्री तरिकाले योजना तथा कार्यक्रम संचालन भए नभएको, अपेक्षित उपलब्धि हासिल भए नभएको सम्बन्धमा नियमित परीक्षण गर्ने । | |
| सचेतना, कार्यान्वयन तथा पैरवी | बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यक्रम संचालन गर्न आवश्यक पर्ने नियम, कार्यविधि र निर्देशिका तर्जुमा गरी कार्यान्वयन गर्ने गराउने | • गाउं कार्यपालिकाको कार्यालय, विषयगत शाखाहरु वडा कार्यालयहरु विकास साझेदारहरू बालबालिकाका क्षेत्रमा कार्यरत गैर सरकारी संस्थाहरु वाल क्लव तथा संजालहरु |
| | विद्यमान कानुनलाई बालमैत्री अनुकूल हुनेगरी संशोधन गर्ने गराउने | |
| | बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यक्रमहरु गुरांश गाउंपालिकामा संचालनको लागि नेपाल सरकार, कर्णाली प्रदेश सरकार र विकास साझेदारहरुको लगानीको वातावरणका लागि पैरवी गर्ने | |
| संस्थागत विकास | गाउपालिका, वडा र समुदायस्तरमा बालमैत्री स्थानीय शासनको लागि आवश्यक संस्थागत संयन्त्रको विकास गर्ने । | • गाउंपालिका तथा विषयगत शाखा तथा समितिहरु<br>• विकास साझेदारहरू |
| | गाउं र वडा बाल अधिकार समिति र बालमैत्री स्थानीय शासन समितीहको गठन तथा संस्थागत क्षमता विकास गर्ने | |
| | बालमैत्री स्थानीय शासनको प्रवर्द्धनका लागि विभिन्न शाखाहरु, समितिहरूमा सांगठनिक व्यवस्था मिलाउने । | |

| | | |
|---|---|---|
| संस्थागत विकास | बालबालिकाका संस्थाहरू सूचीकृत गर्ने, संजाल निर्माण गर्नका साथै उनीहरूको क्षमता विकासमा प्रोत्साहन गर्दै गाउंपालिकामा अनौपचारिक संयन्त्र निर्माण गरी बालबालिका सम्बन्धी मामला उजागर गर्ने | • बालबालिकाका क्षेत्रमा कार्यरत गैरसरकारी संस्थाहरु<br>• सामुदायिक संस्थाहरु |
| | गाउंपालिकास्तरमा खडा भएका स्वास्थ्य संस्था व्यवस्थापन समिति, विद्यालय व्यवस्थापन समिति, स्थानीय बाल संजाल, खानेपानी, नागरिक संगठन, वाल अधिकार अभियन्ताहरु, श्रोत व्यक्ति वा परामर्शदाताहरु, सामुदायिक बन, सामुदायिक संस्था जस्ता समूहहरू, गैरसरकारी संस्था जिल्ला संजाल जस्ता निकायहरूका बीचमा सामन्जस्यता कायम गरी यस रणनीतिमा उल्लेख भएका सूचकहरू प्राप्तिको लागि संस्थागत र प्रणालीगत साझेदारी विकास गर्ने | |
| | स्थानीय स्तरमा रहेका अधिकारमूखि, सामाजिक अभियानमूखि, सामुदायिक समिति,तथा यस्तै प्रकृतिका अन्य संस्थाहरूलाई यस प्रक्रियामा आवद्ध गरी साझेदारी बढाउने | |
| | बालबालिकासँग प्रत्यक्ष सरोकार राख्ने संरचनाहरूमा बाल प्रतिनिधित्वको संस्थागत व्यवस्था मिलाउने | |
| क्षमता विकास | विभिन्न तहका साझेदार र सहयोगीहरूबीच कार्यगत संजाल निर्माण गर्ने र आर्थिक तथा प्राविधिक सहयोग प्राप्त गर्ने | • गाउंपालिका तथा विषयगत शाखा तथा समितिहरु<br>• विकास साझेदारहरू<br>• बालबालिकाका क्षेत्रमा कार्यरत गैरसरकारी संस्थाहरु<br>• सामुदायिक संस्थाहरु<br>• बाल क्लवहरु र वाल संजाल |
| | अध्ययन, अनुसन्धान, तालिम, गोष्ठी तथा सेमिनारहरू संचालन गर्ने | |
| | प्रचार प्रसारको रणनीति तयार गरी छापा तथा विद्युतिय संचार माध्यमद्वारा प्रचार प्रसार गर्ने | |
| | स्रोत व्यक्ति एवं प्रशिक्षकहरूको सूची तयारी, परिचालन, सूचना र स्रोत केन्द्र स्थापना तथा सुदृढीकरण गर्ने | |

| | | |
|---|---|---|
| सहकार्य र साझेदारी प्रवर्द्धन | बाल अधिकारको संरक्षण सम्बन्धी योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमन र मूल्याङ्कनमा स्थानीय विकासका साझेदार तथा अन्तर्राष्ट्रिय विकास समुदायसंगको सहकार्य र साझेदारीलाई व्यापक तुल्याउने | • गाउं कार्यपालिकाको कार्यालय<br>• विकासका साझेदार<br>• सामाजिक संघ संस्थाहरु<br>• बाल क्लवहरु |
| | विभिन्न साझेदारको सक्षमता र सफल कार्यपद्धतिको अनुसरण गर्ने । | |
| सामुदायिक परिचालन | स्थानीयस्तरमा बाल अधिकारको संरक्षण कार्यलाई प्रभावकारी तुल्याउन समूह र संस्था निर्माण गर्ने | • गाउंपालिका तथा विषयगत शाखा तथा समितिहरु<br>• विकास साझेदारहरू<br>• बालबालिकाका क्षेत्रमा कार्यरत गैरसरकारी संस्थाहरु<br>• सामुदायिक संस्थाहरु<br>• बाल क्लवहरु |
| | बाल अधिकारको संरक्षण र बाल विकासका क्षेत्रमा अभियानमूलक कार्यक्रम संचालनका लागि समुदायस्तरका समूह तथा संगठनलाई परिचालन गर्ने | |
| | समुदायस्तरका संस्थाको क्षमता विकासका लागि विशेष कार्यक्रम संचालन गर्ने | |
| सामाजिक जवाफदेहिता र पारदर्शिता | बाल अधिकार तथा बाल विकासका क्षेत्रमा स्थानीय तह तथा संघसंस्थाबाट संचालित कार्यक्रम तथा तत्सम्बन्धी साधनस्रोत परिचालनका बारेमा यथार्थ जानकारी दिने | • विकास साझेदार<br>• गाउंपालिका<br>• बालबालिकाको क्षेत्रमा कार्यरत गैर सरकारी संस्थाहरु |
| | सूचना तथा जानकारी संकलन, अभिलेखीकरण र सार्वजनिक गर्ने | |
| | बालमैत्री स्थानीय शासनको प्रभावकारिताका सम्बन्धमा सार्वजनिक सुनुवाइ गर्ने | |
| सामाजिक समावेशीकरण | स्थानीय सीमान्तीकृत समुदाय, गरीब, सबै प्रकारका अपांगता भएका बालबालिका, पिछडिएका वर्गका बालबालिकाका लागि विशेष कार्यक्रम संचालन गर्ने | • गाउंपालिकाको कार्यपालिकाको कार्यालय<br>• विषगगत शाखा |

| | | |
|---|---|---|
| सामाजिक समावेशीकरण | | • वडा समिति र वडा कार्यालयहरु<br>• विकास साझेदार<br>• बाल क्लव तथा संजालहरु |
| | वडा समिति तथा गाउँपालिकामा सूचना, शिक्षा र संचारको माध्यमबाट व्यवहार परिवर्तन ङ्ड बालबालिकाप्रतिको धारणामा परिवर्तन गर्न र उनीहरूको अधिकार र हितप्रतिको संवेदनशीलता बढाउन प्रचार प्रसार गर्ने | |
| | स्थानीयस्तरका शिक्षण संस्थाको पाठ्यक्रममा बालअधिकारको विषय समावेश गराउने | |
| अनुगमन तथा मूल्याङ्कन | बालमैत्री स्थानीय शासन सम्बन्धी न्यूनतम् सूचक सरोकाबालाहरूलाई जानकारी गराउने र संचालित कार्यक्रमहरूको प्रभावकारिता र नतिजा अनुगमन गर्ने | • गाउं कार्यपालिकाको कार्यालय<br>• वडा समिति र वडा कार्यालयहरु<br>• विषयगत शाखाहरु<br>• विकास साझेदार<br>• बालबालिकाका क्षेत्रमा कार्यरत गैर सरकारी संस्था<br>• बाल क्लव तथा संजाल |
| | विद्यमान संघीय तथा कर्णाली प्रदेशको नीति तथा कानुनी व्यवस्था अनुरुप गाउंपालिकामा बालमैत्री स्थानीय शासनसम्बन्धी कार्यक्रमहरू संचालन भए नभएको अनुगमन गर्ने | |
| | बालबालिकाको लागि स्थानीय विकास योजना बनाई संचालन गरे नगरेको अनुगमन गर्ने | |
| | बालबालिकासम्बन्धी योजनामा आवश्यक बजेट विनियोजन गरे नगरेको अनुगमन गर्ने | |
| | बालबालिकाको अवस्थासम्बन्धी वार्षिक प्रतिवेदन तयार गरे नगरेको अनुगमन गर्ने । | |
| | बालमैत्री स्थानीय शासन कार्यक्रम संचालन सम्बन्धमा आवश्यक नीति, नियम, निर्देशिका, कार्यविधि तथा आचारसंहिता बने नबनेको अनुगमन गर्ने | |
| | सूचक निर्धारण गरी उत्कृष्ट काम गर्ने बालसमूह, सामुदायिक संस्था, गाँउ/नगरको वडा, गाउं कार्यपालिकाको कार्यालय, विषयगत शाखाहरु, विकास साझेदार, बालबालिकाका क्षेत्रमा कार्यरत गैर सरकारी संस्था, बाल क्लव तथा संजाल र अन्य सहयोगी व्यक्ति विशेषलाई समेत पुरस्कृत गर्ने | |

# खण्ड ४ : वालवालिकाको वस्तुस्थिति विवरण

## ४.जनसंख्या विवरण

### ४.१ उमेर समूह तथा लिंगाको आधारमा वालवालिकाहरु

| उमेर समूह | वडा नं | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १९ वर्ष भन्दा माथी | महिला | ६९९ | ८५२ | ९२८ | १२७५ | १०५६ | ९२९ | ६७० | ७१० | ७११९ |
| | पुरुष | ७५८ | ८५६ | ९५५ | १२५५ | १०७७ | ९५१ | ६९५ | ७३७ | ७२८४ |
| | जम्मा | १४५७ | १७०८ | १८८३ | २५३० | २१३३ | १८८० | १३६५ | १४४७ | १४४०३ |
| एक वर्ष भन्दा कम | | ४८ | ७० | ६१ | १०४ | ७६ | ६२ | ४६ | ४८ | ५१५ |
| १ देखि २ वर्ष | | ७९ | ७६ | ७९ | ९३ | ९७ | ८० | ४२ | ५९ | ६०५ |
| ३ देखि ५ वर्ष | | १७३ | १९७ | १८० | २१६ | २०७ | २१७ | १६० | १२७ | १४७७ |
| ६ देखि ७ वर्ष | | १२० | १४६ | १३३ | १५४ | १३८ | १४९ | १११ | ९५ | १०४६ |
| ८ देखि ९ वर्ष उमेर समूह | | १४४ | १६९ | ११९ | १४३ | १३२ | १३९ | १०३ | ११२ | १०६१ |
| १० देखि १४ वर्ष उमेर समूह | | २९६ | ३७१ | ३५४ | ३९८ | ४२९ | ३८७ | २९७ | ३०६ | २८३८ |
| १५ देखि १६ वर्ष उमेर समूह | | १२७ | १४८ | १४० | १९३ | १५२ | १४९ | १३९ | १२७ | ११७५ |
| १७ देखि १८ वर्ष उमर समूह | | ११८ | १२५ | १२२ | १५० | १३५ | १२७ | १२० | १०५ | १००२ |
| १८ वर्ष भन्दा कम उमेर समूहको जम्मा जनसंख्या | | ११०५ | १३०२ | ११८८ | १४५१ | १३६६ | १३१० | १०१८ | ९७९ | ९७१९ |
| **जम्मा जनसंख्या** | | २५६२ | ३०१० | ३०७१ | ३९८१ | ३४९९ | ३१९० | २३८३ | २४२६ | २४१२२ |

**तालिका १ :उमेर समूह तथा लिंगको आधारमा वालवालिकाहरु**

घरधुरी सर्वेक्षण २०७६ का अनुसार यस गाउपालिकाको जम्मा जनसंख्या २४१२२ रहेको छ १८ वर्ष भन्दा कम उमेरको जनसंख्या ९७१९ र १९ वर्ष भन्दा माथीको जनसंख्या १४४०३ रहेको छ ।

## ४.२ जातिगत अनुसार बालबालिका

| जातजाति | बालिका | बालक | महिला | पुरुष | जम्मा |
|---|---|---|---|---|---|
| ब्राहमण | ११६ | ९३ | १७८ | १७६ | ५६३ |
| दलित | १३६८ | १४८३ | १७३६ | १७८२ | ६३६९ |
| जाजाति | ५०४ | ५७१ | ८९० | ८९८ | २८६३ |
| क्षेत्री | २६२८ | २९५६ | ४३१५ | ४४२८ | १४३२७ |
| जम्मा | ४६१६ | ५१०३ | ७११९ | ७२८४ | २४१२२ |

**तालिका : २ जातिगत अनुसार बालबालिका**

यस पालिका ब्राम्हण बालिका ११६, बालक ९३, महिला १७८ र पुरुष १७८ गरी जम्मा ५६३ रहेका छन् भने दलित बालिका १३६८, बालक १४८३, महिला १७३६, पुरुष १७८२ गरी जम्मा ६३६९ जना रहेका छन् । त्यसैगरी जनजाति बालिका ५०४, बालक ५७१, महिला ८९०, पुरुष ८९८ गरी २८६३ रहेको छ भने क्षेत्री बालिका २६२८, बालक ५१०३, महिला ४३१५, पुरुष ४४२८ गरी १४३२७ रहेका छन् । यस पालिका जम्मा ४६१६ बालिका ५१०३ बालक , महिला ७११९ र पुरुष ७२८४ गरी जम्मा जनसंख्या २४१२२ रहेको छ ।

## वडा अनुसार घरधुरीको विवरण

| वडा नं | दलित | जनजाति | बाह्मण | क्षेत्री | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | १३१ | १०० | २ | २६० | ० | ४९३ |
| २ | २४५ | २९ | ४ | २९० | ० | ५६८ |
| ३ | १६२ | ९७ | ३६ | २५३ | ० | ५४८ |
| ४ | २०९ | १५७ | ४९ | ३२७ | ० | ७४२ |
| ५ | २०९ | १०२ | ८ | ३३४ | ० | ६५३ |
| ६ | ११५ | ९ | ८ | ४०६ | ० | ५३८ |
| ७ | ४० | ५३ | १ | ३१८ | ० | ४१२ |
| ८ | २९ | ० | ० | ३६४ | ० | ३९३ |
| **जम्मा** | ११४० | ५४७ | १०८ | २५५२ | | ४३४७ |

**तालिका ३ : वडा अनुसार घरधुरीको विवरण**

यस गाउपालिकामा सबै भन्दा बढी क्षेत्रीहरुको सबै भन्दा बढी घरधुरी क्षेत्रीहरुको २५२५ रहेको छ भने कम घरधुरी  बाह्मण १०८ जनजाति ५४७ र दलित ११४० रहेका छन्। क्षेत्री भन्दा दोस्रो बाहुल्यता यस गाउपालिकामा दलितहरुको देखिन्छ। तेस्रोमा जनजाति र चौथोमा बाह्मण रहेका छन्। सबै भन्दा बढी दलितहरुको बाहुल्यता वडा नं २ मा देखिन्छ भने जनजातिहरुको वडा नं ४ मा बाक्लो बसोबास रहेको छ।

## ४.३ जनसंख्या र जनसंख्या बृद्धिदर

राष्ट्रिय जनगणना २०६८ का अनुसार यस गाउपालिकाको जम्मा जनसंख्या गुराँस गाउँपालिकाको जम्मा जनसंख्या २२०३३ मा महिला ११३५८  जना र पुरुष १०६७५ जना छन्। घरधुरी सर्वेक्षण २०७६ का अनुसार यस पालिकामा जम्मा जनसंख्या २४१२२ रहेको छ जसमध्ये १८ वर्ष मुनीका वालवालिकाको जनसंख्या ९७१६ र १८ वर्ष भन्दा माथीको जनसंख्या १४४०३ रहेको छ।  समग्रमा राष्ट्रिय बृद्धिदर सँगै यहाँको पनि बृद्धिदरले मेल खान्छ। सानो भूभाग सबै स्थानमा राजमार्गको पहुँच र व्यापारीक केन्द्र समेत रहेको गुरास गाउँपालिकामा वसोवास गर्नेको संख्यामा भने हरेक वर्ष बृद्धि हुदै गईरहेको छ। अहिले परिवार नियोजनाका साधनको प्रभाव र सानो परिवारको सोचले गर्दा सन्तान थोरै जन्माउनु पर्छ भन्ने मान्यता यस गाउंपालिकामा वढ्दै गएको छ।

## ४.४ बालविवाहको अवस्था

विवाहका लागि कानूनमा न्यूनतम् उमेर तोकेको हुन्छ। उक्त उमेर नपुग्दै विवाह  गरिन्छ भने त्यसलाई बाल विवाहकोरुपमा वा उमेर नपुगी गरेको विवाहकोरुपमा लिने गरिन्छ। हाम्रो समाजमा बाल विवाह भनेको सामाजिक कलङ्कको रुपमा जकडीएर रहेको पाइन्छ। बाल विवाह हुनका कारण समयक्रम अनुसार र विकासको स्तर र समुदाय पिच्छे फरक फरक रहेको हुन्छ।

कानूनी हिसावले हेर्दा बालबालिका सम्वन्धी ऐन २०७५ को दफा ६६ मा बालबालिका विरुद्धको कसुर को व्यवस्था गरेका छ भने जसको उपदफा (२)(ण)माबाल बालिकाको विवाह तय गर्ने वा बालबालिका संग विवाह गर्ने वा गराउने कसुर जन्य कार्य हो भनी उल्लेख गरेको छ। त्यसै गरी मुलुकी अपराध सहिता ऐन, २०७४दफा २१९ जवर्जस्ती करणी गर्न नहुने व्यवस्था गरेको छ जसको उपधार(२)मा कसैले कुनै महिलालाई निजको मञ्जुरी नलिई करणी गरेमा वा मञ्जुरी लिएर भए पनि अठार वर्ष भन्दा कम उमेरको कुनै बालिकालाई करणी गरेमा निजले त्यस्तो महिला वा बालबालिकालाई जवर्जस्ती करणी गरेको मानिने छ । सचेतनाको विस्तारले परिवारले बालविवाह गरि दिने प्रचलनमा क्रमश: कम भएको भए पनि आफुखुसी वाल विवाह गर्ने चलन वढेको आमसञ्चारको माध्यमबाट सुन्न पाइन्छ।

## तालिका ४ : वडागतरुपमा विवाहको अवस्था

| वडा नं | ब्राह्मण | | जम्मा ब्राह्मण | दलित | | दलित जम्मा | जनजाती | | जनजाति जम्मा | क्षेत्री | | क्षेत्री जम्मा | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | | महिला | पुरुष | | महिला | पुरुष | | महिला | पुरुष | | |
| १ | | | | ३ | १ | ४ | १ | | १ | ६ | १ | ७ | १२ |
| २ | | | | २ | ४ | ६ | ३ | १ | ४ | ३ | ८ | ११ | २१ |
| ३ | | १ | १ | ६ | ६ | १२ | २ | ३ | ५ | ५ | ७ | १२ | ३० |
| ४ | | | | २ | | २ | १ | | १ | २ | १ | ३ | ६ |
| ५ | | | | १ | | १ | २ | १ | ३ | २ | २ | ४ | ८ |
| ६ | २ | १ | ३ | १ | १ | २ | | | | ६ | १२ | १८ | २३ |
| ७ | | | | | | | | | | ११ | ४ | १५ | १५ |
| ८ | | | | | १ | १ | | | | ८ | ७ | १५ | १६ |
| जम्मा | २ | २ | ४ | १५ | १३ | २८ | ९ | ५ | १४ | ४३ | ४२ | ८५ | १३१ |

**श्रोत :वडा बालअधिकार समितिको तथ्याँक**

वडा बालअधिकार समितिको तथ्याँक अनुसार यस पालिकामा जनवरी २०२० देखि सेप्टेम्बर २०२० सम्मको यस पालिकामा १ सय ३१ जनाले विवाह गरेका छन्। त्यो मध्ये सबै भन्दा बढी विवाह गर्नेमा वडा नं ३ रहेको छ भने सबै भन्दा कम विवाह गर्नेमा वडा नं ४ रहेको देखिन्छ।


## तालिका ५ : वडा अनुसार बालविवाह गर्नेको संख्या

| जातजाती | वडा अनुसार बालविवाह गर्नेको संख्या | | | | | | | | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | |
| ब्राह्मण जम्मा | | | | | | १ | | | १ |
| दलित जम्मा | ४ | ४ | १० | २ | १ | १ | | १ | २३ |
| जनाजाति जम्मा | | | १ | | ३ | | | | ४ |
| क्षेत्री जम्मा | ५ | २ | ४ | २ | १ | ८ | १३ | १० | ४५ |
| कुल जम्मा | ९ | ६ | १५ | ४ | ५ | १० | १३ | ११ | ७३ |

श्रोत : वडा बालअधिकार समितिको तथ्याँक

जनवरी २०२० देखि सेप्टेम्बर २०२० सम्मा गुराँस गाउपालिकामा भएका १३१ विवाह मध्ये ७३ वटा बालविवाह भएका थिए। जसमध्ये सबै भन्दा बढी बालविवाह वडा ३ मा १५ वडा नं ७ मा १३ र वडा नं ६ मा १० वटा बालविवाह भएका छन् भने सबै भन्दा कम बालविवाह वडा नं ४ मा भएको देखिन्छ।

## चित्र १ : प्रतिशतका आधारमा विवाहको अवस्था




*आर्थिक वर्ष २०७६/२०७७ मा २०७६ को पौष देखि २०७७ को असोज सम्म यसपालिकामा १८ वर्षमुनि विहे गर्नेको संख्या विगत ६ महिनामा २१ दशमलव ३७ प्रतिशत रहेको छ भने १८ देखि २० वर्ष उमेर समूहमा विवाह गर्नेको अवस्था ३४ दशमलव ३५ प्रतिशत रहे को देखिन्छ । २० वर्षमुनि विहे गर्नेको प्रतिशत ५५ दशमलव ७३ रहेको छ ।*

## ४.५ जन्म दर्ताको अवस्था

गुराँस गाउँपालिकाका ८ वडामा रहेका पञ्जिकाधिकारीको कार्यालयहरुबाट व्यक्तिगत घटना दर्ता सम्वन्धी कामहरु हुदै आएका छन् । परिवार वा व्यक्तिगत घटना समयमै दर्ता गरी वैधानिकता दिनु प्रत्येक नागरिकको कर्तव्य हो । वालवालिकाहरुको जन्म दर्तालाइ प्रभावकारी वनाउन नेपाल सरकारले विद्यालय भर्ना गर्दा वा सामाजिक सुरक्षा कार्यक्रम अर्न्तगत बाल संरक्षण अनुदानका लागि लाभग्राहीकोरुपमा दर्ता हुन लगायत विभिन्न सेवा सुविधाका लागि जन्मदर्ता प्रमाण पत्रलाई अनिवार्य गरेका पछि आमा मानिसमा व्यक्तिगत घटना दर्ता गराउन जरुरी छ भन्ने चेतना फैलिएको छ ।

गुराँस गाउँपालिकाको अवस्थालाई हेर्दा प्रदेश सरकारको वैक खाता छोरीको सुरक्षा जीवन भरीको कार्यक्रम, गाउँपालिकाले असहाय, अनाथ तथा जोखिममा रहेका बालबालिकाहरुलाइ संरक्षणका लागि प्रदान गरिने अनुदान सहयोग जस्ता कार्यक्रमले जन्म दर्ता गर्ने परिपाटीलाइ वढावा दिएको अवस्था छ । त्यसै गरी ५ वर्ष मुनीका अधिकाँसको जन्म दर्ता हुने गरेको छ । जन्मदर्ता विना विद्यालयमा भर्ना नहुने र दलित बालबालिका जन्मेकै दिन देखि पोषण भत्ता प्राप्त गर्ने भएको हुदाँ पनि जन्मदर्ता अनिवार्य जस्तै भएको छ ।

| वडा नं | ५ वर्षमुनिका बालबालिका | | | | ६ देखि १८ वर्ष सम्मका बालबालिका | | | |
|---|---|---|---|---|---|---|---|---|
| | जन्म दर्ता गराएको संख्या | | जन्म दर्ता नगराएको संख्या | | जन्म दर्ता गराएको संख्या | | जन्म दर्ता नगराएको संख्या | |
| | बालक | बालिका | बालक | बालिका | बालक | बालिका | बालक | बालिका |
| १ | ११८ | १३३ | ५ | ७ | ४५० | ४०० | ६ | ७ |
| २ | ३२० | २७२ | ११ | ४ | ३३२ | ३१९ | २ | २ |
| ३ | १३३ | १२७ | १३ | १० | ३९१ | ३६८ | २ | २ |
| ४ | १७९ | १६७ | १४ | १८ | ४८४ | ४०२ | २ | ४ |
| ५ | १५२ | १३२ | २३ | २९ | ४३३ | ३७८ | ४ | ४ |
| ६ | १४१ | १४८ | ११ | १९ | ४४० | ३६४ | ३ | ० |
| ७ | ७९ | ६६ | ९ | ९ | २४८ | २२६ | २ | ० |
| ८ | ७८ | ७९ | १९ | २७ | ३६५ | ३४२ | १० | ९ |
| जम्मा | १२०० | ११२४ | १०५ | १२३ | ३१४३ | २७९९ | ३१ | २८ |

**तालिका ६ : जन्म दर्ताको अवस्था**

५ वर्षमुनिका बालक १२००, बालिका ११२४ जन्मदर्ता गराएका छनभने १०५ बालक र १२३ बालिकाले अझै पनि जन्मदर्ता गराएका छैनन् । त्यसैगरी ६ देखि १८ वर्षमुनिका बालक ३१४३ र बालिका २७९९ ले जन्मदर्ता गराएको देखिन्छ भने अझै जन्मदर्ता गर्न बालक ३१ र बालिका २८ बाकिरहेका छन् ।

## ४.६ बाल तथा मातृ स्वास्थ्य

विकासका प्रमुख सूचक मानिने मातृ तथा बाल स्वास्थ्य अवस्थाको सुधारमा गुराँस गाउँपालिकाले उल्लेख्य प्रगति हासिल गरेको छ । विगत ५ वर्षयता नवजात शिशु मृत्युदरसहित बाल मृत्युदर घटेको छ । अन्य स्वास्थ्य अवस्थामा समेत महत्वपूर्ण सुधार आएको देखिन्छ । घरधुरी सर्वेक्षण २०७६ का अनुसार गुराँस गाउँपालिकामा मातृ मृत्युदर र शिशु मृत्युदर शून्य अवस्थामा रहेको छ । त्यसै गरी प्रजनन दर .........रहेको छ भने औषत आयु पुरुष ....वर्ष र महिला ....वर्ष रहेको छ । सर्वेक्षणका अनुसार यस पालिकामा विगत एक वर्ष भित्र ५ वर्षमुनिका ३ जना बालबालिकाको शारीरिक अपाँगता र अन्य रोगका कारण मृत्यु भएको देखिन्छ ।

## ४.७ सुरक्षित मातृत्व कार्यक्रम

सुरक्षित मातृत्व अन्तर्गत गर्भवती स्याहार, सुरक्षित प्रसुति, सुत्केरी स्याहार, परिवार नियोजन, नवजात शिशु स्याहार आदी पर्दछन् । गर्भवती महिलाले कम्तिमा चार पटक गर्भको जाँच गर्नै पर्दछ । पहिलो पटक गर्भवती भएको शंका लाग्ने वित्तिकै, दोस्रो पटक गर्भवती भएको ५ देखि ७ महिना भित्र, तेस्रो पटक ८ महिनामा र चौथो पटक अन्तिम महिनामा गर्भ जाँच गराउनु पर्ने व्यवस्था छ । अहिले सुरक्षित प्रसुति गराउन स्वास्थ्य संस्थामा लैजाने गरिन्छ र स्वास्थ्य संस्थामा प्रसुति गराए वापत महिलाले यातायात खर्च वापत प्रोत्साहन रकम पाउछन् । त्यसैगरी सुत्केरी आमाले स्वास्थ्यकर्मीसँग तीन पटक आफ्नो र नवजात शिशुको जाँच गराउने गरेका छन् । सुत्केरी जाँचमा आमा र नवजात शिशुको खतराका लक्षणहरुपहिचान गर्न शारीरिक जाँच गर्नका साथै स्तनपान, सरसफाइ, आराम, पोषण, नवजातशिशु स्याहार, खोप, परिवार नियोजन, झुलको प्रयोग सम्बन्धमा परामर्श दिइन्छ । गर्भवती भएको अवधिमा ४,६,८ र ९ महिनामा गर्भ जाँच गर्ने महिला ८० प्रतिशत छन् भने सुत्केरी भए पछि वच्चा जन्मेको २४ घण्टा, ३ दिन र ७ दिनमा स्वास्थ्य जाँच गराइएका नवजात बच्चाको प्रतिशत ८७ मात्रै रहेको छ । भौगोलिक विकटता र स्वाथ्य संस्थामा न्यून पहुंचका कारण गर्भवती पश्चात जाँच गराउने महिलाहरुको संख्यामा कमी रहेको छ ।

## ४.८ खोप लगाउने बालबालिकासम्बन्धी विवरण

### एक वर्ष भित्र खोप लगाउने बालबालिकाको विवरण

| खोप/वडा नं | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| बि.सि.जी. (BCG) लगाएको संख्या | ५४ | ८३ | ५२ | ७० | ६९ | ५४ | ४६ | ८१ | ५०९ |
| डि.पि.टि १ (DPT1) लगाएको संख्या | ५५ | ८० | ४५ | ६३ | ५८ | ४७ | ३९ | ७७ | ४६४ |
| डि.पि.टि २ लगाएको संख्या | ५७ | ७८ | ३७ | ५२ | ४४ | ३८ | ३३ | ७६ | ४१५ |
| डि.पि.टि ३ लगाएको संख्या | ५३ | ६८ | ३१ | २१ | ३८ | २७ | २७ | ६३ | ३२८ |
| दादुरा/रुबेला बिरुद्धको खोप लगाएको संख्या हेपटाईटिस वी बिरुद्धको खोप लगाएको संख्या | ४० | ४४ | २१ | ८ | ३३ | १६ | १७ | ४४ | २२३ |
| जम्मा | २६० | ३५५ | १८९ | २१८ | २४७ | १८८ | १६९ | ३४९ | १९३९ |

तालिका ७ : खोप लगाउने बालबालिकासम्बन्धी विवरण

यसपालिकाका अधिकाँस १ वर्षमुनिका बालबालिकाले सबै खोपहरु प्राप्त गर्ने गरेका छन् । विगत एक वर्षमा एक वर्षमुनिका ५०९ बालबालिकाले बि.सि.जी, ४६४ जनाले डि.पि.टि १, ४१५ बालबालिकाले डि.पि.टि २, ३२८ बालबालिकाले डि.पि.टी ३ र २२३ बालबालिकाले दादुरा रुबेला बिरुद्धको खोप लगाएका छन् ।

## ४.९ बालबालिकामा पोषणको स्थिति

ग्रामीण क्षेत्रमा पोषणको उपयुक्त जानकारी अभावले गर्दा गरिब मात्र नभएर हुने खाने वर्गका बालबालिकामा समेत पोषणको कमी हुने गरेको छ । जन्मेदेखि दुई वर्षसम्मका बालबालिकालाई उपयुक्त पोषणको अत्यधिक खाँचो पर्छ । तर, अभिभावकमा आर्थिक मात्र नभई जानकारी अभाव, गलत बानी व्यहोरा र धारणा आदिका कारण उनीहरुको उचित र आवश्यक पोषक तत्वयुक्त खानपान पाइरहेका छैनन् । उसो त, दुई वर्ष पछिदेखि पाँच वर्ष मात्र नभएर कुनै पनि व्यक्तिलाई बाँचुन्चेल उपयुक्त पोषणयुक्त आहाराको आवश्यकता पर्दछ । खाना वा स्याहारको कमीले बालबालिका कमजोर हुँदै जानुका साथै उनीहरुको उचाइमा उचित बृद्धि नहुनुलाई सामान्य भाषामा कुपोषण भनिन्छ । कुपोषणले गर्दा बालबालिकाको रोगसँग लड्ने क्षमता कम हुनुका साथै उनीहरुमा अपेक्षित रुपमा शारीरिक मानसिक विकाससमेत हुन पाउदैन् । २९८८ ले पोषण युक्त खाना पाएका छन् भने ३३२ जना बालबालिका अझै पोषणयुक्त खानाबाट बञ्चित रहेको देखिन्छ ।

## ४.१० बालबालिकामा देखा पर्ने गरेका मुख्य रोगहरु र तिनको उपचार व्यवस्था

नाक बन्द हुने, नाक बाट पानी बग्ने, घाँटी खसखस हुनु, हाच्छिउँ, आउनु, स्वर भारी हुनु, थकाइ लाग्नु, कहिले काहि ज्वरो आउनु वा टाउको दुख्नुजस्ता समस्याले बालबालिकालाई रुघाखोकीले सताउने गर्दछ । यस्ता लक्षणहरु तीन दिनदेखि १० दिनभित्रमा कम हुन्छन् । चिसो याममा रुघाखोकी बढी पाइने गरे पनि रुघाखोकीसँग मौसमको कुनै सम्बन्ध हुदैन। चिसो याममा मानिसहरु झ्याल ढोका थुनेर घरभित्रै बस्ने गर्दछन् त्यसैले भाइरस संक्रमण बढी हुन्छ । रुघाखोकी माथिल्लो सास नलीको भाइरल संक्रमण हो । यो दुई सयभन्दा बढी प्रकारको भाइरसले गर्दा हुन्छ । हरेकपटक शरीरमा नयाँ प्रकारको भाइरसले आक्रमण गरेर रुघाखोकी हुने गरेको छ ।

यहाँका बालबालिका रुघाखोकी बाट बढी प्रभावित देखिन्छन् । त्यसैगरी यहा निमोनिया र झाडापखाला जन्य रोगहरुबाट पनि बालबालिकाहरु प्रभावित हुने गर्दछन् । असुरक्षित खानपान, असुद्ध पानी र घरवरीपरीको फोहरी वातावरणले गर्दा झाडापखाला जन्य रोगहरुले आक्रमण गर्ने हो । दैनिक जीवनयापनलाई मध्यनजर गरी स्वस्थ रहने, पोषिलो खानेकुरा बालबालिकालाई खुवाउने गरेको अवस्थामा यस्ता रोगहरुको आक्रमणबाट बालबालिकालाई बचाउन सकिन्छ ।

| एच.आई.भि. / एड्स | क्षयरोग | क्यान्सर | मधुमेह (चिनीरोग) | मुटु | मृगौला |
|---|---|---|---|---|---|
| १ | ८ | ३ | १ | ३ | ० |

**तालिका ८ : वालवालिकालाई लाग्ने रोगहरु वडागत**

यस पालिकामा बालबालिकाहरुमा एच.आई.भि.एड्स, क्षयरोग, क्यानसर, मधुमेश, मुटुरोग र मृगौला सम्बन्धि विभिन्न समस्याहरु देखिने गरेका छन् । जसमध्ये यस पालिकामा एच.आई.भि एड्स प्रभावित १ जना, क्षयरोग ८, क्यान्सर ३, मधुमेह १ र मृटु रोगबाट प्रभावित हुनेहरुको संख्या ३ रहेको छ भने मृगौला रोग बाट प्रभावित हुनेहरुको संख्या देखिएको छैन् ।

## ४.११ परिवार नियोजनको साधन प्रयोगकर्ताको विवरण

नेपालमा १५ देखि २९ वर्ष समूहका करिब ३५ प्रतिशत युवायुवतीमा परिवार नियोजनको साधनमा पहुँच नरहेको पाइन्छ । स्वास्थ्य सेवा विभाग अन्तर्गतको परिवार स्वास्थ्य महाशाखाका अनुसार अशिक्षा, जनचेतनाको कमी तथा पहुँचको अभावमा करिब ३५ प्रतिशत किशोरकिशोरीमा परिवार नियोजनसम्बन्धी साधनहरु पुगेका छैनन् ।

स्वास्थ्यसंस्थामा पहुँचको कमी, सामाजिक परिवेशका कारण चाहेर पनि परिवार नियोजनको साधन प्रयोग गर्न नसक्नुले पनि नेपालमा परिवार नियोजन गर्नेको संख्यामा कमी देखिएको छ । सन २०१६ को एक तथ्याँकले नेपालको कुल प्रजनन दर २.३ देखाएको छ । सन २०२०

सम्म कुल प्रजनन् दर २.३ प्रतिशत बाट भ्रारेर २.१ प्रतिशतमा पुऱ्याउने राज्यले नीति लिएको थियो। ग्रामिण भेगमा यो दर २.९ प्रतिशत रहेकोमा शहरी भेगमा २ प्रतिशत रहेको छ।

परिवार नियोजनका साधनहरुको उचित प्रयोग नभएमा यसबाट विभिन्न सम्भावित घटनाहरु बढन् सक्छन्। एकातिर जनसंख्या बृद्धि हुन्छ भने अर्कोतिर असुरक्षित यौनका कारण विभिन्न रोगहरु लाग्ने सम्भावना पनि त्यत्तीकै देखिन्छ। स्वास्थ्य चौकीमा आ.व. २०७६/०७७ मा १९ जनाले कण्डम, ४३ जनाले पिल्स, २७० जनाले डिपो, ३४ जनाले इमप्लान्टर ८ जनाले स्थायी बन्धायाकरण गरेको स्वास्थ्य सेवा कार्यालयको तथ्याँकमा उल्लेख गरिएको छ।

## ४.१२ प्रसूती पूर्व चार पटक र प्रशूति पश्चात आमा र नवजात शिशुको कम्तिमा २ पटक स्वास्थ्य परीक्षण गराउने गर्भवती महिलाहरुको विवरण

स्वास्थ्य इकाई गुराँस गाउँपालिकाका अनुसार गुराँस स्वास्थ्य चौकीमा गर्भवती भएको पहिलो पटक चौथो महिनामा ४० जनाले गर्भजाँच गराएका छन् भने नवौ महिनामा ३४ जनाले जाँच गराएका थिए। त्यस मध्ये जम्मा चार पटक गर्भ जाँच गराउने महिला १०० प्रतिशत रहेका छन्। गर्भवती महिलाले ४ पटक अनिवार्य गर्भजाँच गराउनु पर्ने व्यवस्था भएपनि ४ र ६ महिनामा जाचँ गराउनेको संख्या बढी छ भने ८ र ९ महिनामा थोरैले मात्र गर्भ जाच गराउने गरेका छन्। अर्कोतिर गर्भपश्चात ९५ प्रतिशतले मात्रै सुत्केरी भएपछि स्वास्थ्य जाँच गरेको पाइन्छ।

## ४.१३ दक्ष जनशक्तिबाट सुत्केरी गराउने महिलाहरुको विवरण

आ.व. २०७६/२०७७७ मा ९५ प्रतिशत गर्भवती महिलाहरुले स्वास्थ्य संस्थामा गै दक्ष स्वास्थ्यकर्मीबाट सुत्केरी गरायका थिए। घरमै दक्ष स्वास्थ्यकर्मीबाट सुत्केरी गराउने प्रचलन यहाँका महिलाहरुमा नभएको जिल्ला स्वास्थ्य कार्यालयको प्रतिवेदनमा उल्लेख गरिएको छ।

## ४.१४ नियमित रुपमा तौल लिइएका बालबालिका सम्बन्धी विवरण

पोषणको अभावले गर्दा कुपोषण बढ्ने भएकाले बालबालिकाहरुको तौल लिने गरिएको छ। १ वर्षभन्दा मुनिका १०७५ बालबालिकाले मासिक रुपमा तौल लिएका छन् भने २७६० बालबालकाले अझै पनि मासिक रुपमा तौल लिने गरेका छैनन। यस पालिकामा कुपोषणबाट ग्रस्त १४ जना बालबालिका रहेका छन् भने ५९२ जना बालबालिकाले पोषणयुक्त खाना पाएको देखिन्छ। ५ वर्ष मुनिका सबै बालबालिकाले त्रैमासिक रुपमा तौल लिने गरेको देखिदैन। आर्थिक वर्ष २०७६/२०७७ को स्वास्थ्य इकाईका अनुसार जन्मे देखि २३ महिना भित्रका बालबालिका मध्ये ११९ जना बालबालिकाको आवश्यक पर्ने तौल नपुगेको जनाएको छ।

## ४.१५ भिटामिन ए तथा जुकाको औषधि खाएका बालबालिकासम्बन्धी विवरण

| खोप/वडा नं | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| भिटामिन ए खुवाएका बालबालिकाको संख्या | १९४ | २७० | १९८ | ८६ | १९१ | १७६ | १०४ | १५९ | १३७८ |
| जुकाको औषधी खुवाएका बालबालिकाको संख्या | १९० | २६२ | १७७ | ७४ | १८१ | १६६ | १६८ | १५९ | १३७७ |
| पोलियो थोपा खुवाएका बालबालिकाको संख्या | १९० | २६४ | १७८ | ७२ | १७४ | ९० | १७१ | १११ | १२५० |
| जम्मा | ५७४ | ७९६ | ५५३ | २३२ | ५४६ | ४३२ | ४४३ | ४२९ | ४००५ |

**तालिका ९ : भिटामिन ए तथा जुकाको औषधि खाएका बालबालिकासम्बन्धी विवरण**

यसपालिकामा भिटामिन ए १३७८ जनाले प्राप्त गरेका छन् भने जुकाको औषधी १३७७ जनाले खाएका छन् । त्यसैगरी पोलियो थोपा खानेमा १२५० जना देखिन्छ । वडा नं १ मा ५७४, वडा नं २ मा ७९६, वडा नं ३ मा ५५३, वडा नं ४ मा २३२, वडा नं ५ मा ५४६, वडा नं ६ मा ४३२, वडा नं ७ मा ४४३ र वडा नं ८ का ४२९ बालबालिकाले एक वर्ष भित्र विभिन्न खोपहरु लगाएका छन् ।

## ४.१६ आयोडीनयुक्त नुनको प्रयोग गर्ने घरपरिवारसम्बन्धी विवरण

घरधुरी सर्वेक्षण २०७६का अनुसार यहाँका अधिकाँसले आयोडिनयुक्त नुन प्रयोग गर्ने गरेका छन् । जसमा ४३४७ मध्ये अहिले पनि २२५ घरधुरीले ढिके नुनको प्रयोग गर्छन् । विगतमा चेतनाको अभावका कारण यहाँका अधिकाँस मानिसहरुले ढिके नुनको प्रयोग गर्ने गर्थे । अहिले आयोडीनयुक्त प्याकेट नुन प्रयोग सम्बन्धी सचेतना बढेपछि यहाँका करिब प्रतिशत भन्दा बढीले आयोडिनयुक्त नुनको प्रयोग गर्ने गरेका हुन । आयोडीनयुक्त नुनले शारीरिक बृद्धि गर्न सहयोग गर्छ भने गलगाड, पुड्कोपन हुने समस्या पनि हुदैन् ।

## ४.१७ सार्वजनिक तथा नीजि चर्पी र सरसफाईसम्बन्धी विवरण

यहाँका ८६ प्रतिशत घरधुरीमा पक्की शौचालय निर्माण गरिएको छ भने अझै १४ प्रतिशत घरधुरीमा कच्ची शौचालय रहेका छन् । यहाँका ९७ प्रतिशत घरधुरीमा साबुन पानीले हात धुने गरिएको छ भने ९८ प्रतिशतले बच्चाको दिसा धोएपछि साबुन पानीले हात धुने गरेका छन् । विगतमा शौचालय प्रयोग नगरेकै कारण यहाँका अधिकाँस मानिसहरुमा झाडापखाला जन्य रोगहरुबाट मृत्यु हुने गरेको थियो । घरआगनहरुफोहरी हुन्थे । 'गु देखियो भने गाउँ आयो' भन्ने संकेत हुन्थ्यो । बाटो घाटो पानी पधेरा सबै ठाउमा फोहर मात्रै हुन्थ्यो । अहिले शौचालय बने पनि फोहर हटेको छ र घरआंगनहरु सफा देखिन्छन् । पहिला दिसा गर्न शौचालय जान गाह्रो मान्नेहरु पनिअहिले बाहिर दिसा गर्दैनन् । जसले गर्दा पानीका मुहानहरु सफा देखिन्छन् । जथाभावीरुपमा शौच गर्दा लाग्ने रोगहरुमा पनि कमी आएको छ ।

## ४.१८ गुराँस गाउँपालिकाको बाल क्लवहरुको विवरण :

| क्र.सं. | बालक्लवको नाम | ठेगाना | विद्यालयको नाम | विद्यालय/समुदाय/बालसञ्जाल | अध्यक्षको नाम | जम्मा सदस्य |
|---|---|---|---|---|---|---|
| १ | लालीगुराँस बालक्लव | १ | भगवती मा.वि | विद्यालयस्तरीय | कल्पना कु.रामजाली | २१ |
| २ | सगरमाथा बाल क्लव | १ | कालिका प्रा.वि. | विद्यालयस्तरीय | निरक वलामी | २१ |
| ३ | सगरमाथा बाल क्लव | १ | नवदुर्गा प्रा.वि. | विद्यालयस्तरीय | ज्ञानेन्द्र मल्ल | १८ |
| ४ | सरस्वती बालक्लव | १ | सारदा आ.वि. | विद्यालयस्तरीय | सिमाकुमारी सुनार | १८ |
| ५ | सिर्जनशिल बालक्लव | १ | बराहस्थान प्रा.वि. | विद्यालयस्तरीय | गोपाल सुनार | २१ |
| ६ | भगवती बालक्लव | २ | भगवती आ.वि. | विद्यालयस्तरीय | सुनिता वि.सि | ९ |
| ७ | चेतनशिल बालक्लव | २ | भैरव प्रा.वि. | विद्यालयस्तरीय | खेमुराज रावल | ९ |
| ८ | दुर्गादेवी बालक्लव | २ | दुर्गादेवी प्रा.वि. | विद्यालयस्तरीय | गोवर्द्धन वि.क. | १३ |
| ९ | महादेव बालक्लव | २ | महादेव मा.वि. | विद्यालयस्तरीय | भरत रावल | १९ |
| १० | सृष्टि बालक्लव | २ | बि.पि. आ.वि. | विद्यालयस्तरीय | सरिता नेपाली | ११ |
| ११ | दुर्गादेवी बालक्लव | ३ | दुर्गादेवी मा.वि. | विद्यालयस्तरीय | सिता वली | १९ |
| १२ | लालीगुराँस बालक्लव | ३ | नेपाल राष्टिय आ.वि. | विद्यालयस्तरीय | चित्रबहादुर शाही | १२ |
| १३ | पञ्चकोशी बालक्लव | ३ | सरस्वती प्रा.वि. | विद्यालयस्तरीय | संगिता सुनार | २१ |
| १४ | सरस्वती बालक्लव | ३ | सरस्वती मा.वि | विद्यालयस्तरीय | रोशनी शाही | २५ |
| १५ | सिर्जनशिल बालक्लव | ३ | शान्ति मा.वि | विद्यालयस्तरीय | गौरव शाही | १८ |
| १६ | लक्ष्मी बालक्लव | ४ | लक्ष्मी मा.वि | विद्यालयस्तरीय | शुशिल खड्का | २५ |
| १७ | नमुना बालक्लव | ४ | बालकल्याण नमुना प्रा.वि. | विद्यालयस्तरीय | बर्षा बोहरा | २५ |

| क्र.सं. | बालक्लवको नाम | ठेगाना | विद्यालयको नाम | विद्यालय/समुदाय/बालसञ्जाल | अध्यक्षको नाम | जम्मा सदस्य |
|---|---|---|---|---|---|---|
| १८ | सुनगाभा बालक्लव | ४ | नेपाल राष्टिय आ.वि. | विद्यालयस्तरीय | प्रशान्त मल्ल | ११ |
| १९ | गुराँस बालक्लव | ५ | गुराँस प्रा.वि. | विद्यालयस्तरीय | कुमार वंशी | ९ |
| २० | प्रगतिशिल बालक्लव | ५ | कृष्णा मा.वि | विद्यालयस्तरीय | निश्चल परियार | १५ |
| २१ | प्रगतिशिल बालक्लव | ५ | पार्वती मा.वि | विद्यालयस्तरीय | मोहन सुनार | १३ |
| २२ | सरस्वती बालक्लव | ५ | सरस्वती प्रा.वि. | विद्यालयस्तरीय | अनिता कुमारी वि.क. | ७ |
| २३ | सिर्जनशिल बालक्लव | ५ | दुर्गादेवी प्रा.वि. | विद्यालयस्तरीय | सन्दिप पुरी | ९ |
| २४ | आदर्श बालक्लव | ६ | आदर्श प्रा.वि. | विद्यालयस्तरीय | ्रमित नेपाली | ३६ |
| २५ | विहानी बालक्लव | ६ | जनसहयोग प्रा.वि. | विद्यालयस्तरीय | बामराज बुढा | ३१ |
| २६ | धनटाकुरी बालक्लव | ६ | नेपाल राष्टिय प्रा.वि. | विद्यालयस्तरीय | कौशिला वि.क. | २६ |
| २७ | गुराँस बालक्लव | ६ | नेपाल राष्टिय प्रा.वि. | विद्यालयस्तरीय | शुवास वि.सि | ६२ |
| २८ | जयजनता बालक्लव | ६ | जयजनता मा.वि | विद्यालयस्तरीय | झलक वि.सि | ६२ |
| २९ | नवदुर्गा बालक्लव | ६ | नवदुर्गा प्रा.वि. | विद्यालयस्तरीय | दिपा वि.सि. | ४८ |
| ३० | नवज्योती बालक्लव | ७ | सरस्वती आ.वि. | विद्यालयस्तरीय | दिलमाया थापा | ११ |
| ३१ | पञ्चकोशी बालक्लव | ७ | शान्ति मा.वि | विद्यालयस्तरीय | रविन्द्र रामजाली | २७ |
| ३२ | सिर्जनशिल बालक्लव | ७ | चण्डेश्वरी आ.वि. | विद्यालयस्तरीय | सुमन थापा मगर | ९ |
| ३३ | सुनगाभा बालक्लव | ७ | लक्ष्मी आधारभत विद्यालय | विद्यालयस्तरीय | प्रकाण्ड वि.सि | ११ |
| ३४ | दुर्गादेवी बालक्लव | ८ | शिव आ.वि. | विद्यालयस्तरीय | तेजेन्द्र के.सि. | ४० |

| क्र.सं. | बालक्लवको नाम | ठेगाना | विद्यालयको नाम | विद्यालय/समुदाय /बालसञ्जाल | अध्यक्षको नाम | जम्मा सदस्य |
|---|---|---|---|---|---|---|
| ३५ | लालीगुराँस बालक्लव | ८ | कालिका मा.वि | विद्यालयस्तरीय | यमुना खड्का | ४४ |
| ३६ | मालिका बालक्लव | ८ | मालिका मा.वि | विद्यालयस्तरीय | भूपेन्द्र सुनार | २४ |
| ३७ | फुलबारी बालक्लव | ३ | | समुदायस्तरीय | रिना वि.क. | १३ |
| ३८ | दउराली बालसञ्जाल | १ | बालसञ्जाल | | | २१ |
| ३९ | विकृति अन्त्य बा.क. | २ | बालसञ्जाल | | | २१ |
| ४० | वडा बालसञ्जाल | ३ | बालसञ्जाल | | गौरव शाही | २५ |
| ४१ | वडा बालसञ्जाल | ४ | बालसञ्जाल | | शुशिल खड्का | २५ |
| ४२ | लालिगुराँस बा.स. | ५ | बालसञ्जाल | | भूमिका थापा | १३ |
| ४३ | नुमना बालसञ्जाल | ६ | बालसञ्जाल | | | ५१ |
| ४४ | मालिनका बालसञ्जाल | ७ | बालसञ्जाल | | रविन्द्र रामजाली | १८ |
| ४५ | वडास्तरीय बालसञ्जाल | ८ | बालसञ्जाल | | भूपेन्द्र सुनार | १५ |
| ४६ | पा.स्तरीय बा.स. | | पालिकास्तरीय बालसञ्जाल | | कल्पना क.रामजाली | ३१ |
| | जम्मा | | | | | १०३३ |

**तालिका १० : गुराँस गाउँपालिकाको बाल क्लवहरुको विवरण**

यस पालिकामा ३६ वटा विद्यालयस्तरीय बालक्लव, १ वटा समुदायस्तरीय, ९ वटा वडा बालसञ्जाल र एउटा पालिकास्तरीय सञ्जाल रहेका छन् । जसमा १०३३ बालबालिका आवद्ध भएको देखिन्छ ।

## तालिका ११ : जात जातिगत अनुसार बाल क्लवमा बालबालिकाको सहभागिता


| जातजातिगत विवरण | बालक्लममा जातजातिगत सहभागीता | | | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | पालिकास्तरीय बालसञ्जाल | |
| बालक | ५९ | ४१ | ८३ | ४३ | ३६ | १८१ | ४२ | ६५ | १८ | ५६८ |
| बालिका | ६१ | ४१ | ५० | ४३ | ३० | १३५ | ३४ | ५८ | १३ | ४६५ |
| दलित | ४८ | ३३ | ३८ | ८ | २३ | ८२ | ८ | २३ | ५ | २६८ |
| जनजाति | २० | २ | १५ | १२ | ६ | २३ | १२ | ६ | २ | ९८ |
| अन्य | ५२ | ४७ | ८० | ६६ | ३७ | २११ | ५६ | ९४ | २४ | ६६७ |
| जम्मा | १२० | ८२ | १३३ | ८६ | ६६ | ३१६ | ७६ | १२३ | ३१ | १०३३ |

यस पालिकामा रहेका ४६ वटा बालक्लव मध्ये बालक ५६८, बालिका ४६५, दलित २६८, जनजाति ९८ र अन्य ६६७ जना बालबालिकाको सहभागीता रहेको छ ।

## ४.१९ शैक्षिक अवस्था

शिक्षा भनेको मानव जीवनको लागि जन्म पश्चात मृत्यु नहुन्जेल सम्म सिकी रहने प्रक्रिया हो । शिक्षा औपचारी तथा अनौपचारीक हुन्छ । हामीले काम गर्ने शिलसिलामा हाँसिल गरेको व्यावहारिक ज्ञान नै शिक्षा हो । जो विद्यालयमा नियमिति पठनपाठनबाट लगिने शिक्षा औपचारिक शिक्षा हो जसलाइ प्रममाण पत्रले मापन गरिन्छ । नेपालको शैक्षिक अवस्थालाइ हेर्ने हो भने साक्षारता प्रतिशत ६७.९ छ भने गुराँस गाउँपालिकामा ६७.९ प्रतिशत भएको देखिन्छ ।

## महिला तथा बालबालिकाको साक्षरता विवरण





चित्र २ : महिला तथा बालबालिकाको साक्षरता विवरण

*लेखपढ गर्न सक्ने ५ देखि १२ वर्ष उमेर समूहका बालिका ३२७७, १३ देखि १६ वर्ष उमेर समूहका २०१०, १७ देखि ६० वर्ष उमेर समूहका ७३३ र ६० वर्ष भन्दा माथीका ११८८ जना गरी १५२०८ जम्मा लेखपढ् गर्न सक्ने देखिन्छन ।*

## लेख पढ् गर्न नसक्नेको विवरण


*लेखपढ गर्न सक्ने ५ देखि १२ वर्ष उमेर समूहका बालिका २७, १३ देखि १६ वर्ष उमेर समूहका ७, १७ देखि ६० वर्ष उमेर समूहका १७५ र ६० वर्ष भन्दा माथीका २७३ जना गरी जम्मा ४८२ जम्मा लेखपढ् गर्न नसक्ने देखिन्छन् ।*




चित्र ३ : लेखपढ गर्न नसक्ने/ निरक्षर

## तह अनुसारको शैक्षिक अवस्था

*यस पालिकामा एस एल सि वा सा सरह उर्तिण गर्ने २५४९, प्रविणता प्रमाण पत्र तह वा सो सरह उर्तिण गर्ने १७६३, स्नातक वा सो सरह उर्तिण गर्ने ३६५ र स्नातकोत्तर वा सो सरह उर्तिण गर्नेको संख्या ६९ रहेको छ भने विद्यावारीधि सो सरहको शैक्षिक योग्यता प्राप्त गर्नेहरु देखिदैनन् ।*




चित्र ४ : तह अनुसारको शैक्षिक अवस्था

### तालिका १२ : शैक्षिक संस्थाहरुको विवरण

| विद्यालयको तह | वडामा सञ्चालन भएका विद्यालय संख्या | | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | |
| कक्षा १ देखि ३ चलेका विद्यालय | | | १ | २ | ३ | | २ | १ | ९ |
| कक्षा १ देखि ५ सञ्चालन भएका विद्यालय | ३ | ४ | १ | १ | २ | ५ | २ | १ | १९ |
| कक्षा १ देखि ७ सञ्चालन भएका विद्यालय | | | | | १ | | | | १ |
| कक्षा १ देखि ८ सञ्चालन भएका विद्यालय | १ | | | १ | | | १ | | ३ |
| कक्षा १ देखि १० चलेका विद्यालय | १ | १ | २ | | १ | १ | | १ | ७ |
| कक्षा १ देखि १२ चलेका विद्यालय | | | १ | १ | १ | १ | १ | १ | ६ |
| जम्मा | ५ | ५ | ५ | ५ | ८ | ७ | ६ | ४ | ४५ |

तालिका १२ : शैक्षिक संस्थाहरुको विवरण

## तालिक १३ : विद्यालयमा अध्ययनरत छात्राछात्रहरुको विवरण

| जातजाती | जातजातीगत रुपमा बालबालिकाको विवरण | | | | | | | | जम्मा संख्या |
|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | |
| दलित बालबालिका | २१३ | ४२१ | ३९८ | १४८ | २९५ | २६० | ५६ | ८१ | १८७२ |
| जनजाति बालबालिका | ९६ | ४ | २१५ | १२७ | १४४ | ६ | ७० | २ | ६६४ |
| अन्य बालबालिका | २७७ | ३४४ | ४८८ | ४१८ | ४३० | ५०२ | ४१४ | ६२५ | ३४९८ |
| जम्मा बालबालिकाको संख्या | ५८६ | ७६९ | ११०१ | ६९३ | ८६९ | ७६८ | ५४० | ७०८ | ६०३४ |

तालिका १३ : विद्यालयमा अध्ययनरत छात्रछात्राको विवरण

घरधुरी सर्वेक्षण २०७६ का अनुसार यसपालिकामा ३ देखि ५ वर्षमुनिका १४७७बालबालिका मध्ये ८२३ जना बालबालिका मात्रै बालविकास केन्द्र जाने गरेका छन् । जसमा ४१३ बालिका र ४१० बालक रहेका छन् । आफ्नो समुदायमा केन्द्र नभएका कारण झण्डै ४४ प्रतिशत ३ देखि ५ वर्ष मुनिका बालबालिका अहिले पनि बालविकास केन्द्र बाहिर रहेको तथ्याँकले जनाउछ । छरिएर रहेको बस्ति र बालविकास केन्द्र अपायक पर्ने भएकाले बालबालिका सानो उमेरमा अध्ययनबाट बञ्चित भएको देखिन्छ । बालविकास केन्द्र अनुसार बालबालिकाको संख्या तालिकामा प्रस्तुत गरिएको छ ।

## ४.२१ विद्यार्थी भर्ना दर

विद्यालयले हरेक वर्ष विद्यार्थी भर्ना अभियान सुरु गर्ने गरेका छन् । विद्यालय बाहिर रहेका ५ देखि १२ वर्षसम्मका बालबालिकालाई विद्यालयमा ल्याउन भर्ना अभियान सञ्चालन गरिन्छ । नयाँ शैक्षिक सत्र सुरु भए सँगै शिक्षासँग सम्बन्धित विभिन्न संघसंस्थाको सहकार्यमा शिक्षा विकास समन्वय इकाई र विद्यालयहरुले विद्यार्थी भर्ना अभियान सञ्चालन गर्ने गर्दछन् ।

शैक्षिक सत्रको सुरुवात सँगै अधिकाँस विद्यालयहरुमा बैसाखको पहिलो हप्ता देखि दोस्रो हप्तासम्म सचेतनामूलक र प्रचारात्मक तथा तेस्रो र चौथो हप्ता घरदैलो कार्यक्रम सञ्चालन गर्ने गरिन्छ । विद्यालय बाहिर रहेका बालबालिकालाई शिक्षाको मूल प्रवाहमा ल्याउन भर्ना अभियानले महत्वपूर्ण भूमिका खेलेको छ । उक्त अभियान अन्तर्गत अनिवार्य शिक्षा, विद्यालय स्वागत तथा विद्यार्थी टिकाउ र सिकाइ उपब्धिमा सुधारलगायतका कार्यक्रम रहेका हुन्छन् । शिक्षामा सबैको पहुँच सुनिश्चित गर्नका लागि नियमित विद्यालय, खुला विद्यालय, वैकल्पिक विद्यालय, वैकल्पिक सिकाइ केन्द्र र सामुदायीक अध्ययन केन्द्रहरु पनि सञ्चालन गरिएको छ । जिल्ला शिक्षा कार्यालयको तथ्याँक अनुसार आधारभूत विद्यालय तहमा प्राथमिक उमेर समूह ५-१२ वर्षका विद्यार्थीको खुद भर्ना दर ९७ प्रतिशत रहेको छ ।

## ४.२२ कक्षा दोहोऱ्याउने विद्यार्थी सम्बन्धी विवरण

गुराँस गाउँपालिकामा ८० प्रतिशत भन्दा बढी बालबालिका सामुदायीक विद्यालयमा अध्ययन गर्ने गर्दछन् । यस्ता विद्यालयहरुको गुणस्तर उकास्न ठुलै प्रयासको खाचो छ । यी विद्यालयहरुको भौतिक अवस्था उकास्न, विद्यालयमा विद्यार्थी टिकाई राख्न, शिक्षकहरुलाई अभिप्रेरित गर्न विद्यालयको व्यवस्थापकीय पक्षहरुमा सुधार गर्न जरुरी देखिन्छ । यदी यस्ता विद्यालयहरुको व्यवस्थापकिय पक्षमा सुधार गर्न नसके कक्षा दोहोऱ्याउने विद्यार्थी संख्यामा बृद्धि हुने छ भने विद्यार्थीको सिकाई गुणस्तर हुने सम्भावना देखिन्छ । यो वर्ष कक्षा दोहोऱ्याउने बालबालिका करिब ३ प्रतिशत रहेको छ ।

## विद्यालयमा खानेपानी तथा शौचालयको व्यवस्था

| क्र. सं | विद्यालयको नाम | ठेगाना | खानेपानी | शौचालय | विद्यार्थी संख्या | |
|---|---|---|---|---|---|---|
| | | | | | छात्र | छात्रा |
| १ | भगवती आधारभूत विद्यालय | १ | छ | छ | १३४ | १२० |
| २ | बराहस्थान आधारभूत विद्यालय | १ | छ | छ | २० | १८ |
| ३ | कालिका आधारभूत विद्यालय | १ | छ | छ | १७ | १३ |
| ४ | नवदुर्गा आधारभ्रत विद्यालय | १ | छ | छ | ३० | २८ |
| ५ | शारदा आधारभूत विद्यालय | १ | छ | छ | १०२ | १०४ |
| ६ | भवती प्राथमिक विद्यालय | २ | छ | छ | १९ | २३ |
| ७ | भैरव आधारभूत विद्यालय | २ | छ | छ | ६४ | ६१ |
| ८ | बि.पि.आधारभूत विद्यालय | २ | छ | छ | ४६ | ६६ |
| ९ | दुर्गादेवी आधारभूत विद्यालय | २ | छ | छ | ६६ | ५३ |
| १० | महादेव आधारभूत विद्यालय | २ | छ | छ | १९१ | १८० |
| ११ | दुर्गादेवी माध्यामिक विद्यालय | ३ | छ | छ | १४८ | १४९ |
| १२ | जनता आधारभूत विद्यालय | ३ | छ | छ | २० | २१ |
| १३ | नेपाल राष्टिय आधारभूत विद्यालय | ३ | छ | छ | ३२ | १८ |
| १४ | सरस्वती माध्यामिक विद्यालय | ३ | छ | छ | २०७ | १६९ |
| १५ | शान्ति माध्यामिक विद्यालय | ३ | छ | छ | १७५ | १६२ |
| १६ | बालकल्याण प्राथमिक विद्यालय | ४ | छ | छ | ५० | ६८ |
| १७ | बुद्ध आधारभूत विद्यालय | ४ | छ | छ | ६ | १५ |
| १८ | लक्ष्मी आधारभूत विद्यालय | ४ | छ | छ | ९ | १६ |
| १९ | लक्ष्मी आधारभूत विद्यालय | ४ | छ | छ | १३८ | १६५ |

| क्र. सं | विद्यालयको नाम | ठेगाना | खानेपानी | शौचालय | विद्यार्थी संख्या | |
|---|---|---|---|---|---|---|
| | | | | | छात्र | छात्रा |
| २० | नेपाल राष्टिय आधारभूत विद्यालय | ४ | छ | छ | ११७ | १०९ |
| २१ | भवती प्राथमिक विद्यालय | ५ | छ | छ | ६ | १० |
| २२ | भगवती आधारभूत विद्यालय | ५ | छ | छ | १३ | ४ |
| २३ | दुर्गादेवी आधारभूत विद्यालय | ५ | छ | छ | ५२ | ३९ |
| २४ | गुराँस प्राथमिक विद्यालय | ५ | छ | छ | ३० | २४ |
| २५ | कृष्णा आधारभूत विद्यालय | ५ | छ | छ | १५४ | १३४ |
| २६ | पार्वती माध्यामिक विद्यालय | ५ | छ | छ | १८१ | १५६ |
| २७ | सरस्वती प्रथामिक विद्यालय | ५ | छ | छ | २३ | २३ |
| २८ | सिद्धमालिका प्राथमिक विद्यालय | ५ | छ | छ | १२ | ८ |
| २९ | आदर्श आधारभूत विद्यालय | ६ | छ | छ | ३३ | ४५ |
| ३० | जनकल्याण आधारभत विद्यालय | ६ | छ | छ | ९ | ७ |
| ३१ | जनसहयोग आधारभूत विद्यालय | ६ | छ | छ | २१ | ३० |
| ३२ | जयजनता माध्यामिक विद्यालय | ६ | छ | छ | ९९ | १११ |
| ३३ | कृष्णा आधारभूत विद्यालय | ६ | छ | छ | ५१ | ३४ |
| ३४ | नवदुर्गा आधारभ्रत विद्यालय | ६ | छ | छ | ३४ | ३२ |
| ३५ | नेपाल राष्टिय आधारभूत विद्यालय | ६ | छ | छ | १४० | १२२ |
| ३६ | नेपाल राष्टिय माध्यामिक विद्यालय | ६ | छ | छ | २० | १९ |
| ३७ | चण्डेश्वरी माध्यामिक विद्यालय | ७ | छ | छ | ४५ | ७७ |
| ३८ | लक्ष्मी आधारभूत विद्यालय | ७ | छ | छ | ७ | १७ |
| ३९ | महालक्ष्मी आधारभूत विद्यालय | ७ | छ | छ | १३ | १५ |
| ४० | पार्वती माध्यामिक विद्यालय | ७ | छ | छ | ३० | २४ |
| ४१ | सरस्वती आधारभूत विद्यालय | ७ | छ | छ | १३४ | १३९ |
| ४२ | शान्ति माध्यामिक विद्यालय | ७ | छ | छ | १५ | १० |
| ४३ | जनसहयोग आधारभूत विद्यालय | ८ | छ | छ | १५१ | १४५ |
| ४४ | कालिका माध्यामिक विद्यालय | ८ | छ | छ | १५६ | १५२ |
| ४५ | मालिका माध्यामिक विद्यालय | ८ | छ | छ | ४३ | ३६ |
| ४६ | शिव आधारभूत विद्यालय | ८ | छ | छ | ३०६३ | २९७१ |

तालिका १४ : विद्यालयमा खानेपानी तथा शौचालयको व्यवस्था

## विद्यालय, जान लाग्ने समय

घरधुरी सर्वेक्षण २०७६ का अनुसार यहाँका आधारभूत विद्यालयमा अध्ययनरत ५९६ जना बालबालिका मध्ये विद्यालय जान १५ मिनेट भन्दा बढी समय ११३९, १५ देखि ३० मिनेट सम्म लाग्ने १४४१, ३० मिनेट देखि १ घण्टा लाग्ने १२२५ र १ घण्टा भन्दा बढी समय लाग्ने १३९१ बालबालिका रहेका छन् । १ घण्टा भन्दा बढी विद्यालय जान समय लाग्ने आधारभूत तह १ देखि ३ सम्मका बालबालिका १४९, आधारभूत तह कक्षा ४ देखि ५ का १६०, आधारभूत तह ६ देखि ८ का ४६४ र माध्यामिक तह ९ देखि १२ सम्मका बालबालिका ६१८ रहेका छन् । विद्यालय जान १ घण्टा भन्दा बढी समय लाग्ने आधारभूत तह कक्षा १ देखि ३ सम्मका रहेका छन् भने सबै भन्दा बढी समय लाग्ने माध्यामिक तह कक्षा ९ देखि १२ का विद्यार्थी रहेका छन् । विद्यालय जान १५ देखि ३० मिनेट लाग्ने बालबालिकाको संख्या सबै भन्दा बढी १४४१ रहेको छ ।

| समय | विद्यालय तह | जम्मा बालबालिका |
|---|---|---|
| १५ मिनेट भन्दा कम | आधारभुत तह १ द्येखि ३ | ४६२ |
| | आधारभुत तह कक्षा ४ देखि ५ सम्म | २७२ |
| | आधारभुत तह कक्षा ६देखि ८ सम्म | २३६ |
| | मा.वि तह ९ देखि १२ | १६९ |
| | जम्मा | ११३९ |
| १५-३० मि.सम्म | आधारभुत तह १ द्येखि ३ | ५३६ |
| | आधारभुत तह कक्षा ४ देखि ५ सम्म | ३६० |
| | आधारभुत तह कक्षा ६देखि ८ सम्म | ३३८ |
| | मा.वि तह ९ देखि १२ | २०७ |
| | जम्मा | १४४१ |
| ३० मि.- १ घण्टा | आधारभुत तह १ द्येखि ३ | ३४३ |
| | आधारभुत तह कक्षा ४ देखि ५ सम्म | २६१ |
| | आधारभुत तह कक्षा ६देखि ८ सम्म | ३१६ |
| | मा.वि तह ९ देखि १२ | ३०५ |
| | जम्मा | १२२५ |
| १ घण्टाभन्दा बढी | आधारभुत तह १ द्येखि ३ | १४९ |
| | आधारभुत तह कक्षा ४ देखि ५ सम्म | १६० |
| | आधारभुत तह कक्षा ६देखि ८ सम्म | ४६४ |
| | मा.वि तह ९ देखि १२ | ६१८ |
| | जम्मा | १३९१ |
| | कुल जम्मा | ५१९६ |

तालिका १५ : विद्यालय, जान लाग्ने समय

## विद्यालय जान छोड्नेहरुसम्बन्धी विवरण

५ देखि १६ वर्ष उमेर समूहका अधिकाँस बालबालिका विद्यालयमा अध्ययन गरिरहेका छन् । ति मध्ये २० जना बालबालिका विद्यालय कहिल्यै नगएको देखिन्छ। जसमा बहुअपाँगता भएका ४ जना बालबालिका रहेका छन् । विद्यालय विचमै छोड्ने बालबालिकाहरु यस पालिकामा रहेका १६८ बालबालिका मध्ये १२० बालक र ४८ बालिका रहेका छन् । आर्थिक समस्या, पारिवारिक झमेला, सानो उमेरमा विहे लगायतका समस्याले गर्दा केही बालबालिकामा विच्मै विद्यालय छोड्ने समस्या देखिएको छ। केही परिवारहरु कमाउनका लागि भारतिरै  बसाईसरी जाने भएकाले आधारभूत शिक्षा प्राप्त नगरी अध्ययनलाई विचमै छाड्ने गर्दछन् । यसलाई रोक्न विपन्न परिवारहरुको आर्थिकस्थितीमा सुधार गर्नका साथै त्यस्ता जोखिममा रहेका बालबालिकालाई शैक्षिक सहयोग उपलब्ध गराएमा यो संख्यालाई न्यूनीकरण गर्न सकिन्छ ।

## ४.२३ बाल विकास केन्द्र वा पूर्व प्राथमिक विद्यालयमा अध्ययन गर्ने बालबालिकाको संख्या

घरधुरी सर्वेक्षण २०७६ का अनुसार यसपालिकामा ३ देखि ५ वर्षमुनिका १४७७बालबालिका मध्ये ८२३ जना बालबालिका मात्रै बालविकास केन्द्र जाने गरेका छन् । जसमा ४१३ बालिका र ४१० बालक रहेका छन् । आफ्नो समुदायमा केन्द्र नभएका कारण झण्डै ४४ प्रतिशत ३ देखि ५ वर्ष मुनिका बालबालिका अहिले पनि बालविकास केन्द्र बाहिर रहेको तथ्याँकले जनाउछ । छरिएर रहेको बस्ति र बालविकास केन्द्र अपायक पर्ने भएकाले बालबालिका सानो उमेरमा अध्ययनबाट बञ्चित भएको देखिन्छ । बालविकास केन्द्र अनुसार बालबालिकाको संख्या तालिकामा प्रस्तुत गरिएको छ ।

| छात्र छात्रा | बालविकास केन्द्रमा अध्ययनरत बालबालिका | | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | |
| छात्रा | ३९ | ७० | ५६ | ३९ | ४० | ८१ | ४२ | ४६ | ४१३ |
| छात्र | ३४ | ६९ | ६५ | ४७ | ४५ | ६६ | ४७ | ३७ | ४१० |

तालिका १६ : प्रारम्भिक बाल विकास केन्द्र वा पूर्व प्राथमिक विद्यालयको विवरण

# खण्ड ५. बाल संरक्षण

बालसंरक्षण हरेक बालबालिकाको आधारभूत अधिकारको कुरा हो । बालबालिका सम्बन्धी विभिन्न अन्तर्राष्टिय कानुन र अवधारणाअनुसार बालसंरक्षण भन्नाले कुनै पनि बालबालिकालाई निजमाथि हुनसक्ने शारीरिक यातना तथा मानसिक पीडा, श्रमशोषण, हेलाँ, अपहेलना, यौन शोषणा, दुर्व्यवहार वा सबै खाले हिंसाबाट जोगाउँनु हो भन्ने कुरा बुझ्नु पर्छ। बालबालिकाहरु परिवार वा अभिभावकको संरक्षणमा रहे वा नरहेको अवस्था, जो सुकै पनि यसखाले शोषण, दुर्व्यवहार र उपेक्षाबाट पीडित हुनसक्छन् । त्यसैले, बालबालिकाको संरक्षण र सुरक्षाको विषयमा बुझ्न आवश्यक हुन्छ ।

हरेक बालबालिकालाई परिवार,समुदाय वा राज्यबाट संरक्षण पाउने अधिकार छ। आफ्ना आमाबाबु वा अभिभावकबाट संरक्षण प्राप्त गर्न नसकेका बालबालिकाहरुको संरक्षण गर्नँ हरेक राज्यको दायित्व हो । बालसंरक्षण सम्बन्धी अवधारणाअनुसार सबै संरक्षणविहीन बालबालिकाहरुले राज्यबाट संरक्षण प्राप्त गर्ने हक राख्दछन् ।

## ५.१ द्वन्द पीडित तथा जोखिममा परेका बालबालिकासम्बन्धी विवरण

बालबालिकाको शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक, नैतिक तथा बौद्धिक विकासमा नकारात्मक असर वा क्षती पार्ने कार्य वा व्यवहारबाट उनीहरुलाई जोगाउँनु पर्छ। अर्को शब्दमा भन्दा बालबालिकामाथि हुने सबै खालका हानिहरुबाट उनीहरुलाई संरक्षण गर्नँ राज्यको दायित्व हो ।

विगतमा १० वर्षे द्वन्द्वले गर्दा केही बालबालिका पीडित भए पनि देशमा लोकतन्त्रको पुर्नवहाली संगै स्थायी शान्ति भए पछि त्यस्ता द्वन्द्व पीडित बालबालिका भने देखिदैनन् । केही वयस्क भएर आत्मनिर्भर भईसकेका छन् भने केही विस्थापित भएर अन्य बसाईसरी गरिसकिसेका छन् । जस्को स्थानीय तहमा कुनै तथ्याँक राखिएको देखिदैन् ।तर, विभिन्न कारणले बालबालिकाहरु अहिले पनि जोखिममा रहेका छन् । जस्तै : अपांगता, पारिवारिक विछोड, पारिवारिक तनाव, हिंसा, खेलको असुविधा, जातिय र बैरभाव, जीवनमा कठिन परिस्थिती भोगेका, आधारभूत सेवाहरुमा पहुँचको अभाव र गरिवीका कारण पनि बालबालिका जोखिममा परेका छन् । अन्य कारणले जोखिममा रहेका बालबालिकाको विवरण यसप्रकार रहेको छ ।

### जोखिममा रहेका बालबालिकाको विवरण

| वडा नं | बालिका | बालक | जम्मा | दलित | जाजाति | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | ५४ | ५५ | १०९ | ४४ | १९ | ४६ | १०९ |
| २ | ५३ | ५० | १०३ | ५९ | ४ | ४० | १०३ |
| ३ | ४४ | ४२ | ८६ | ३९ | ११ | ३६ | ८६ |
| ४ | ४० | ५५ | ९५ | ३६ | १९ | ४० | ९५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५ | ३६ | २६ | ६२ | २५ | १५ | २२ | ६२ |
| ६ | ४३ | ४१ | ८४ | ४८ | ५ | ३१ | ८४ |
| ७ | ४२ | ४४ | ८६ | २३ | १२ | ५१ | ८६ |
| ८ | ३२ | ३३ | ६५ | १७ | ४ | ४४ | ६५ |
| जम्मा | ५५ | ४४ | ६९० | १९ | ४६ | १०९ | ६९० |

तालिका १७ : जोखिममा रहेका बालबालिकाको विवरण

यस पालिकामा जम्मा ६९० जना जोखिममा रहेका बालबालिका छन् । जसमध्ये सबै भन्दा बढी वडा नं १ मा १०९, वडा नं २ मा १०३ र सबै भन्दा कम वडा नं ५ मा ६२ जना रहेका छन् । जोखिममा रहेका ६९० बालबालिकाका ४९६ घरधुरीलाई पालिका, सामाजिक सेवा केन्द्र (सोसेक) नेपाल दैलेख र अन्य साझेदार निकायबाट खाद्य लगाएतमा सहयोग गरिएको छ ।

| क्र.सं | जोखिममा रहनुको कारण | बालिका | बालक | जम्मा |
|---|---|---|---|---|
| १ | बालश्रम | | १ | १ |
| २ | बालविवाह | १ | | १ |
| ३ | अवैधानिक सम्बन्धबाट बच्चा जन्मिएको | १ | १ | २ |
| ४ | अपाँगता बालबालिका | २८ | २८ | ५६ |
| ५ | आमा बाबुको सम्बन्ध विच्छेद | ४ | ३ | ७ |
| ६ | बाबुको पहिचान नभएको | १ | २ | ३ |
| ७ | घरमुली बालबालिका | | १ | १ |
| ८ | बाबु अथवा आमा वेपत्ता | १६ | १८ | ३४ |
| ९ | पोषणको समस्या | २ | १ | ३ |
| १० | आमा बाबुको मृत्यु | ६ | ६ | १२ |
| ११ | आमा अथवा बाबुको मृत्यु | ८१ | ८३ | १६४ |
| १२ | आमा बाबु दुवैको दोस्रो विहे | ५७ | ५२ | १०९ |
| १३ | आमा बाबु दुवैको दोस्रो विहे | १५ | २३ | ३८ |
| १४ | अभिभावकले वेवास्ता गरेको | ५ | २ | ७ |
| १५ | अभिभावकमा अपाँगता | १९ | १३ | ३२ |
| १६ | अत्याधिक गरिवी | १०७ | १०५ | २१२ |
| १७ | अन्य कारण | १ | ७ | ८ |
| | **जम्मा** | ३४४ | ३४६ | ६९० |

तालिका १८ : जोखिममा रहनुको कारण

यस पालिकामा बालबालिका १७ वटा कारण ले जोखिममा रहेका छन् । अत्यधिक गरिवीका कारण २१२ जना बालबालिका जोखिममा रहेका छन् भने आमा अथवा बाबुको मृत्यु भएर १६४, आमा बाबु दुवैको दोस्रो विहेका कारण १०९ जना बालबालिका जोखिमरहेका छन् । आमा बाबु दुवै गुमाएर जोमिखममा रहेका बालबालिका १२ जना रहेका छन् ।

## ५.२ विस्थापित बालबालिका सम्बन्धी विवरण

विगतको १० वर्षे सशस्त्र जनयुद्धमा बालबालिकाको संलग्नता रहेको पाईन्छ । कतै अभिभावकलाई दिइएको पिडा, हत्या, हिंसा वा विस्थापनले बालबालिका प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा प्रभावित भएका थिए । समाज, घरपरिवार र विद्यालय छाडेर विस्थापित हुनु परेको थियो । उनीहरु न विद्यालयमा सुरक्षित भए न घरमा । त्यसैले गर्दा अधिकाँस बालबालिकाले विद्यालय छाडेर भाग्नु परेको स्थिती देखिन्थ्यो । त्यसरी जोखिममा रहेका बालबालिकाहरुको बिद्यालय निरन्तरताको लागि बिद्यालय भर्ना, शैक्षिक सामग्री सहयोग, सामान्य औषधीउपचार सहयोग र बिभिन्न किसिमका सीपमूलक तालिम तथा आयआर्जनका लागि सहयोगहरु जिल्ला शान्ति समिति र अन्य संघ संस्था बाट पनि  प्रदान गरिदै आईरहेको छ ।  जसको सामाजिक, शैक्षिक तथा पारिवारिक पुर्नस्थापना तथा पुनः एर्कीकरण गर्न सम्बन्धित सबै सरोकारवालाहरुको ध्यान जानु जरुरी देखिन्छ । यस वडामासशस्त्र समूह तथा फौजमा आवद्ध भएर विस्थापित भएका बालबालिकाको संख्या भएको पाइदैन । अन्य उमेर समुहको विवरण निम्नानुसार उल्लेख गरिएको छ ।

## ५.३ बालश्रमिक सम्बन्धी विवरण

कुनै पनि रोजगारमुलक कार्य जसले बालबालिकाको बाल्यकालमा दखल दिन सक्छ, स्कुल जानबाट रोक्छ वा मानसिक, सामाजिक र शारीरिक रुपमा असर गर्छ भने त्यो बालश्रम हो । बालश्रमिकको रुपमा काम गर्ने बालबालिका समग्रमा अशिक्षित, असजग र गरिब घरपरिवारका हुन । बालश्रमले बालबालिकालाई उनीहरुको भविश्य राम्रो बनाउन शिक्षाबाट वञ्चित गराउदछ । किनकी बालश्रमको कारणले बालबालिकाले शिक्षाबाट हासिल गर्ने ज्ञान, तालिम र सीप गुमाउन पुग्दछन् ।

बालबालिकालाई कलकारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउँन, निषेध गर्न तथा अन्य काममा लगाउँदा उनीहरुको स्वास्थ्य, सुरक्षा तथा सेवासुविधाको बारेमा सम्बोधन गर्न बालश्रम रनिषेध र नियमित गर्ने) ऐन, २०५६ ले व्यवस्था गरेको छ  । उक्त ऐनमा १४ वर्ष मुनिका बालबालिकालाई श्रमिकको रुपमा काममा लगाउँन नपाउने र जोसुकै बालबालिकालाई जोखिमपूर्ण व्यवसाय या काममा लगाउँन नहुने उल्लेख गरेको छ । यस गाउँपालिकामा १६ वर्षमूनिका १२ जना बालबालिका अरुको घरमा काम गर्ने गरेको घरधुरी सर्वेक्षण २०७६ मा उल्लेख गरिएको छ ।

## ५.४ बाल यौन शोषण तथा बेचविखनसम्बन्धी विवरण

यौन आशयका साथ कुनै पनि व्यक्तिले कसैसँग मन नपर्ने व्यवहार गर्दछ भने त्यसलाई यौन दुर्व्यवहार भनिन्छ । यौन दुव्यैवहार भन्नाले, जिस्काउने, पछ्याउने, नराम्रा अश्लील इशाराहरु गर्ने, अश्लील शब्दहरुको प्रयोग गर्ने, अश्लील र नाङ्गा तस्विरहरु देखाउने, अप्ठ्यारो लाग्ने गरी सुम्सुम्याउने, आफ्ना यौन अंगहरु देखाउने तथा अरुको देखाउन लगाउँने, मुख वा हस्तमैथुन गर्न लगाउँने र बलात्कार गर्ने जस्ता कार्यहरु पर्दछन् । यौन शोषण जहा पनि घट्न सक्ने घटना हो । यौन दुर्व्यवहार वा शोषण जो कोहीले पनि गर्न सक्छन् । एउटा सर्वेक्षणमा तपाईको परिवारको बालबालिकाहरुमा यौनशोषणको कुनै घटना घटेको छ भन्ने प्रश्नमा ४५ जनाले बाल यौन शोषणको घटना घटेको जानकारी दिएका थिए । यस्का बाहेक हाम्रो समाजमा अन्य हिंसाहरु पनि रहेका छन् । घरधुरी सर्वेक्षण २०७६ का अनुसार १ दाईजो प्रथाका कारण, ९ बहुविवाह, घरायसी हिंसा ६, बालविवाह २४ का कारण महिला तथा बालबालिकामा हिंसा भएको सर्वेक्षणले देखाएको थियो ।

## ५.५ सडक बालबालिकाको विवरण

विभिन्न कारणले घर, परिवार छाडी पुस माघको जाडो होस वा चैत्र वैशाखको गर्मी नै किन नहोस,दिनरात सडकमा नै विताउने, त्यही खाने, त्यही घुम्ने, त्यही सुत्ने बालबालिकालाई सडक बालबालिका भनिन्छ । यस्ता बालबालिका असहाय, अशक्त वा विभिन्न घटना वा समस्यमा परेर सडकमा खुल्ला आकासमुनि जीवन बिताउन बाध्य हुन्छन् ।

विश्वमा यस्ता बालबालिकाको संख्या धेरै रहेको अनुमान गरिएता पनि नेपालमा भने सडकमा आश्रति बालबालिकाको संख्या मौसम, वातावरण, परिस्थिति र अवस्था अनुसार घटबढ भइरहने हुँदा यतिनै छन् भनी निश्चित गर्न नसकिएता पनि देशका मुख्य मुख्य शहरहरुमा झण्डै ५ हजार सडक बालबालिका रहेको केन्द्रीय बालकल्याण समितिको प्रतिवेदनहरुमा सार्वजनिक गरेको पाईन्छ । यस्ता बालबालिकाहरु विशेष गरी पारिवारिक विखण्डन, अशिक्षा, बसाइसराइ, द्वन्द्धका कारण आफु बसिरहेको घर, परिवार र समाज छाडेर सडकमा आश्रय लिन बाध्य हुन्छ । यस पालिकामा ५जना बालक सडक बालबालिकाको रुपमा रहेको सर्वेक्षणले देखाएको छ ।

## ५.६ कुलतमा लागेका बालबालिकाको विवरण

विद्यालय अध्ययन गर्न जाने बालबालिकाको मस्तिष्क विकास हुने क्रममा भएकाले अभिभावकले चाहे जस्तो गरी बालबालिकालाई उसको भविश्य निर्माणका लागि कार्यमा लगाउँन सकिन्छ । अभिभावकले जे सिकायो त्यहि सिक्छन् र सिकेअनुसार बालबालिकाको बानीव्यवहार स्थापित हुदै जान्छ । मानिसको बानी व्यवहार र आचरण सानै उमेरदेखि उसले सिक्दै गएको ज्ञानको प्रतिफल हो । हाम्रो समाजमा बालबालिकाहरु चुरोट, चम्बाकु खाने, रक्सी सेवन गर्ने, जुवा खेल्ने, विद्यालय नगई बाहिर जाने लगायतका कुलतको सिकार १३/१४ वर्षकै उमेरदेखि भएको पाइन्छ । यहाँका बालबालिका कुलतमा लागेको कुनै तथ्याँकमा देखिदैन् ।

## ५.७ उमेर समूह अनुसार मृत्यु हुने गर्भवती महिला तथा बालबालिकाको विवरण

जनचेतना र व्यवहारमा परिवर्तन गर्न सकिएमात्र सुत्केरी हुन नसकेर गर्भवती आमा र सङ्क्रमणबाट नवजात शिशुलाई अकालमा मृत्युको मुखबाट जोगाउँन सकिन्छ । सुत्केरी हुन स्वास्थ्य संस्थामा अथवा दक्ष स्वास्थ्यकर्मीबाट नै गराउनुपर्छ र विशेष गरी पाँचवर्ष मुनिका बालबालिका बिरामी हुनेवित्तिकै स्वास्थ्य चौकीमा जानु पर्छ भन्ने ज्ञान भएका कारण यहाँका एकजना पनि गर्भवती आमा र पाँच वर्षमुनिका बालबालिकाले अकालमा मृत्यु हुनु परेको छैन् । विश्व स्वास्थ्य सङ्गठनका अनुसार नेपालमा स्वास्थ्य सेवा लिन आउने पाँच वर्षमुनिका बालबालिका मध्ये प्रत्येक चारजनामा तीनजना बालबालिका विभिन्न रोगबाट पिडित हुने गर्दछन् । अर्कोतर्फ संक्रमणमा जन्मदा सास नफेर्नँ वा नरुनु, समय अगावै जन्म तथा कम तौल जस्ता मुख्य कारणले नवजात शिशुको मृत्यु र गर्भवतीको अवस्थामा दक्ष स्वास्थ्यकर्मीबाट प्रसुति सेवा नपाएकै कारण आउने विविध जटिलताबाट गर्भवती आमा पीडित हुने गरेका छन् । अहिले स्वास्थ्य चौकिमा प्रसुति गराउने गर्भवती महिलाहरुको संख्यामा बृद्धि भएका कारण गाउपालिकामामृत्यु हुने गर्भवती महिला तथा बालबालिकाको संख्यामा कमि आएको छ ।

## ५.८ खाद्यान्न संकटमा परेका बालबालिकाको विवरण

स्वास्थ्य तथा विकासको एक मुख्य आधारका रुपमा पोषणलाई लिने गरिन्छ । राम्रो पोषणले रोग प्रतिरोधात्मक क्षमतालाई बलियो बनाउछ भने बालबालिकालाई स्वस्थ रहन सहयोग गर्छ । राम्रो पोषण सुविधा भएका बालबालिकाहरु बलिया हुन्छन्  र गरिवीलाई तोड्न सक्ने हुन्छन् । गरिवीको एउटा मुख्य कारण कुपोषण पनि हो । नेपालको विभिन्न जिल्लामा हरेक वर्ष खाद्यान्न संकट हुन्छ । पर्याप्त आहारको अभावमा बालबालिकाले जीवन गुजारीरहेका हुन्छन् । वर्षै भरी काम गरेर तीन महिना खाना नपुग्ने परिवारहरुको संख्या धेरै छ । जीवन धान्नकै लागि खाना नपाउने परिवारका बालबालिकाले पोषणयुक्त खाना पाउनु त झन विडम्बनानै हुनजान्छ । संसारका जति पनि रोगहरु खाद्य अभावकै कारण लाग्ने गर्दछन् । कुपोषणकै कारणले संसारमा १७.८ करोड बालबालिकाहरु पुड्को, कमतौल, ख्याउटे छने भने सबै भन्दा बढी कुपोषित बालबालिकाहरु ४१ प्रतिशत एसियामै रहेको प्रतिवेदनहरुमा उल्लेख गरेको पाईन्छ ।घरधुरी सर्वेक्षण २०७४ का अनुसार १ वर्ष खाना पुग्ने करिब २.९५ प्रतिशत, ९ महिना खाना पुग्ने २०.७१ प्रतिशत, ६ महिना खाना पुग्ने ६१.३४ प्रतिशत र ३ महिना मात्रै खाना पुग्ने १४.९९ प्रतिशत रहेका छन् । उक्त तथ्याँकलाई झण्डै ९७ प्रतिशत घरधुरीलाई १२ महिना खाना पुग्दैन् ।

## ५.९ संस्थागत हेरचाहमा रहेका बालबालिका सम्बन्धी विवरण

नेपालका हजारौ बालबालिका परिवारविहीन अवस्थामा रहेका भेटिन्छन् । आमा बाबु र परिवारको हेरचाहबाट बञ्चित बालबालिकाको संख्या पनि बढदै गएको छ । राष्ट्रिय जनगणना २०६८ अनुसार

नेपालमा कुल ५४ लाख २७ हजार ३०२ घरधुरी मध्ये ७३ हजार ७२८ मा १० देखि १९ वर्ष उमेर समूहका बालबालिका घरमूली रहेको पाइएको छ भने तीमध्ये सात हजार ४०३ घरधुरीमा १० देखि १४ उमेर समूहका बालबालिका घरमूलीको रुपमा रहेको देखिएको छ। परिवारविहीन रहेका बालबालिकामध्ये केही बालबालिका आफन्त तथा नातेदारको संरक्षणमा छन्। केहीले आफैं घरमूलीको रुपमा बसेर आफूभन्दा साना बालबालिकाको हेरचाह गर्ने गरेका छन्। यसमध्ये केही बालबालिका भने आवासीय बालगृहको संरक्षणमा रहेका छन्। तर बालगृहको संरक्षणमा आएका कतिपय बालबालिकाको अवस्था अझै पनि अज्ञात रहेको भेटिन्छ।

गाउँपालिकामा आवाशीय बालगृह नभएका कारण केही बालबालिका महिला बालबालिका शाखा कार्यालय गुराँस गाउँपालिको जिल्ला बाहिर जाने गरेका छन् भने केही आफ्न्त वा छिमेकीको आश्रममा बस्ने गरेको भेटिन्छ्। पालिकामा कति बालबालिका अनाथ छन् भन्ने तथ्याँक कतै भेटिदैन्। होटेल तथा घरमा काम गरी बस्ने बाल मजदुरलाई हेर्ने हो भने अनाथहरुको संख्या गाउँपालिकामा धेरै हुनसक्ने अनुमान गर्न सकिन्छ। त्यसैगरी बलात्कार, बालश्रमिक लगायतका विभिन्न हिँसाबाट पनि बालबालिका पिडित छन्। यस्ता हिंसापिडित बालबालिकाको लागि मनोसामाजिक परामर्श कार्यकर्ताको पनि अभाव रहेको छ। महिला तथा बालबालिका शाखा कार्यालये एउटा मात्रै महिला तथा बालबालिका शाखा कार्यालय र अपर्याप्त जनशक्ति भएको अवस्थमा  पिडित महिला तथा बालबालिकाको लागि सेवा दिने गरेको भए पनि प्रयाप्त मान्न सकिदैन्।

## ५.१० बाल अपराधको विवरण

बालबालिकाहरु कलिलो हुने हुँदा उनीहरुले आफ्नो हित र अहीतको विषयमा आफै निर्णय गर्न नसक्ने भएकाले निजहरुको हितका विषयमा निर्णय गर्नका लागि राज्य तथा अभिभावकको महत्वपूर्ण भूमिका रहने हुन्छ। त्यसैले बालबालिकाको हक हीतको संरक्षण गरी तिनीहरुको शारीरिक एवं बौद्धिक विकास गर्नको लागि नै बालबालिका सम्बन्धी छट्टै कानूनको आवश्यकता परेको हो।

बालबालिकाले अपराध गर्दैनन् भन्न सकिदैन, तर कलिलो उमेरमा के सहीहो र के गलत हो भन्ने निर्णय गर्ने क्षमतामा कमी भएका कारण उनीहरुबाट विभिन्न अपराधहरु पनि घट्ने गरेका छन्। तर, त्यस्तो अपराध गरेवापत कुनैपनि बालबालिकालाई नेल, हत्कडी लगाउन, एकान्त कारावासमा राख्न वा कुनै अपराध गरे वापत कैद गर्न नमिल्ने व्यवस्था कानूनले गरेको छ। १० वर्ष मुनीको बालकले कुनै अपराध गरेमा कानुन अनुसार सजाय नहुने व्यवस्था छ।

बालबालिका सम्बन्धी ऐन, २०७५ ले जिल्लामा बालअदालत गठन गर्ने र सो अदालत गठन नभए जिल्ला अदालतमा सम्म बाल ईजलास गठन गर्ने व्यवस्था गरेको छ। यसै ऐनको आधारमा दैलेख जिल्लामा पनि बाल ईजलासको स्थापना गरी बालबालिका सम्बन्धी मुद्धाको सुनुवाई गर्ने व्यवस्था गरिएको छ। त्यसैगरी जिल्लामा बालबालिका सम्बन्धी मुद्धाहरुमा बालबालिकालाई सोधपुछ र अनुसन्धानका लागि बालमैत्री कक्षको व्यवस्था छ।

# ६.आर्थिक विकास

## ६.१ पेशा तथा रोजगारीको अवस्थासम्बन्धी विवरण

मानिसले जीविकोपार्जनका लागि दैनिक गर्ने काम नै उसको पेशा हो। घरपरिवार सञ्चालन गर्न र विहान बेलुकाको लागि खानाको जोहो गर्न पनि जोसुकैले पनि केही न केही काम गर्नै पर्छ। हाम्रा आवश्यकताहरु असिमित हुन्छन्। केही त्यस्ता आवश्यकता हुन्छन जुन पुरा नगरे जीवन गुजरा धान्न मुश्किल हुन्छ। बदलिदो समय र नयाँ नयाँ प्रविधिले गर्दा हाम्रा आवश्यकताहरु बढ्दै गएका छन्। औषधी उपचार र शिक्षा महँगो छ। अरुको देखासिकिमा पनि मिठो खाना र राम्रो लाउनै पर्ने बाध्यता छ। केही हाम्रा सामाजिक संस्कारहरुले खर्चलाई असिमित बनाइदिएका छन्। सिमित श्रोतले असिमित खर्च धान्न सक्ने सम्भावना देखिदैन्। हाम्रो परम्परागत पेशा कृषि नै भए पनि कृषिमा आधुनिकिकरण हुन नसक्दा वर्ष भरी खाना पुग्दैन्। हाम्रो कृषि व्यवसाय परम्परागत प्रणालीबाट माथि उठन सकेको छैन् जस्ले गर्दा ६ महिना भन्दा बढी यहाँका किसानलाई खाना पुग्दैन त्यसैले गर्दा पनि अहिले अधिकाँस मानिसहरु अन्य व्यवसाय तर्फ लोभिएका छन्। यहाँका९७ दशमलब २४ प्रतिशले अहिले पनि कृषि पेशा गर्ने गरेका छन् भने १ दशमलब ३८ प्रतिशत रोजगारीमा आवद्ध भएको देखिन्छ।

## रोजगारी सम्बन्धी विवरण

| रोजगारीका क्षेत्रहरु | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कृषि (खेती तथा पशुपालन) | ११९३ | ९९६ | ११३६ | १४९३ | १५०६ | १५०१ | ८३८ | ८९५ | ९५५८ | ७७.०४ |
| ब्यापार | ४४ | १६३ | ४८ | १६६ | ५९ | ६१ | ६३ | ८० | ६८४ | ५.५१ |
| जागिर सेवा | १७ | १०८ | १४१ | १८६ | १२२ | ११० | ७८ | १०८ | ८७० | ७.०१ |
| ज्याला मजदुरी | ७१ | ४६२ | ४ | २८६ | ४२ | २०८ | ३८ | १५५ | १२६६ | १०.२ |
| उधोग | १ | ६ | ५ | ० | ३ | २ | ५ | ६ | २८ | ०.२३ |
| जम्मा | १३२६ | १७३५ | १३३४ | २१३१ | १७३२ | १८८२ | १०२२ | १२४४ | १२४०६ | १०० |

तालिका १९ : रोजगारी सम्बन्धी विवरण

यसपालिकामा कृषि तथा पशुपालनमा ९५५८ जना, व्यापारमा ६८५ जना, जागिरमा ७० जना, ज्याला मजदुरीमा १२६६ जना र उद्योगमा २८ जना सहभागी भएको देखिन्छ। प्रतिशतको आधारमा हेर्दा सबै भन्दा बढी यहाँको जनसंख्या कृषिमा निर्भर देखिन्छ। कृषिमा ७७.०४ प्रतिशत, व्यापारमा ५.५१ प्रतिशत, जागरिमा ७.०१ प्रतिशत, ज्याला मजदुरीमा १०.२० प्रतिशत र उद्योगमा ०.२२ प्रतिशत जनसंख्या निर्भर रहेको छ।

## ६.२ युवा रोजगारीको अवस्थासम्बन्धी विवरण

यस पालिकामा १६ देखि २४ वर्ष उमेर समूहका युवाहरु ११२४ जना कृषि (खेती तथा पशुपालन), ८७ जना व्यापार, १७६ जना जागिर सेवा, २०६ जना ज्यालामजदुरी र उद्योगमा ९ जना सहभागी भएको देखिन्छ ।

| रोजगारीका क्षेत्रहरु | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| कृषि (खेती तथा पशुपालन) | ७८ | ३०२ | ३५ | ३३ | १४२ | २२३ | ९४ | २१७ | ११२४ |
| ब्यापार | ५ | ३९ | ६ | २ | ९ | १७ | १ | ८ | ८७ |
| जागिर सेवा | ६ | ७६ | ३५ | ६ | ८ | २१ | ६ | १८ | १७६ |
| ज्याला मजदुरी | १० | ११८ | ० | ५ | २ | २२ | ९ | ४० | २०६ |
| उधोग | ० | १ | २ | १ | २ | ० | १ | २ | ९ |
| **जम्मा** | ९९ | ५३६ | ७८ | ४७ | १६३ | २८३ | १११ | २८५ | १६०२ |

तालिका २० : युवा रोजगारीको अवस्थासम्बन्धी विवरण

## ६.३ रोजगारीका लागि विदेशमा गएकाहरुको विवरण

स्थानीय स्तरमै रोजगारीका सम्भावनाहरु नभएको भनेर भारत लगायत तेस्रो मुलुकमा कमाउन जाने गरिन्छ । यहाँका अधिकाँस मानिसहरु भारत कमाउन जाने गर्दछन् । यसरी कमाउन जानेहरु मौसमी प्रकृतिका हुन्छन् । हिउदको समयमा सबै खेती बाली स्याहारी सकेपछि ६ महिना भारत कमाउन गएर पुन : वर्षेयाममा खेती लगाउँन घर फर्किने गर्छन् ।

अहिले कमाउनकै लागी भनेर तेस्रो मुलुक जानेहरुको संख्यामा पनि बृद्धि भएको छ । साउदी, कतार, मलेसिया र जापान लगायतका खाडी मुलुकहरुमा कमाउन विदेशिने गर्दछन् । निश्चित अवधि पछि फर्केर पुनःघरव्यवहार चलाउने यहाँको परम्परा बसेको छ । सिँचाई सुविधा र सडक सञ्जालले छोएको गाउपालिकामा कृषिलाई आधुनिकिकरण गर्न सकेको अवस्थामा रोजगारीका लागि विदेशिने जनशक्तिलाई गाउँवस्तिमै रोकेर आफ्नै ठाउको विकास गर्न सकिन्छ ।

| विदेश गएको मुलक/वडा नं. | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| भारत | ३० | ३७८ | १९९ | ७४ | १२८ | २३१ | ११७ | २३१ | १४३१ |
| अन्य मुलुक | १ | ५ | १० | १५ | ३ | १ | ८ | १७ | १७ |
| जम्मा | ३१ | ३८३ | २०९ | ८९ | १३१ | २३२ | १२५ | २४८ | १४४८ |

तालिका २१ : रोजगारीका लागि विदेशमा गएकाहरुको विवरण

यसपालिकामा गत वर्ष जम्मा १४८८ जना भारत लगायत तेस्रो मुलकमा कमाउन गएका थिए । जस मध्ये वडा नं १ मा ३१ जना, वडा नं २ मा ३८३ जना, वडा नं ३ मा २०९ जना, वडा नं ४ मा ८९ जना, वडा नं ५ मा १३१ जना, वडा नं ६ मा २३२ जना, वडा नं ७ मा १२५ जना र वडा नं ८ मा २४८ जना रहेका छन् ।

## ६.४ दैनिक कार्य घण्टा विवरण र (महिला, पुरुष)

हाम्रो समाज वा परिवारमा पुरुषले भन्दा महिलाले दैनिक १२ घण्टाका दरले साप्ताहिक रुपमा ८४ घण्टा सम्म काम गर्ने गरेको सर्वेक्षणहरुले देखाएको भेटिन्छ । विहान ६ बजे उठिसकेपछि खाना पकाउने, बालबालिकाको हेरचाह, घरपालुवा जनवारको स्याहार गर्नका साथै दिउसो र बेलुकिको खाना सम्म महिलाकै जिम्मेवारी हुन्छ । बालबालिकाको हेरचाहमा पनि बाबु भन्दा आमानै बढि खटिरहेका हुन्छन् । अधिकाँस पुरुषहरु उठ्ना वित्तिकै चिया पसल वा घरनजिकैको चौतारा तिर जाने चलन पाइन्छ । समाजमा हुने रितिरीवाजहरुमा पनि पुरुष नै सहभागी हुन्छन् । रोजगारी गर्ने पुरुषहरु खाना खाएर रोजगारीमा जाने र महिला घरकै काममा व्यस्त हुने गर्दछन् ।

महिलाहरुको कार्यबोझ बढि हुनको कारण रोजगारी नहुनाले गर्दा पनि हो । संस्थान वा सरकारी निकायमा काम गर्ने महिलाहरुमा कार्यबोझ कम हुन्छ भने घरायसी तथा ग्रामिण क्षेत्रका महिलाहरुमा कार्यबोझ बढि हुन्छ । यती धेरै कार्यबोझ हुदाँ हुदै पनि महिलाहरुनै आर्थिक रुपमा कमजोर हुन्छन् किन भने उनीहरुसँग आर्थिक कारोवार कुनै हुदैन् । काम महिला गर्छन् र त्यस्को उत्पादनबाट हुने प्रतिफलको हकदार पुरुष हुन्छ । महिलाहरुलाई उत्पादनमुलक कार्यमा लगाउँन सकेको अवस्थामा उनीहरुको कार्यबोझमा कमि आउनुका साथै आर्थिक तथा सामाजिक रुपमा सशक्त हुने सम्भावना रहेको छ ।

## ६.५ प्रकोप तथा शान्ति सुरक्षा

मौसमजन्य, भौगर्भिक, जैविक तथा जलवायु परिवर्तनको जोखिमको दृष्टिकोणबाट निकै संकटासन्न अवस्थामा रहेको नेपालमा पछिल्ला वर्षहरु प्राकृतिक प्रकोपका दृष्टिले निकै भयावह सावित भएको छ । हजारौंको ज्यान लिने भूकम्प, गाउँ नै पुर्ने पहिरो, बाढी, डढेलो, खडेरीजस्ता प्राकृतिक विपत्तिहरुले एकपछि अर्को गर्दै पिरोलीरहेका छन्। जसका कारण ठूलो धन-जन तथा पर्यावरणीय र भौतिक क्षतिको सामाना गरिरहनुपरेको छ ।

त्ससै गरी वर्तमान सन्दर्भमा कोभिड १९ को महामारीले गर्दा विभिन्न समस्याहरु उत्पन्न भएको अवस्था छ । गुराँस गाउँपालिकामा जम्मा ...........क्वाराइनटाइनमा ........................जना बसेका थिए । जसले गर्दा महिला, बालबालिका, अपागंता भएका व्यक्तिहरु, सुत्केरी ज्येष्ठ नागरिकहरु सवै भन्दा वढी प्रभावित भएको अवस्था छ ।

जलवायु परिवर्तनका हिसाबले चौथो, भूकम्पीय हिसाबले विश्वको ११ औं तथा बाढीपहिरोलगायत प्रकोपका हिसाबले ३० औं जोखिमपूर्ण स्थानमा नेपाल रहेको छ । त्यसैगरी प्राकृतिक प्रकोपका कारण वर्षेनी मानिसहरुले विभिन्न किसिमका मानवीय क्षति, भौतिक क्षति व्यहोर्दै आएका छन् भने प्रकोपले गर्दा जीवनभरि जोडेको सम्पत्ति एकैछिन सखाप हुन्छ र घरवारविहिन बनाईदिन्छ ।

प्राकृतिक प्रकोपका दृष्टिकोणले दैलेख जिल्लाको गुराँस गाउपालिकालाई पनि उच्च जोखिमयुक्त स्थानका रुपमा लिइएको छ । अव्यवस्थित बसोवास, ढाडो भिरालो बस्ति तथा विद्यालय, भासिने जमिन, बाढिपहिरोले गर्दा जमिनको कटान, बनजंगलको फडानी र सडक सञ्जाले गर्दा गुराँस गाउपालिकालाई जोखिमयुक्त स्थानका रुपमा लिन सकिन्छ ।

प्राकृति प्रकोपहरु स्वचालित घटनाक्रम भएकाले यसलाई रोक्न नसकिने भए पनि यसबाट हुने क्षति घटाउन सकिन्छ । त्यस्तै मानवजन्य प्रकोपहरुको नियन्त्रण मानिस कै हातमा हुन्छ । विकास प्रक्रियामा विपद व्यवस्थापनको विषयलाई आबद्ध गर्ने, विपद् व्यवस्थापनको विषयलाई गरिबी निवारण र सामुदायीक सशक्तिकरणसँग जोड्ने, वातावरण संरक्षण तथा स्रोतको दिगो उपयोगजस्ता विषयमा जनचेतना वृद्धि गर्ने र राहत तथा उद्धारमुखीभन्दा पनि प्रकोप सुरक्षा र पूर्वतयारीका विषयमा राज्यका निकायहरु केन्द्रि हुने हो भने विपदबाट हुने क्षति घटाउन सकिन्छ । गत आर्थिक वर्षमा यस पालिकामा २३ घरपरिवार असिना पानीबाट पिडित भएको घरधुरी सर्वेक्षण २०७६ ले देखाएको छ ।

## ६.६ प्रकोपको स्तरीकरण

गुराँस गाउपालिकाका वडाहरुका समुदायमा भूकम्प, पहिरो, आगलागि, महामारी, हावाहुरी, खडेरी तथा चट्याङ्ग जस्ता प्रकोपहरु रहेका छन् । समुदायस्तरको स्तरीकण हेर्दा सबै भन्दा बढी हुरीबतासको समस्या देखिन्छ ।समुदायको तल्लो भागमा खोला भएको कारण बाढी, पहिलो , जंगलले गर्दा आगलागी, जंगली जनावारको आतंक, महामारी तथा भूकम्प रहेका छन् । प्रकोपको स्तरीकरण तलको तालिकामा दिइएको छ ।

| प्रकोपहरु | बाढी | पहिरो | आगलागी | हुरीबतास | जंगली जनाजर आतंक | महामारी | भुकम्प |
|---|---|---|---|---|---|---|---|
| बाढी | | बाढी | बाढी | हुरीवतास | बाढी | बाढी | बाढी |
| पहिरो | | | पहिरो | हुरीवतास | पहिरो | पहिरो | पहिरो |
| आगलागी | | | | हुरीबतास | आगलागी | आगलागी | आगलागी |
| हुरीबतास | | | | | हुरीबतास | हुरीबतास | हुरीबतास |
| जं.ज.आतंक | | | | | | जं.ज.आतंक | जं.ज.आतंक |
| महामारी | | | | | | | महामारी |
| भुकम्प | | | | | | | |
| जम्मा अंक | ६ | ५ | ४ | ७ | ३ | २ | १ |
| स्तर : | २ | ३ | ४ | १ | ५ | ६ | ७ |

तालिका २२ : प्रकोपको स्तरीकरण

## ६.७ प्रकोपबाट भएको क्षतिको विवरण

| वडा नं | हावा हुरी र असिना पानी | बाढी पहिरो |
|---|---|---|
| १ | • खड्कबाडा, माथिल्लो सेप्टि, सिमेसाल र बेडुगाउमा २०७५, २०७६ र २०७७ को हावा हुरीले खेतिवाली र सुन्तला सबै असिनाले नोक्सान गरेको<br>• २०७० र २०७४ सालको हुरी बतासले शारदा आविको छाना उडाएको | • माल्कुना, नाईटेडा, पातलखोला, खड् कवाडाको सिमाठेगमा र वराहस्थान प्रावि सिमेसाल मा गोरेटोबाो, बन क्षेत्र र खेतहरु विनास गरेको<br>• २०६८ सालको बाढी पहिरोबाट मैनखोलाको तलको दोभानमा निर्माण गरिएको पुल राम्रो नभएकाले एक जना महिला बगेर मृत्यु भएको |
| २ | • २०७३ र २०६६ सालको हावाहुरीले महादेव मावी तल्लोडगेश्वर र भगवती प्रावि सेरीवाडाको विद्यालयको छाना उडाएको | • २०७२ सालमा लम्चुडीको माथीको भागमा पहिरो गई शौचालय पुरेको<br>• २०६६ सालको बाढीपहिरोले पुरैनीका १७ घरधुरी वगाएर वस्तीनै उठाउनु परेको<br>• २०७७ सालमा दुर्गादेवी पुरैनीको विद्यालय माथी बाढीपहिरो गएर खेलमैदान वगाएको |

| | | |
|---|---|---|
| ३ | हावा हुरीले सामान्य क्षति भए पनि यस वडामा त्यती ठुलो क्षति भएको देखिदैन | यस वडामा बाढी पहिरोबाट क्षति हुने अवस्था छैन । |
| ४ | • २०७१ सालको हावाहुरीले रिठामा स्थानीय व्यक्तिको घरका छाना उडाएको | • २०७१ सालको पहिरोले रतिखोलामा खानेपानीको ट्याँकी बगाएको |
| ५ | २०७३ र २०७५ को हावाहुरीले स्याला भैरी गोगनपानीको बालिनाली नष्ट गरी खाद्यान्न अभाव र दुर्गादेवी प्राविको खेल मैदान भत्किएको थियो भने कृष्ण मावि सानाकाडाको बालविकास भवनको छाना उडाएको थियो । | २०७१ को बाढी तथा पहिरोबाट गोगनपानी भैरीको लामतडा जुगेनी खोलाले खेत बगाएको देखिन्छ । |
| ६ | • २०७२, २०७४ र २०७५ को हावाहुरीले नेरा आवि धनटाकुरी, नवदुर्गा महिला बचत तथा ऋण सहकारी संस्था, नेरामावि गुराँस र नवदुर्गा आविको विद्यालयको पता उडाएको | • २०७१ सालको बाढी पहिरो बाट जनसहयोग आधारभूत विदालय पिलाडीको विद्यालयको भवन र खेलकुद मैदान पहिरो गएर बगाएको त्यसै गरी ठुलो वर्षाले गर्दा ठुलो खोलाको खेत बगाएर धानमा क्षति पुगेको |
| ७ | • ०७५ सालको हावाहुरीले चण्डेश्वरी प्रावि, सरस्वती प्रावि र पार्वती प्राविको छाना उडाएको | • २०७१ सालको बाढीपहिरोबाट झुजखोलाले रोपेको धान र लालिकाडामा धानमकै लगाएको पाखो जग्गा समेत पगाएको |
| ८ | • यस वडामा हावाहुरीले ठुलो धनजनको क्षति गरेको देखिदैन । | • २०७५ र २०७७ सालको बाढीपहिरोबाट आइतेकाफल, माल्तेचौर, खोरिया देखि कालु खोलासम्मको टोल, गुराँस गौरव मार्ग, शिव प्रावि ठाटी लगायत गर्चा टोलमा क्षति गरेको थियो । |

तालिका २३ : प्रकोपबाट भएको क्षतिको विवरण

## २. सन्दर्भ सामग्रीहरु


१. दीगो विकास लक्ष्य
२. नेपालको संविधान
३. नेपालमा बालबालिकाको स्थिति प्रतिवेदन २०७३ केन्द्रीय बाल कल्याण समिति
४. स्थानीय सरकार सञ्चालन ऐन २०७४
५. बालबालिका सम्बन्धी ऐन २०७५
६. राष्ट्रिय जनगणनाको प्रतिवेदन २०६८ केन्द्रीय तथ्याङ्क विभाग, काठमाडौँ
७. बालमैत्री स्थानीय शासनः राष्ट्रिय रणनीति २०६८
८. बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि २०६८
९. बालमैत्री स्थानीय शासनः राष्ट्रिय रणनीति २०७४
१०. बालबालिका सम्बन्धी कानून तथा राष्ट्रिय/अन्तराष्ट्रिय स्तरका प्रमुख व्यवस्था
११. पन्ध्रौं पंचवर्षिय योजना
१२. कर्णाली प्रदेशको प्रथम आवधिक योजना
१३. विभिन्न संघ संस्थाको प्रतिवेदन, लेख, रचना र अध्ययन सामग्रीहरु
१४. विभिन्न पत्र पत्रिकामा प्रकाशित बालबालिका सम्बन्धी सूचना एवं समाचार।
१५. विभिन्न जिल्लाबाट प्रकाशन भएका बालबालिकाको स्थिति प्रतिवेदन
१६. विकास साझेदार संस्थाका प्रकाशनहरुहरु
१७. गुरांश गाउंपालिकाको वस्तुगत विवरण २०७५
१८. बाल संरक्षण सम्वन्धी आधारभूत अवधारण, एवं पद्धति एवं संरचनाहरु भाग-१, के.बा.क.स.
१९. http://pustakalaya.org/view.php?pid=Pustakalaya:178
२०. https://en.wikipedia.org/wiki/Children%27s_rights
२१. http://guransmun.gov.np/content/

## प्रकाशन सहयोग

Save the Children

सामाजिक सेवा केन्द्र
(सोसेक) नेपाल दैलेख